# वार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०८२/०८३




नेपाल सरकार

**शिक्षा तथा खेलकुद मन्त्रालय**

सिंहदरबार, काठमाडौं

# वार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०८२/०८३

नेपाल सरकार

## शिक्षा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौँ

# प्रकाशकीय

शिक्षा तथा खेलुकद मन्त्रालयबाट मुलुकको समग्र शिक्षा तथा खेलकुदसम्बन्धी नीति, योजना र मापदण्डहरूको निर्माणका साथै शैक्षिक सुधारका कार्यक्रमहरूको कार्यान्वयनमा समन्वय तथा सहजीकरण कार्य हुँदै आएको छ। मन्त्रालय र अन्तर्गतका तथा सम्बद्ध निकायहरूबाट भएका कार्यका बारेमा सरोकारवालाहरूलाई सुसूचित गर्नु मन्त्रालयको दायित्व हो। यसै कुरालाई मध्यनजर गर्दै मन्त्रालयसम्बद्ध र मातहतका निकायहरूबाट आर्थिक वर्ष २०८२/०८३ मा सम्पादन भएका कार्य समेटेर यो वार्षिक प्रतिवेदन प्रकाशन गरिएको छ।

आर्थिक वर्ष २०८२/०८३ मा शिक्षा तथा खेलकुद क्षेत्रको लागि कुल संशोधित विनियोजित बजेट रु. २ खर्ब २४ अर्ब ६० करोड ३० लाख ४० हजारमध्ये सङ्घीय तहका लागि ६७ अर्ब ३७ करोड ०४ लाख (चालुतर्फ ६१ अर्ब १४ करोड १० लाख ८० हजार र पुँजीगततर्फ ६ अर्ब २३ करोड १३ लाख २४ हजार) विनियोजन भएकामा सङ्घीय तहतर्फ चालुतर्फ ८८.३२ र पुँजीगततर्फ ५४.१२ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ। कुल शिक्षा बजेटमा सङ्घ, प्रदेश र स्थानीय तहको हिस्सा क्रमश: ३०.९३, २.१९ र ६६.८७ प्रतिशत रहेको छ।

यो प्रतिवेदनमा आर्थिक वर्ष २०८२/०८३ का निकायगत खर्च प्रतिशत, भौतिक प्रगति प्रतिशत, कार्य तथा उपलब्धिहरूका साथसाथै बजेट वक्तव्यका बुँदाका सम्बन्धमा भएका प्रगति र निर्धारित माइलस्टोनहरूको प्राप्तिको अवस्था पनि समावेश गरिएको छ। यी कुराहरू जानकारी राख्न चाहने सरोकारवालाहरूलाई यो प्रतिवेदन उपयोगी हुने छ। प्रतिवेदन तयारीमा योगदान गर्नुहुने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

मिति: २०८३ भाद्र

योजना तथा अनुगमन महाशाखा
शिक्षा तथा खेलुकद मन्त्रालय
सिंहदरबार, काठमाडौं

# विषय सूची


| | | |
|---|---|---|
| १.१ | परिचय | १ |
| १.२ | शिक्षा तथा खेलकुद मन्त्रालयको कार्यक्षेत्र | १ |
| १.३ | शिक्षा तथा खेलकुद मन्त्रालयसम्बद्ध र मातहतका निकायहरु | २ |
| १.४ | शिक्षा क्षेत्रको बजेट | ३ |
| १.५ | मन्त्रालय र सम्बद्ध तथा मातहतका निकायहरु बजेट उपशीर्षक अनुसारको बजेट तथा खर्च विवरण | ४ |
| १.६ | मन्त्रालय सम्बद्ध तथा मातहतका निकायहरुको भौतिक प्रगति प्रतिशत | ९ |
| १.७ | समग्र आयोजना तथा बजेट उपशीर्षकहरुको प्रगति स्थिति | १० |
| १.८ | विगत ३ वर्षको समग्र वित्तीय प्रगति प्रवृत्ति | ११ |
| १.९ | मन्त्रालय सम्बद्ध तथा मातहतका निकायहरुबाट सम्पादित कार्य तथा उपलब्धिहरु | २३ |
| | १.९.१ शिक्षा तथा खेलकुद मन्त्रालयद्धारा सम्पादन गरिएका कार्य | २३ |
| | १.९.२ शिक्षा विभाग | २५ |
| | १.९.३ विश्वविद्यालय अनुदान आयोग | ३१ |
| | १.९.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् | ३४ |
| | १.९.५ शिक्षक सेवा आयोग | ३६ |
| | १.९.६ चिकित्सा शिक्षा आयोग | ३८ |
| | १.९.७ राष्ट्रिय परीक्षा बोर्ड | ४० |
| | १.९.८ पाठ्यक्रम विकास केन्द्र | ४२ |
| | १.९.९ शैक्षिक गुणस्तर परीक्षण केन्द्र | ४५ |
| | १.९.१० राष्ट्रिय किताबखाना (शिक्षक) | ४७ |
| | १.९.११ केशर पुस्तकालय | ४८ |
| | १.९.१२ डिल्लीरमण कल्याणी रेग्मी पुस्तकालय | ४९ |
| | १.९.१३ नेपाल राष्ट्रिय पुस्तकालय | ५० |
| | १.९.१४ युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय | ५१ |
| | १.९.१५ केन्द्रीय आयोजना कार्यान्वयन एकाइ | ५२ |
| | १.९.१६ राष्ट्रिय खेलकुद परिषद् | ५३ |
| | १.९.१७ नेपाल स्काउट | ५५ |
| १.१० | माइलस्टोनको प्रगति | ५५ |
| १.११ | सूचकगत प्रगति | ५५ |
| १.१२ | बेरुजुसम्बन्धी विवरण | ५९ |
| १.१३ | गुनासो तथा उजुरी व्यवस्थापन | ५९ |
| १.१४ | राष्ट्रिय गौरवका आयोजना प्रगति | ६० |
| १.१५ | आयोजना तथा कार्यक्रमका समस्या तथा समाधानका लागि गरिएका प्रयास | ६१ |
| | १.१५.१ साझा समस्याहरु | ६१ |
| | १.१५.२ राष्ट्रिय गौरवका आयोजनाका समस्याहरु | ६१ |
| | १.१५.३ समस्या समाधानका लागि गरिएका कार्यहरु/प्रयासहरु | ६१ |

## १.१ परिचय

प्रजातन्त्र स्थापनापश्चात् सङ्घीय लोकतान्त्रिक व्यवस्थासम्म आइपुग्दा मुलुकको समग्र शिक्षा र विज्ञान तथा प्रविधिसम्बन्धी नीति निर्माण, शैक्षिक योजना तर्जुमा तथा शैक्षिक सुधारका कार्यक्रम कार्यान्वयनको समन्वय तथा सहजीकरण गर्ने कार्य शिक्षा तथा खेलुकद मन्त्रालयबाट हुँदै आएको छ। मन्त्रालय मातहतका र मन्त्रालयसम्बद्ध निकायहरूबाट मुख्यत: आआफ्नो क्षेत्रका नीति निर्माणका कार्य हुँदै आएका छन्।

उच्च शिक्षासम्बन्धी नीति निर्माण तथा कार्यक्रम सञ्चालनमा विश्वविद्यालय अनुदान आयोगबाट समन्वय र सहजीकरण हुँदै आएको छ भने विश्वविद्यालयहरूबाट आफ्ना शैक्षिक कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्।

चिकित्सा शिक्षाको क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्ने चिकित्सा शिक्षालाई नेपालको राष्ट्रिय आवश्यकता अनुरूप विकास गरी चिकित्सा शिक्षाको नियमनलाई एकीकृत तथा चुस्त बनाउन, चिकित्सा शिक्षासम्बन्धी शिक्षण संस्थाको स्थापना र सञ्चालनसम्बन्धी कार्यलाई व्यवस्थित गर्नका लागि चिकित्सा शिक्षा आयोग रहेको छ।

विद्यालय तहको शिक्षक छनोट, नियुक्ति र बढुवा सिफारिससम्बन्धी कार्य शिक्षक सेवा आयोगबाट हुँदै आएको छ। राष्ट्रिय परीक्षा बोर्डबाट माध्यमिक शिक्षा परीक्षा (SEE) र माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) को परीक्षा सञ्चालन व्यवस्थापन हुँदै आएको छ।

विद्यालय शिक्षासम्बन्धी आयोजनाहरूको कार्यान्वयन गर्ने जिम्मेवारीका साथ शिक्षा विभाग स्थापना भएको छ। उक्त केन्द्रबाट स्थानीय तह तथा प्रदेशबाट सञ्चालन हुने शैक्षिक कार्यक्रमहरूको समन्वय, सहजीकरण तथा प्रगति प्रतिवेदन तयारीसम्बन्धी कार्यक्रमहरू सम्पादन हुँदै आएका छन्। शिक्षक पेसागत विकासका लागि आवश्यक तालिम पाठ्यक्रम, तालिम प्याकेज विकास तथा श्रव्य तथा श्रव्यदृश्य सिकाइ सामग्रीको विकास पनि केन्द्रबाट हुँदै आएको छ।

विद्यालय शिक्षाको पाठ्यक्रम विकास तथा परिमार्जन र पाठ्यपुस्तक विकाससम्बन्धी कार्य पाठ्यक्रम विकास केन्द्रबाट हुँदै आएको छ।

मुलुकको लागि आवश्यक मध्यमस्तरीय प्राविधिक जनशक्ति विकासका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र प्रदेशमा अवस्थित कार्यालयहरूबाट प्राविधिक शिक्षा तथा तालिमसम्बन्धी कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्।

विद्यालय शिक्षाको उपलब्धि र कार्यसम्पादन परीक्षणका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र, शिक्षकहरूको अभिलेख व्यवस्थापनका लागि राष्ट्रिय किताबखाना (शिक्षक) रहेका छन्। पढाइ संस्कृतिको विकास तथा निरन्तर सिकाइको अवसर विस्तारका लागि राष्ट्रिय पुस्तकालय, केशर पुस्तकालय र डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय सञ्चालनमा रहेका छन्। त्यस्तै विद्यालय तहको पाठ्यपुस्तकहरू छपाइ र वितरणका लागि जनक शिक्षा सामग्री केन्द्र रहेको छ।

## १.२ शिक्षा तथा खेलुकद मन्त्रालयको कार्यक्षेत्र

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ को अनुसूची २ बमोजिमअनुसार शिक्षा तथा खेलकुद मन्त्रालयको कार्यक्षेत्र तपसिलबमोजिम रहेको छ :

१. शिक्षा तथा खेलकुदसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन
२. केन्द्रीय विश्वविद्यालयसम्बन्धी नीति, कानुन र मापदण्ड
३. विदेशी विश्वविद्यालयसँगको सम्बन्धन, समकक्षता निर्धारण, प्रत्यायन (एक्रिडिटेसन), समन्वय तथा नियमन
४. केन्द्रीय पुस्तकालयसम्बन्धी नीति, कानुन र व्यवस्थापन
५. मानव संसाधन आवश्यकता प्रक्षेपण, राष्ट्रिय शैक्षिक योजना एवम् मानवस्रोत विकास योजना
६. विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम प्रारूप, मूल विषयको पाठ्यक्रम, नमुना पाठ्यपुस्तक र नियमन
७. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको राष्ट्रिय नीति, पाठ्यक्रम प्रारूप, योग्यता निर्धारण, सिप परीक्षणको मापदण्ड
८. विद्यालय तहको शिक्षकको सेवा सर्त, योग्यता एवम् समकक्षताको नीति र मापदण्ड
९. शिक्षक तालिमसम्बन्धी नीति, मापदण्ड र स्तरीकरण, पाठ्यक्रम प्रारूप, योग्यता निर्धारण, सिप परीक्षणको मापदण्ड तथा तालिम केन्द्रसँगको समन्वय
१०. विद्यालय तहको परीक्षाको राष्ट्रिय मापदण्ड, माध्यमिक तहको परीक्षा व्यवस्थापन तथा समकक्षता निर्धारण
११. कूटनीतिक नियोगबाट सम्बन्धन लिई सञ्चालन हुने शैक्षिक संस्थाको स्वीकृति
१२. विदेशी शैक्षिक संस्थाबाट सम्बन्धन लिई सञ्चालन हुने शैक्षिक संस्थाको स्वीकृति, शैक्षिक परामर्श, प्रत्यायन तथा नियमन
१३. प्रदेश तथा स्थानीय तहको शैक्षिक विषयमा समन्वय
१४. विश्वविद्यालय अनुदान आयोग, केन्द्रीय विश्वविद्यालय, खुला विश्वविद्यालय र केन्द्रीय स्तरका शैक्षिक प्रतिष्ठान
१५. छात्रवृत्ति र विद्वत् वृत्तिसम्बन्धी नीति र मापदण्ड
१६. शैक्षिक अध्ययन, अनुसन्धानको स्वीकृतिसम्बन्धी नीति, कानुन र मापदण्ड
१७. राष्ट्रिय प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन
१८. शैक्षिक गुणस्तर मानक निर्धारण, मापन तथा नियमन
१९. राष्ट्रिय परीक्षा बोर्ड, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
२०. स्काउटसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन
२१. राष्ट्रिय खेलकुद परिषद्
२२. राष्ट्रिय स्तरका खेलकुद सङ्घसंस्थाको नियमन र समन्वय
२३. राष्ट्रिय, प्रादेशिक र अन्तर्राष्ट्रियस्तरमा खेलकुद विकास र प्रवर्धन
२४. राष्ट्रिय, प्रादेशिक र अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना र सहभागिता
२५. मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय
२६. मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन

## १.३ शिक्षा तथा खेलुकद मन्त्रालयसम्बद्ध र मातहतका निकायहरू

माथि १.२ मा उल्लिखित कार्यको सम्पादनका लागि मन्त्रालयसम्बद्ध र मातहत विभिन्न निकायहरू कार्यरत रहेका छन्। ती निकायहरूको सूची तल दिइएको छ।

१. श्री शिक्षा विभाग, सानोठिमी, भक्तपुर
२. श्री विश्वविद्यालय अनुदान आयोग, सानोठिमी, भक्तपुर
३. श्री शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुर
४. श्री चिकित्सा शिक्षा आयोग, सानोठिमी, भक्तपुर
५. श्री प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, सानोठिमी, भक्तपुर
६. श्री पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर
७. श्री राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुर
८. श्री शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर
९. श्री राष्ट्रिय किताबखाना (शिक्षक), ताहाचल, काठमाडौं
१०. श्री केशर पुस्तकालय, केशरमहल, काठमाडौं
११. श्री नेपाल राष्ट्रिय पुस्तकालय, सानोठिमी, भक्तपुर
१२. श्री डिल्लीरमण कल्याणी रेग्मी पुस्तकालय, लाजिम्पाट, काठमाडौं
१३. श्री युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोग, सिंहदरबार, काठमाडौं
१४. श्री राष्ट्रिय खेलकुद परिषद्, त्रिपुरेश्वर काठमाडौं
१५. श्री नेपाल स्काउट, लैनचौर काठमाडौं
१६. श्री जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सामोठिमी, भक्तपुर

* आ.व. २०८३।८४ मा भएको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणद्वारा **श्री राष्ट्रिय किताबखाना (शिक्षक)** भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनअन्तर्गत रहने व्यवस्था गरेको छ ।

## १.४ शिक्षा क्षेत्रको बजेट

आ.व. २०८२/८३ को वार्षिक संशोधित बजेट २ खर्ब २४ अर्ब ६० करोड ३० लाख ४० हजार रहेकामा उक्त बजेटको ६६.८७ प्रतिशत स्थानीय तह, २.१९ प्रतिशत प्रदेशमा वित्तीय हस्तान्तरण भएको थियो भने बजेटको ३०.९३ प्रतिशत सङ्घीय तहमा रहेको थियो।

| विवरण | वार्षिक संशोधित बजेट (रु दस लाखमा) | वार्षिक संशोधित बजेट (प्रतिशतमा) |
|---|---|---|
| स्थानीय तहमा वित्तीय हस्तान्तरण | १५०२०२.८४ | ६६.८७ |
| प्रदेश तहमा वित्तीय हस्तान्तरण | ४९२६.४० | २.१९ |
| सङ्घीय तहको बजेट | ६९४७३.८० | ३०.९३ |
| **जम्मा** | २२४६०३.०४ | १०० |

## १.५ मन्त्रालय र सम्बद्ध तथा मातहतका निकायहरूको बजेट उपशीर्षकअनुसारको बजेट तथा खर्च विवरण

यस खण्डमा प्रस्तुत गरिएको उपशीर्षकअनुसारको खर्च विवरणमा सङ्घीय तहका लागि विनियोजन गरिएको बजेटको मात्र प्रगति समावेश गरिएको छ। सोअनुसार शिक्षा तथा खेलुकद मन्त्रालयसम्बद्ध र मातहतका सङ्घीय निकायहरूको कुल खर्च ८१.५२ प्रतिशत रहेको छ।

| आर्थिक वर्ष २०८२/०८३ को बजेट र प्रगतिको अवस्था | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | बजेट कोड | बजेट उपशीर्षक | बजेट (रु.लाखमा) | | | खर्च (रु. लाखमा) | | | खर्च प्रतिशत | | जम्मा |
| | | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | |
| १ | ३५०००११ | शिक्षा तथा खेलकुद मन्त्रालय | ५७१६.७३ | २१८.३४ | ५९३५.०७ | ३९८५.५२ | ११७.३८ | ४१०२.९० | ६९.७२ | ५३.७६ | ६९.१३ |
| २ | ३५०००११ | केन्द्रीय आयोजना कार्यान्वयन एकाइ | ६४९ | ३८६४६ | ३९२९५ | ४७८ | २१२९१ | २१७६९ | ७३.६५ | ५५.०९ | ५५.४० |
| ३ | ३५०००१२ | केशर पुस्तकालय | १६२.७७ | १६.०१ | १७८.७८ | १४७.६ | १५.९९ | १६३.५९ | ९०.६८ | ९९.८८ | ९१.५० |
| ४ | ३५०००१२ | नेपाल राष्ट्रिय पुस्तकालय | १६८.५९ | ८.९९ | १७७.५८ | १५२.३६ | ८.९४ | १६१.३० | ९०.३७ | ९९.४४ | ९०.८३ |
| ५ | ३५०००१२ | डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय | ८२ | | ८२ | ६१.७४ | | ६१.७४ | ७५.२९ | | ७५.२९ |

| आर्थिक वर्ष २०८२/०८३ को बजेट र प्रगतिको अवस्था | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | बजेट कोड | बजेट उपशीर्षक | बजेट (रु.लाखमा) | | | खर्च (रु. लाखमा) | | | खर्च प्रतिशत | | जम्मा |
| | | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | |
| ६ | ३५०००१०२ | सबैका लागि शिक्षा शिशु विकास कार्यक्रमः शिक्षा विभाग | ७८ | | ७८ | २६.६८ | | २६.६८ | ३४.२१ | | ३४.२१ |
| ७ | ३५०००१०२ | सबैका लागि शिक्षा शिशु विकास कार्यक्रम-शैक्षिक गुणस्तर परीक्षण केन्द्र | १० | | १० | ८.९६ | | ८.९६ | ८९.६० | | ८९.६० |
| ८ | ३५०००१०२ | सबैका लागि शिक्षा शिशु विकास कार्यक्रम-पाठ्यक्रम विकास केन्द्र | १० | | १० | ८.८० | | ८.८० | ८८ | | ८८ |
| ९ | ३५०००१०९ | राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम | ५४६३.५० | | ५४६३.५० | ३२.६४ | | ३२.६४ | ०.६० | | ०.६० |

| आर्थिक वर्ष २०८२/०८३ को बजेट र प्रगतिको अवस्था | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | बजेट कोड | बजेट उपशीर्षक | बजेट (रु.लाखमा) | | | खर्च (रु. लाखमा) | | | खर्च प्रतिशत | | जम्मा |
| | | | चालु | पुंजीगत | जम्मा | चालु | पुंजीगत | जम्मा | चालु | पुंजीगत | |
| १० | ३५००१०११ | शिक्षा विभाग | १४९४.९७ | ७२ | १५६६.९७ | १०५७.८ | ७.६३ | १०६५.४३ | ७०.७६ | १०.६० | ६७.९९ |
| ११ | ३५००१०१३ | शिक्षा विकास तथा समन्वय एकाइ | ८१३८.६१ | २२१ | ८३५९.६१ | ६२२७.१३ | १९२.९९ | ६४२०.१२ | ७६.५१ | ८७.३३ | ७६.७९ |
| १२ | ३५००११०१ | विद्यालय शिक्षा क्षेत्र योजना- (केन्द्र स्तर) शिक्षा विभाग | ७७९६.११ | ७८.८० | ७८७४.९१ | १९३०.५२ | १६.५६ | १९४७.०८ | २४.७६ | २१.०२ | २४.७३ |
| १३ | ३५००११०१ | विद्यालय शिक्षा क्षेत्र योजना- (केन्द्र स्तर) शैक्षिक गुणस्तर परीक्षण केन्द्र | ५५० | १० | ५६० | ४०८.३५ | ९.९६ | ४१८.३१ | ७४.२५ | ९९.६८ | ७४.७० |
| १४ | ३५००११०१ | विद्यालय शिक्षा क्षेत्र योजना- (केन्द्र स्तर) पाठ्यक्रम विकास केन्द्र | ७८० | १९.२० | ७९९.२० | ४०४.९६ | १९.०३ | ४२३.९९ | ५१.९२ | ९९.११ | ५३.०५ |

| आर्थिक वर्ष २०८२/०८३ को बजेट र प्रगतिको अवस्था | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | बजेट कोड | बजेट उपशीर्षक | बजेट (रु.लाखमा) | | | खर्च (रु. लाखमा) | | | खर्च प्रतिशत | | जम्मा |
| | | | चालु | पुंजीगत | जम्मा | चालु | पुंजीगत | जम्मा | चालु | पुंजीगत | |
| १५ | ३५००२०११ | पाठ्यक्रम विकास केन्द्र | ६५५.१५ | १५ | ६७० | ५६२.२९ | १४.४८ | ५७६.७७ | ८५.८३ | ९६.५३ | ८६.०७ |
| १६ | ३५००३०११ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | ३०६.०० | ५ | ३११ | २६४.७२ | ४.५१ | २६९.२३ | ८६.५१ | ९०.१९ | ८६.५७ |
| १७ | ३५००४०११ | राष्ट्रिय किताबखाना (शिक्षक) | ३८७.०८ | ५१ | ४३८ | ३५५.०६ | ४०.६८ | ३९५.७४ | ९१.७३ | ७९.७६ | ९०.३४ |
| १८ | ३५०२१०११ | विश्वविद्यालय अनुदान आयोग | १५८३५५ | ३९५६० | १९७९१५ | १५७५०१ | ३३८४४ | १९१३४५ | ९९.४६ | ८५.५५ | ९६.६८ |
| १९ | ३५०२१०१२ | शिक्षक सेवा आयोग | १६३७.७७ | १९७ | १८३४.७७ | १०००.२५ | ४७.५३ | १०४७.७८ | ६१.०७ | २४.१३ | ५७.११ |
| २० | ३५०२१०१३ | युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय | १६० | | १६० | १२३.१८ | | १२३.१८ | ७६.९९ | | ७६.९९ |
| २१ | ३५०२१०१४ | चिकित्सा शिक्षा आयोग | ५८५८७.२८ | | ५८५८७.२८ | ३७१५०.३७ | | ३७१५०.३७ | ६३.४१ | | ६३.४१ |

| आर्थिक वर्ष २०८२/०८३ को बजेट र प्रगतिको अवस्था | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | बजेट कोड | बजेट उपशीर्षक | बजेट (रु.लाखमा) | | | खर्च (रु. लाखमा) | | | खर्च प्रतिशत | | जम्मा |
| | | | चालु | पुंजीगत | जम्मा | चालु | पुंजीगत | जम्मा | चालु | पुंजीगत | |
| २२ | ३५०२११०२ | उच्च शिक्षाको उत्कृष्टता प्रवर्धन कार्यक्रम | २२१४८ | १८० | २२३२८ | १४७५४ | ५३ | १४८०७ | ६६.६२ | २९.४४ | ६६.३२ |
| २३ | ३५०३१०११ | राष्ट्रिय परीक्षा बोर्ड | ३४८४.०४ | १५ | ३४९९.०४ | ३१६१.७८ | ९.१५ | ३१५६.७५ | ९०.७३ | ६१.०० | ९०.६० |
| २४ | ३५०४१०११ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | १७१०८ | | १७१०८ | १२११७.४३ | | १२११७.४३ | ७०.८३ | | ७०.८३ |
| २५ | ३५०३१०११ | राष्ट्रिय खेलकुद परिषद् | १७१०२ | ३२०१० | ४९११२ | ८३७९.९२ | ३४२.८५ | ८७२२.७७ | ४९ | १.०७ | १७.७६ |
| २६ | ३५००४०१२ | शिक्षक सेवा निवृत्त सुविधा | २७१९८९ | | २७१९८९ | २५९६६६.०३ | | २५९६६६.०३ | ९५.४७ | | ९५.४७ |
| २७ | ३५०००१११ | नेपाल स्काउट | ४०० | | ४०० | ३६७.९३ | | ३६७.९३ | ९१.९८ | | ९१.९८ |
| जम्मा | | | ६११४१०.८० | ६२३१३.२४ | ६७३७०४ | ५४२३८०.१ | ३३७२३.९२ | ५६६३५८ | ८८.३२ | ५४.१२ | ८५.१६ |

## १.६ मन्त्रालय सम्बद्ध तथा मातहतका निकायहरूको भौतिक प्रगति प्रतिशत

यस खण्डमा सङ्घीय कार्यक्रम/निकायको भौतिक प्रगति प्रतिशत प्रस्तुत गरिएको छ।

| सि. नं | ब.उ.शी.नं. | कार्यक्रम/निकायको नाम | भौतिक प्रगति (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | जम्मा |
| १ | ३५०००११ | शिक्षा तथा खेलकुद मन्त्रालय | ७५ | ६० | ७२ |
| २ | ३५०००११ | केन्द्रीय आयोजना कार्यान्वयन एकाइ | ८० | ६० | ६३ |
| ३ | ३५०००१२ | केशर पुस्तकालय | १०० | १०० | १०० |
| ४ | ३५०००१२ | नेपाल राष्ट्रिय पुस्तकालय | ९१ | १०० | |
| ५ | ३५०००१२ | डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय | ० | ० | ० |
| ६ | ३५०००१०२ | सबैका लागि शिक्षा शिशु विकास कार्यक्रमः शिक्षा विभाग | ७१.४३ | | ७१.४३ |
| ७ | ३५०००१०२ | सबैका लागि शिक्षा शिशु विकास कार्यक्रम-शैक्षिक गुणस्तर परीक्षण केन्द्र | १०० | | १०० |
| ८ | ३५०००१०२ | सबैका लागि शिक्षा शिशु विकास कार्यक्रम-पाठ्यक्रम विकास केन्द्र | ९७ | | ९७ |
| ९ | ३५०००१०९ | राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम | ३३.३३ | | ३३.३३ |
| १० | ३५००१०११ | शिक्षा विभाग | | | ७४.८३ |
| ११ | ३५००१०१३ | शिक्षा विकास तथा समन्वय एकाइ | ० | ० | ८७.३३ |
| १२ | ३५००११०१ | विद्यालय शिक्षा क्षेत्र योजना-(केन्द्र स्तर) शिक्षा विभाग | ० | ० | ८३.४७ |
| १३ | ३५००११०१ | विद्यालय शिक्षा क्षेत्र योजना-(केन्द्र स्तर) शैक्षिक गुणस्तर परीक्षण केन्द्र | ९०.०४ | ९५ | ९०.१३ |
| १४ | ३५००११०१ | विद्यालय शिक्षा क्षेत्र योजना-(केन्द्र स्तर) पाठ्यक्रम विकास केन्द्र | ९६ | १०० | ९७ |
| १५ | ३५००२०११ | पाठ्यक्रम विकास केन्द्र | ९९ | १०० | १०० |
| १६ | ३५००३०११ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | ९५.१३ | ९१ | ९५.०६ |
| १७ | ३५००४०११ | राष्ट्रिय किताबखाना (शिक्षक) | ९१.७३ | 0 | ९१.७३ |
| १८ | ३५०२१०११ | विश्वविद्यालय अनुदान आयोग | ९९ | ८५ | ९७ |
| १९ | ३५०२१०१२ | शिक्षक सेवा आयोग | ९० | ३० | ६० |
| २० | ३५०२१०१३ | युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय | ८८ | | ८८ |
| २१ | ३५०२१०१४ | चिकित्सा शिक्षा आयोग | ८७.२५ | ० | ८७.२५ |
| २२ | ३५०२११०२ | उच्च शिक्षाको उत्कृष्टता प्रवर्धन कार्यक्रम | ८५ | ३० | ६० |
| २३ | ३५०३१०११ | राष्ट्रिय परीक्षा बोर्ड | १०० | ७२ | ९०.७५ |

| सि.नं | ब.उ.शी.नं. | कार्यक्रम/निकायको नाम | भौतिक प्रगति (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|
| | | | चालु | पुँजीगत | जम्मा |
| २४ | ३५०४१०११ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | ६८.०२ | ० | ६८.०२ |
| २५ | ३५०३१०११ | राष्ट्रिय खेलकुद परिषद् | ६५ | २ | ६७ |
| २६ | ३५००४०१२ | शिक्षक सेवा निवृत्त सुविधा | ९५.४७ | ० | ९५.४७ |
| २७ | ३५०००१११ | नेपाल स्काउट | ९४.५५ | | ९४.५५ |

## १.७ समग्र आयोजना तथा बजेट उपशीर्षकहरूको प्रगति स्थिति

यस अवधिमा प्राथमिकतामा परेका आयोजना तथा ब.उ.शी.न.मध्ये ८० प्रतिशत भन्दा बढी प्रगति भएका ११ ओटा, ५० देखि ८० प्रतिशतसम्म प्रगति भएका १२ ओटा र ५० प्रतिशत भन्दा कम प्रगति भएका ४ ओटा रहेका छन् ।यससम्बन्धी विस्तृत विवरण तलको तालिकामा दिइएको छ।

| | ८० प्रतिशतभन्दा बढी प्रगति भएका आयोजना तथा बजेट उपशीर्षक | ५० प्रतिशतदेखि ८० प्रतिशतसम्म प्रगति भएका आयोजना तथा बजेट उपशीर्षक | ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजना तथा बजेट उपशीर्षक |
|---|---|---|---|
| P1 | १. विश्वविद्यालय अनुदान आयोग<br>२. शिक्षक सेवा निवृत्त सुविधा<br>३. नेपाल स्काउट<br>४. केशर पुस्तकालय<br>५. नेपाल राष्ट्रिय पुस्तकालय<br>६. राष्ट्रिय परीक्षा बोर्ड<br>७. राष्ट्रिय किताबखाना (शिक्षक)<br>८. सबैका लागि शिक्षा शिशु विकास कार्यक्रम-शैक्षिक गुणस्तर परीक्षण केन्द्र<br>९. सबैका लागि शिक्षा शिशु विकास कार्यक्रम-पाठ्यक्रम विकास केन्द्र<br>१०. पाठ्यक्रम विकास केन्द्र<br>११. शैक्षिक गुणस्तर परीक्षण केन्द्र | १. युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय<br>२. शिक्षा विकास तथा समन्वय एकाइ<br>३. डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय<br>४. विद्यालय शिक्षा क्षेत्र योजना-(केन्द्र स्तर) शैक्षिक गुणस्तर परीक्षण केन्द्र<br>५. शिक्षा तथा खेलकुद मन्त्रालय (P1)<br>६. शिक्षा विभाग (P1)<br>७. उच्च शिक्षाको उत्कृष्टता प्रवर्धन कार्यक्रम (P1)<br>८. चिकित्सा शिक्षा आयोग (P1)<br>९. शिक्षक सेवा आयोग<br>१०. केन्द्रीय आयोजना कार्यान्वयन एकाइ<br>११. विद्यालय शिक्षा क्षेत्र योजना-(केन्द्र स्तर) पाठ्यक्रम विकास केन्द्र<br>१२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | १. सबैका लागि शिक्षा शिशु विकास कार्यक्रमः शिक्षा विभाग<br>२. विद्यालय शिक्षा क्षेत्र योजना-(केन्द्र स्तर) शिक्षा विभाग (P1)<br>३. राष्ट्रिय खेलकुद परिषद् (P1)<br>४. राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम (P1) |

## १.८ विगत ३ वर्षको समग्र वित्तीय प्रगति प्रवृत्ति (रु. दस लाखमा)

| आ.व. | सुरु विनियोजन | अन्तिम विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| २०८०/८१ | ५६८२४.०० | ६१९३२.३० | ५२५३३.१६ | ८४.८२ |
| २०८१/८२ | ५७७०२.०९ | ६४७८२.६० | ५३४३५.५४ | ८२.४८ |
| २०८२/८३ | ६०५६१.७ | ६९४७३.८ | ५६९२३.३ | ८१.९३ |
| जम्मा | | | | ८३.०७ |

**न्यून प्रगति रहेका सङ्घीय निकाय/कार्यक्रमको विगत ३ वर्षको वित्तीय प्रगति अवस्था**

| क्र.सं. | निकाय | प्रगति प्रतिशत | | |
|---|---|---|---|---|
| | | २०८२/८३ | २०८१/८२ | २०८०/८१ |
| १ | विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्र स्तर) | ३०.२१ | ३४.९५ | २७.६५ |
| २ | उच्च शिक्षाको उत्कृष्टता प्रवर्धन कार्यक्रम | ६६.३२ | ३८.४५ | ३९.३९ |
| ३ | सबैको लागि शिशु विकास कार्यक्रम केन्द्रस्तर | ४५.३४ | ५१.०५ | ४२.५७ |

**१) आ.व. २०८२/८३ मा कार्यान्वयन भएका मुख्य कार्य र प्राप्त उपलब्धिहरू**

**सार सङ्क्षेप**

आर्थिक वर्ष २०८२/८३ मा नेपालको कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको योगदान **९.२२ प्रतिशत** रहने अनुमान गरिएको छ। गत आर्थिक वर्ष २०८१/८२ मा यस्तो योगदान **८.८६ प्रतिशत** रहेको थियो। त्यसैगरी गत आर्थिक वर्षमा **२.३६ प्रतिशतले विस्तार भएको शिक्षा क्षेत्रको कुल मूल्य अभिवृद्धि** चालु आर्थिक वर्षमा **१.५० प्रतिशतले मात्र विस्तार हुने** अनुमान गरिएको छ। शिक्षा क्षेत्रको वृद्धिदरमा केही सुस्तता आए पनि कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान भने बढ्ने अनुमान गरिएको छ।

विद्यालय तहमा विद्यार्थीको पहुँचमा सुधार हुँदै गएको छ। आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार शैक्षिक सत्र २०८२ मा **आधारभूत तहको खुद भर्नादर ९७.७ प्रतिशत** र **माध्यमिक तहको खुद भर्नादर ५१.२ प्रतिशत** पुगेको छ।

खुद भर्नादरमा लैङ्गिक समताको अवस्था पनि समग्रमा सन्तोषजनक देखिएको छ। आर्थिक सर्वेक्षण २०८२/८३अनुसार **आधारभूत तहमा लैङ्गिक समता सूचकाङ्क १.०२** र **माध्यमिक तहमा ०.९०** रहेको छ। आधारभूत तहमा सूचकाङ्क १ भन्दामाथि हुनु छात्राको भर्ना सहभागिता छात्रको भन्दा केही बढी रहेको सङ्केत हो भने माध्यमिक तहमा अझै लैङ्गिक अन्तर रहेको देखिन्छ।

विद्यार्थीको विद्यालयमा टिकाउका दृष्टिले पनि आधारभूत तहमा अवस्था तुलनात्मक रूपमा सुधारोन्मुख रहेको छ। उपलब्ध पछिल्लो सरकारी क्षेत्रगत सूचकअनुसार **कक्षा ८ सम्मको टिकाउ दर ८६.५ प्रतिशत, कक्षा १०**

**सम्मको टिकाउ दर ६६.९ प्रतिशत र कक्षा १२ सम्मको टिकाउ दर ३९.३ प्रतिशत** रहेको छ। यसबाट आधारभूत तहसम्म विद्यार्थीलाई विद्यालयमा टिकाइराख्ने अवस्था सुधार भए पनि माध्यमिक तहमा पुग्दा ठुलो सङ्ख्यामा विद्यार्थी शिक्षा प्रणालीबाट बाहिरिने चुनौती अझै कायम रहेको देखिन्छ।

शैक्षिक सत्र २०८२ मा देशभर **३५ हजार ९ सय ५१ विद्यालय** सञ्चालनमा रहेका छन्। तीमध्ये करिब **७१.२७ प्रतिशत सामुदायिक र २४.८७ प्रतिशत संस्थागत विद्यालय** रहेका छन्। कुल विद्यार्थीमध्ये **६२.२ प्रतिशत सामुदायिक विद्यालयमा** र **३७.८ प्रतिशत संस्थागत विद्यालयमा** अध्ययनरत छन्। सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको सङ्ख्या **१ लाख ८० हजार १०३** र विद्यार्थी सङ्ख्या **४३ लाख ८३ हजार ६५५** रहेको छ।

शिक्षा क्षेत्रमा सूचना प्रविधिको पहुँच विस्तार हुँदै गएको छ। मुलुकभर सञ्चालित सामुदायिक विद्यालयमध्ये **८५.४ प्रतिशत विद्यालयमा इन्टरनेट सुविधा** पुगेको छ भने **२९.६ प्रतिशत सामुदायिक विद्यालयमा सूचना प्रविधि (IT/ICT) ल्याब** विस्तार भएको छ। त्यसैगरी विद्यालयहरूमा वैकल्पिक स्रोतसमेतबाट **६९.६ प्रतिशतमा विद्युत् पहुँच** पुगेको छ। विद्यालय पूर्वाधारतर्फ २०७२ को भूकम्पपछिको पुनर्निर्माणअन्तर्गत **७ हजार ६ सय ७७ विद्यालयको निर्माण सम्पन्न** हुनुका साथै थप १४ ओटा निर्माणको क्रममा रहेका छन् ।यसैगरी पश्चिम नेपाल भूकम्पले क्षति पुर्याएका विद्यालयमध्ये नेपाल सरकार तथा विभिन्न विकास साझेदारहरूको सहयोगमा २१६ ओटा विद्यालयमा पुनर्निर्माण कार्य भइरहेको छ। दुई हजारभन्दा बढी विद्यार्थी भएका ३६ ओटा विद्यालयमा थप पूर्वाधार विकासअन्तर्गत १२ कोठे पक्की भवन निर्माण भइरहेका छन्।

शैक्षिक उपलब्धितर्फ पनि केही सुधार देखिएको छ। शैक्षिक सत्र २०८२ को माध्यमिक शिक्षा परीक्षा (SEE) मा सहभागीमध्ये **६६.० प्रतिशत विद्यार्थी ग्रेडेड** भएका छन्। कक्षा १२ को परीक्षामा ननग्रेडेड विद्यार्थीको अनुपात **३८.८३ प्रतिशत** रहेको छ, जुन अघिल्लो वर्षको ४७.८५ प्रतिशतभन्दा कम हो। त्यसैगरी **१५—२४ वर्ष उमेर समूहको युवा साक्षरता दर ९४.२ प्रतिशत** पुगेको छ।

उच्च शिक्षातर्फ विद्यार्थी सङ्ख्या **१०.९ प्रतिशतले वृद्धि भई ७ लाख ४५ हजार ७ सय ७०** पुगेको छ। उच्च शिक्षामा सबैभन्दा बढी विद्यार्थी व्यवस्थापन सङ्काय **५०.५ प्रतिशत** रहेका छन् भने कृषि सङ्काय **०.१५ प्रतिशत** मात्र विद्यार्थी अध्ययनरत छन्। आर्थिक वर्षभरिमा १ लाख १४ **हजार ९ सय २४ विद्यार्थीले वैदेशिक अध्ययन अनुमतिपत्र (NOC)** लिएका छन्।

आर्थिक वर्ष २०८२/८३ मा शिक्षा तथा खेलकुद मन्त्रालय र अन्तर्गतका निकायबाट विद्यालय शिक्षा सुधार, राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम, दिवा खाजा, छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, विद्यालय पुनर्निर्माण, ICT तथा डिजिटल शिक्षाको विस्तार, शिक्षक व्यवस्थापन तथा क्षमता विकास, प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार, उच्च शिक्षा सुधार र अनुसन्धान तथा नवप्रवर्तनसम्बन्धी कार्यक्रमहरू कार्यान्वयन भएका छन्। आधारभूत तहका करिब **२७ लाख विद्यार्थी दिवा खाजा कार्यक्रमबाट लाभान्वित** भएका छन्।

समग्रमा आर्थिक वर्ष २०८२/८३ मा नेपालको शिक्षा क्षेत्रमा **विद्यालय शिक्षामा पहुँच, भर्नादर, डिजिटल पूर्वाधार, युवा साक्षरता र शैक्षिक नतिजामा सकारात्मक प्रगति** देखिएको छ। तर माध्यमिक तहमा विद्यार्थी टिकाइ, माध्यमिक तहको खुद भर्नादर, शिक्षकको तहगत वितरण, प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थीको आकर्षण, उच्च शिक्षाको विषयगत असन्तुलन र वैदेशिक अध्ययनका लागि विद्यार्थीको ठुलो सङ्ख्यामा बाह्य प्रवाह जस्ता विषय अझै मुख्य चुनौतीका रूपमा रहेका छन्। त्यसैले आगामी दिनमा शिक्षा प्रणालीलाई **पहुँचबाट**

गुणस्तर, सिकाइ उपलब्धि, टिकाउ, सिप तथा रोजगारीसँगको सम्बन्ध र उत्पादनमुखी शिक्षातर्फ केन्द्रित गर्नुपर्ने देखिन्छ।

### १. प्रारम्भिक बालविकास तथा शिक्षा

शैक्षिक सत्र २०८२ मा नेपालभर कुल ४२ हजार ६ सय १९ प्रारम्भिक बालविकास तथा शिक्षा (ECED) केन्द्र सञ्चालनमा रहेका छन्। तीमध्ये ३४ हजार ३ सय ५६ सामुदायिक/सरकारबाट सञ्चालित, ८ हजार २ सय ६३ संस्थागत तथा ६ सय १ धार्मिक विद्यालयमा सञ्चालित केन्द्र रहेका छन्। कुल केन्द्रमध्ये करिब ८०.६१ प्रतिशत सार्वजनिक/सामुदायिक र १९.३९ प्रतिशत संस्थागत विद्यालयमा सञ्चालित रहेका छन् ।

प्रारम्भिक बालविकास केन्द्र तथा पूर्वप्राथमिक कक्षामा बालबालिकाको सहभागिता उल्लेख्य रहेको छ। शैक्षिक सत्र २०८२/८३ मा प्रारम्भिक बालविकास तथा शिक्षामा कुल १२ लाख २० हजार ५ सय ३८ बालबालिका भर्ना भएका छन्। त्यसमध्ये ५ लाख ४७ हजार ५ सय ८५ (४४.८ प्रतिशत) छात्रा र ६ लाख ७२ हजार ९ सय ५३ (५५.१ प्रतिशत) छात्र रहेका छन्।

बालविकास केन्द्रको अनुभव लिई कक्षा १ मा भर्ना हुने विद्यार्थीको अनुपातमा भने अघिल्लो वर्षको तुलनामा वृद्धि भएको छ। शैक्षिक सत्र २०८२/८३ मा कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थीमध्ये ७७.५ प्रतिशतले प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएका छन्। शैक्षिक सत्र २०८१/८२ मा यस्तो अनुपात ७६.९ प्रतिशत रहेको थियो। अर्थात् एक वर्षमा यो अनुपात करिब ०.६ प्रतिशतले बढेको छ।

यसरी पछिल्लो तथ्याङ्कले प्रारम्भिक बालविकास तथा शिक्षामा बालबालिकाको पहुँच विस्तार हुँदै गएको तथा बालविकासको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने विद्यार्थीको अनुपातमा पनि सुधार आएको देखाउँछ। यद्यपि प्रारम्भिक बालविकास तथा शिक्षामा छात्रको सहभागिता छात्राभन्दा बढी रहेको र लैङ्गिक समानताको पक्षमा थप सुधार आवश्यक रहेको देखिन्छ।

### २. विद्यालय विवरण

शैक्षिक सत्र २०८२ मा नेपालभर कुल ३५ हजार ९ सय ५१ विद्यालयले तथ्याङ्क उपलब्ध गराएका छन्। यीमध्ये २७ हजार १० ओटा (७५.१ प्रतिशत) सामुदायिक तथा धार्मिक प्रकृतिका विद्यालय र ८ हजार ९ सय ४१ ओटा (२४.९ प्रतिशत) संस्थागत विद्यालय रहेका छन्। धार्मिक विद्यालयहरू पनि सरकारी सहयोगमा सञ्चालन हुने भएकाले शिक्षा विभागको Flash I Report 2082 मा तिनलाई सामुदायिक विद्यालय समूहमा समेटिएको छ। कुल विद्यालयको सङ्ख्या अघिल्लो शैक्षिक सत्र २०८१/८२ को ३५ हजार ४ सय ४७ बाट ५०४ ले घटेको छ। यस अवधिमा सामुदायिक विद्यालयको सङ्ख्या २८८ ले घटेको भए पनि संस्थागत विद्यालयको सङ्ख्या ७९२ ले बढेको देखिन्छ। धार्मिक विद्यालयको सङ्ख्या १ हजार ३ सय ८७ (कुल विद्यालयको ३.९ प्रतिशत) रहेको छ; लुम्बिनी प्रदेशमा यसको सङ्ख्या सबैभन्दा बढी ५५५ रहेको छ।

विद्यार्थी सङ्ख्यामा आएको कमी, विशेषगरी ग्रामीण तथा दुर्गम क्षेत्रमा घट्दो विद्यार्थी सङ्ख्या, विद्यालयको सङ्ख्या घट्नुको प्रमुख पृष्ठभूमिमध्ये एक हो। बसाइँसराइ, सहरी क्षेत्रमा जनसङ्ख्या तथा शैक्षिक अवसरको बढ्दो केन्द्रीकरण र जन्मदरमा आएको कमीका कारण केही सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या न्यून हुँदै गएको देखिन्छ। यस अवस्थालाई सम्बोधन गर्न विद्यालयको पुनःनक्साङ्कन, विद्यार्थी शिक्षक अनुपात, भौगोलिक

दुरी तथा यातायात सुविधाका आधारमा विद्यालय समायोजन तथा गाभ्ने नीति अघि बढाइएको छ। यसैगरी शैक्षिक सत्र २०८२ को तथ्याङ्कले नेपालमा विद्यालयको कुल सङ्ख्या क्रमशः घटिरहेको तर संस्थागत विद्यालयको सङ्ख्या बढिरहेको देखाउँछ ।

## ३. शिक्षक विवरण र अनुपात

शैक्षिक सत्र २०८२ मा सबै प्रकारका विद्यालयमा आधारभूत तथा माध्यमिक तहमा कार्यरत शिक्षकको कुल सङ्ख्या २ लाख ७२ हजार ४ सय ५६ रहेको छ। तीमध्ये १ लाख २१ हजार ८ सय ९१ (४४.७३ प्रतिशत) महिला र १ लाख ५० हजार ५ सय ६५ (५५.२६ प्रतिशत) पुरुष शिक्षक रहेका छन्।

आधारभूत तह (कक्षा १-८) मा कुल १ लाख ९६ हजार २ सय ६० शिक्षक कार्यरत रहेकामा १ लाख ८ हजार १५ (५५.०३ प्रतिशत) महिला र ८८ हजार २ सय ४५ (४४.९६ प्रतिशत) पुरुष शिक्षक रहेका छन्। यस तहमा महिला शिक्षकको हिस्सा पुरुषको भन्दा निकै बढी रहेको देखिन्छ।

माध्यमिक तह (कक्षा ९-१२) मा कुल ६७ हजार ८७ शिक्षक कार्यरत रहेका छन्। तीमध्ये १३ हजार ८ सय ७६ (२०.६८ प्रतिशत) महिला र ५३ हजार २ सय ११ (७९.३१ प्रतिशत) पुरुष शिक्षक रहेका छन्। यस तहमा भने पुरुष शिक्षकको हिस्सा महिलाको तुलनामा निकै बढी रहेको छ।

यसरी शैक्षिक सत्र २०८२/८३ को तथ्याङ्कले समग्र विद्यालय शिक्षामा महिला शिक्षकको सहभागिता ४४.७३ प्रतिशत पुगेको देखाए पनि तहगत रूपमा ठुलो लैङ्गिक अन्तर कायम रहेको देखाउँछ। विशेषतः आधारभूत तहमा महिला शिक्षकको सहभागिता तुलनात्मक रूपमा उच्च भए पनि माध्यमिक तहमा महिला शिक्षकको हिस्सा कम रहेको छ। यसले माध्यमिक तहमा महिला शिक्षकको सहभागिता बढाउन थप पहल आवश्यक रहेको देखाउँछ।

## ४. सामुदायिक विद्यालयमा तहगत विद्यालय, विद्यार्थी र शिक्षक अनुपात

सामुदायिक विद्यालयमा विद्यार्थी विद्यालय अनुपात बढी रहेको छ। शैक्षिक सत्र २०८२ मा सामुदायिक विद्यालयमा विद्यार्थी विद्यालय अनुपात आधारभूत तह (कक्षा १-५) मा ७७, आधारभूत तह (कक्षा ६-८) मा १०१.९, माध्यमिक तह (कक्षा ९-१०) मा ९६.३ र माध्यमिक तह (कक्षा ११-१२) मा ७१.१ रहेको छ भने संस्थागत विद्यालयमा उक्त अनुपात क्रमशः १७०.६, ९५.३, ६५.५ र ८५.७ रहेको छ। सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपातमा तहगत विविधता रहेको छ । सामुदायिक विद्यालयको आधारभूत तह (कक्षा १-५) मा स्वीकृत दरबन्दीको हिसाब गर्दा १:२३ र सबै प्रकारका शिक्षकसँगको अनुपात हेर्दा १:१९ रहेको छ । आधारभूत तह (कक्षा ६-८) मा स्वीकृत दरबन्दीको हिसाब गर्दा १:४५ र सबै प्रकारका शिक्षकसँगको अनुपात हेर्दा १:३३ रहेको छ । त्यसैगरी माध्यमिक तह (कक्षा ९-१०) मा स्वीकृत दरबन्दीको हिसाब गर्दा १:२७ र सबै प्रकारका शिक्षकसँगको अनुपात हेर्दा १:१९ रहेको देखिन्छ । त्यसैगरी माध्यमिक तह (कक्षा ११-१२) मा स्वीकृत दरबन्दीको हिसाब गर्दा १:६० र सबै प्रकारका शिक्षकसँगको अनुपात हेर्दा १:५० रहेको देखिन्छ । माथिको तथ्याङ्कले माध्यमिक तह (११-१२) मा अध्यापन गर्ने शिक्षकको सङ्ख्यामा उल्लेख्य वृद्धि गर्नुपर्ने देखिएको छ ।

## ५. विद्यार्थी विवरण

शैक्षिक सत्र २०८२ मा सामुदायिक तथा संस्थागत विद्यालय (कक्षा १-१२) मा अध्ययनरत कुल विद्यार्थी सङ्ख्या ७० लाख ४० हजार ८ सय २५ रहेको छ। यसमध्ये आधारभूत तह (कक्षा १-८) मा ५३ लाख ७४ हजार २ सय ७२ र माध्यमिक तह (कक्षा ९-१२) मा १६ लाख ६६ हजार ५ सय ५३ विद्यार्थी अध्ययनरत छन्। कुल विद्यार्थीमध्ये छात्र ५२.३ प्रतिशत र छात्रा ४७.७ प्रतिशत रहेका छन्।

शैक्षिक सत्र २०८१ मा कक्षा १-१२ मा अध्ययनरत विद्यार्थी सङ्ख्या ७० लाख १० हजार ८ सय ८ रहेकामा २०८२/८३ मा उक्त सङ्ख्या बढेर ७० लाख ४० हजार ८ सय २५ पुगेको छ। यसरी अघिल्लो शैक्षिक सत्रको तुलनामा विद्यार्थी सङ्ख्या ३० हजार १७ ले अर्थात् करिब ०.४३ प्रतिशतले वृद्धि भएको देखिन्छ। यसले २०८१ मा देखिएको विद्यार्थी सङ्ख्या घट्ने प्रवृत्ति २०८२ मा निरन्तर नरहेको देखाउँछ।

सत्र २०८२ मा आधारभूत तह (कक्षा १—८) मा २५ लाख ४४ हजार ९ सय ७९ छात्रा र २८ लाख २९ हजार २ सय ९३ छात्र रहेका छन्। त्यस्तै माध्यमिक तह (कक्षा ९—१२) मा ८ लाख १५ हजार ९ सय १६ छात्रा र ८ लाख ५० हजार ६ सय ३७ छात्र रहेका छन्। समग्रमा छात्रको सङ्ख्या छात्राको भन्दा ३ लाख १९ हजार ३५ ले बढी रहेको छ। कक्षा ८ र १० सम्मको विद्यार्थी टिकाउ दर क्रमशः ७९.७ प्रतिशत र ७५.१ प्रतिशत रहेको छ।

## ६. माध्यमिक शिक्षा परीक्षा (कक्षा १०)

माध्यमिक शिक्षा परीक्षा (SEE) २०८२ मा कक्षा १० को वार्षिक परीक्षामा जम्मा सहभागी परीक्षार्थी ५,१२,४७१ रहेका थिए जसमध्ये नियमिततर्फ ४ लाख ३० हजार ६ सय ६७ परीक्षार्थी सहभागी भएका थिए । तीमध्ये २ लाख ८४ हजार १ सय ६० (६५.९८ प्रतिशत) विद्यार्थी ग्रेडेड भएका छन् भने १ लाख ४६ हजार ५ सय ७ (३४.०२ प्रतिशत) विद्यार्थी ननग्रेडेड (NG) भएका छन्। अघिल्लो वर्ष SEE २०८१ मा ६१.८१ प्रतिशत विद्यार्थी ग्रेडेड भएकामा यस वर्ष उक्त दर ४.१७ प्रतिशत बिन्दुले वृद्धि भएको छ।

SEE २०८२ मा ३.६ देखि ४.० GPA ल्याउने विद्यार्थी ४८ हजार ३ सय ९२, ३.२ देखि ३.६ GPA ल्याउने ८० हजार ३ सय ७२, २.८ देखि ३.२ GPA ल्याउने ९४ हजार २ सय २२, २.४ देखि २.८ GPA ल्याउने ५५ हजार ९ सय ७७, २.० देखि २.४ GPA ल्याउने ५ हजार १ सय ९० र १.६ देखि २.० GPA ल्याउने ७ जना रहेका छन्। त्यस्तै १ लाख ४६ हजार ५ सय ७ परीक्षार्थी नन ग्रेडेड भएका छन्।

यसरी हेर्दा SEE २०८२ मा अघिल्लो वर्षको तुलनामा समग्र नतिजामा सुधार भएको देखिन्छ। २०८१ मा ६१.८१ प्रतिशत विद्यार्थी ग्रेडेड भएकामा २०८२ मा ६५.९८ प्रतिशत पुगेको छ। अर्थात् ग्रेडेड हुने विद्यार्थीको अनुपातमा ४.१७ प्रतिशत बिन्दुको सुधार भएको छ। तथापि अझै पनि सहभागी परीक्षार्थीमध्ये करिब एकतिहाइ विद्यार्थी नन ग्रेडेड भएकाले सिकाइ उपलब्धि सुधार, विषयगत कमजोरी पहिचान तथा विद्यार्थीलाई थप सहयोग उपलब्ध गराउनुपर्ने आवश्यकता देखिन्छ। परीक्षा सुधारका लागि बेसलाइन उपलब्धिबारे २१४९ जना स्थानीय तहका शिक्षक तथा शिक्षा शाखाका कर्मचारीलाई तालिम प्रदान, Item Banking System (IBS) सम्बन्धी तालिम ५०८ दिइएको छ ।

### ७. माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२)

शैक्षिक सत्र २०८२ को माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) मा नियमित र आंशिक गरी कुल ४ लाख १८ हजार १ सय ७० परीक्षार्थी सहभागी भएका थिए। तीमध्ये २ लाख ६८ हजार १ सय ९० (६४.१३ प्रतिशत) परीक्षार्थीले सबै विषयमा ग्रेड प्राप्त गरेका छन् भने १ लाख ४० हजारभन्दा बढी परीक्षार्थी सबै विषयमा ग्रेड प्राप्त गर्न नसकी अवर्गीकृत (NG) समूहमा परेका छन्। नियमिततर्फ ३ लाख ३२ हजार २ सय ४१ परीक्षार्थी सहभागी भएकामा २ लाख ३१ हजार ७ सय ७० (६९.७५ प्रतिशत) परीक्षार्थीले सबै विषयमा ग्रेड प्राप्त गरेका छन्।

नियमित परीक्षार्थीको GPA वितरण हेर्दा ३.६१ देखि ४.०० GPA प्राप्त गर्ने विद्यार्थी १७ हजार ७ सय ८६ (५.३५ प्रतिशत) रहेका छन्। त्यस्तै ३.२१ देखि ३.६० GPA प्राप्त गर्ने ६४ हजार ८ सय २१ (१९.५१ प्रतिशत), २.८१ देखि ३.२० GPA प्राप्त गर्ने ९४ हजार २ सय ४९ (२८.३७ प्रतिशत), २.४१ देखि २.८० GPA प्राप्त गर्ने ५० हजार ५ सय ९७ (१५.२३ प्रतिशत), २.०१ देखि २.४० GPA प्राप्त गर्ने ४ हजार ३ सय ८ जना (१.३० प्रतिशत) र १.६१ देखि २.०० GPA प्राप्त गर्ने ९ जना रहेका छन्। नियमिततर्फ १ लाख ४ सय ७१ (३०.२४ प्रतिशत) परीक्षार्थी अवर्गीकृत (NG) भएका छन्। यसरी ३.६१ देखि ४.०० GPA प्राप्त गर्ने विद्यार्थीको हिस्सा अघिल्लो शैक्षिक सत्र २०८१ को करिब ३.४ प्रतिशतबाट बढेर ५.३५ प्रतिशत पुगेको देखिन्छ। त्यस्तै नियमित परीक्षार्थीको ग्रेड प्राप्त गर्ने दर पनि अघिल्लो वर्षको ६१.१७ प्रतिशतबाट बढेर ६९.७५ प्रतिशत पुगेको छ। यसले कक्षा १२ को परीक्षाको समग्र नतिजामा सुधार आएको देखाउँछ ।

### ८. उच्च शिक्षा

नेपालमा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या उल्लेख्य रूपमा वृद्धि भएको छ। आर्थिक वर्ष २०८०/८१ मा ६ लाख ७२ हजार ४ सय ८९ रहेको उच्च शिक्षा अध्ययनरत विद्यार्थी सङ्ख्या आर्थिक वर्ष २०८१/८२ मा ११.४३ प्रतिशतले वृद्धि भई ७ लाख ४९ हजार ३ सय ९२ पुगेको छ। आर्थिक वर्ष २०८२/८३ को आर्थिक सर्वेक्षणमा उपलब्ध पछिल्लो तथ्याङ्कअनुसार उच्च शिक्षामा अध्ययनरत विद्यार्थीमध्ये व्यवस्थापन सङ्काय ४७.१० प्रतिशत रहेका छन् भने कृषि सङ्काय सबैभन्दा कम ०.६८ प्रतिशत विद्यार्थी अध्ययनरत छन्। व्यवस्थापन, शिक्षाशास्त्र तथा मानविकी तथा समाजशास्त्र सङ्काय अध्ययन गर्ने विद्यार्थीको हिस्सा करिब ८० प्रतिशत रहेको छ।

उच्च शिक्षामा अध्ययनरत कुल विद्यार्थीमध्ये त्रिभुवन विश्वविद्यालयमा ७५.३ प्रतिशत विद्यार्थी अध्ययनरत छन्। यसमध्ये त्रिभुवन विश्वविद्यालयका आङ्गिक क्याम्पसमा ४७.९ प्रतिशत र सम्बन्धन प्राप्त क्याम्पसमा २७.४ प्रतिशत विद्यार्थी अध्ययनरत छन्। अन्य विश्वविद्यालय तथा शैक्षिक संस्थामा २४.१ प्रतिशत विद्यार्थी अध्ययनरत रहेको देखिन्छ। अघिल्लो तथ्याङ्कमा त्रिभुवन विश्वविद्यालयको हिस्सा ७४.३१ प्रतिशत रहेकामा पछिल्लो तथ्याङ्कमा यसको हिस्सा करिब १ प्रतिशत बिन्दुले बढेको छ।

नेपालमा १५ सङ्घीय र ६ प्रादेशिक गरी कुल २१ विश्वविद्यालय तथा सङ्घअन्तर्गत ६ र प्रदेशअन्तर्गत २ गरी ८ स्वास्थ्य विज्ञान प्रतिष्ठान रहेका छन्। तीमध्ये १४ सङ्घीय र ६ प्रादेशिक विश्वविद्यालय पूर्ण रूपमा सञ्चालनमा रहेका छन् भने १ केन्द्रीय विश्वविद्यालय अझै सञ्चालनमा आउन बाँकी रहेको छन्। यसै अवधिसम्म विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पसको सङ्ख्या ५६ पुगेको छ।

उच्च शिक्षाको गुणस्तर सुनिश्चितता तथा प्रत्यायनतर्फ पनि उल्लेख्य प्रगति भएको छ। विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्रमाणपत्र प्राप्त गर्ने उच्च शैक्षिक संस्थाको सङ्ख्या १३२ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या ११४ रहेको थियो। यसरी एक वर्षको अवधिमा (QAA) प्रमाणपत्र प्राप्त संस्थाको सङ्ख्या १५.७९% ले वृद्धि भएको देखिन्छ। आ.व २०८२/०८३ अन्त सम्म श्रम बजारमुखी कार्यक्रमका अन्तर्गत १११ ओटा कार्यक्रम स्वीकृत गरिएको विद्यार्थीमा श्रम बजारमूलक सिपको विस्तार भएको, २०११ फ्याकल्टीलाई तालिम सञ्चालन सम्पन्न गरिएको विश्वविद्यालयहरूको फ्याकल्टीहरूको क्षमता अभिवृद्धि, सहभागी ७२ ओटा उच्च शैक्षिक संस्थाहरूलाई अनुदान प्रदान गरिएको उच्च शैक्षिक संस्थाहरूको अन्तरिक कार्य क्षमतामा विकास, उद्यमशीलता विकास तथा कार्यान्वयनका लागि ५९ ओटा संस्था अनुदान प्रदान गरिएको विद्यार्थीले जागिर खोज्ने मनस्थितिबाट व्यवसायतर्फ उन्मुख भएको छ। ११ ओटा विश्वविद्यालयहरूमा योग्यतामा आधारित छनोट प्रणालीबाट उपकुलपति र रजिस्टार नियुक्त गरिएको छ । साथै विश्वविद्यालयहरूलाई दलगत राजनीतिबाट मुक्त गरी शैक्षिक क्रियाकलापको केन्द्र बनाउने कार्यको सुरुआत गरिएको छ ।

### ९. अपाङ्गता भएका बालबालिकाका लागि शिक्षा

अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच अभिवृद्धि गर्न नेपालमा ३९ ओटा विशेष विद्यालय, २२ ओटा एकीकृत विद्यालय र ३८० ओटा स्रोत कक्षा सञ्चालनमा रहेका छन्। आर्थिक वर्ष २०८२/८३ मा पनि अपाङ्गता भएका बालबालिकाका लागि स्रोत कक्षा, विशेष विद्यालय, एकीकृत विद्यालय, आवासीय छात्रवृत्ति, विशेष पाठ्यक्रम, सिकाइ सामग्री तथा शैक्षिक सहायताको व्यवस्था निरन्तर गरिएको छ। स्रोत कक्षा सञ्चालन भएका विद्यालयका लागि प्रति कक्षा वार्षिक रु. २ लाख ३५ हजार व्यवस्थापन अनुदानको व्यवस्था गरिएको छ। साथै प्रदेश तहबाट बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि प्रत्येक प्रदेशमा पूर्वाधारयुक्त आवासीय विद्यालय सञ्चालन गर्ने कार्यक्रमसमेत अघि बढाइएको छ। दृष्टिसम्बन्धी अपाङ्गता भएका बालबालिकाका लागि निःशुल्क ब्रेल लिपिका पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था निरन्तर रहेको छ।

### १०. राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि तथा भौतिक र शैक्षिक पूर्वाधार विकास गर्ने उद्देश्यले राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम आ.व. २०७६/७७ देखि कार्यान्वयनमा रहेको र सोअन्तर्गत हालसम्म १ हजार ५ सयभन्दा बढी विद्यालयमा ४ कोठे भवन, १ हजार १५ विद्यालयमा २ कोठे भवन, १० हजार २ सय ३६ कक्षाकोठा तथा ४ हजार ६ सय ८ विद्यालयमा सूचना प्रविधि (ICT) ल्याब स्थापना भएका सञ्चित उपलब्धि हुन्। स्थानीय तहमा वित्तीय हस्तान्तरणमार्फत कार्यान्वयन हुने यस कार्यक्रमअन्तर्गत विद्यालयको भौतिक पूर्वाधार विकास, कक्षाकोठा तथा शौचालय निर्माण, सूचना प्रविधि प्रयोगशाला स्थापना, सिकाइ वातावरण सुधारलगायतका कार्यक्रम सञ्चालन हुँदै आएका छन्।

राष्ट्रिय शैक्षिक सुधार कार्यक्रमका लागि सङ्घीय बजेटमा रु. २ अर्ब ७२ करोड ३६ लाख विनियोजन गरिएको थियो। स्वीकृत गुरुयोजनाको आधारमा १९४ ओटा स्थानीय तहका ३४४ ओटा विद्यालयमा राष्ट्रिय शैक्षिक सुधार कार्यक्रमअन्तर्गत विद्यालय भौतिक सुधार कार्यक्रम सञ्चालन भएको छ ।

## ११. भूकम्पपश्चात्को विद्यालय पुनर्निर्माण कार्यक्रम

वि.सं. २०७२ को गोरखा भूकम्प तथा त्यसपछिका परकम्पबाट अति प्रभावित १४ जिल्ला र प्रभावित १७ जिल्ला गरी सङ्घीय संरचनापछि नवलपरासीलाई पूर्व र पश्चिम विभाजनसमेत गर्दा ३२ जिल्लामा नेपाल सरकार र विभिन्न विकास साझेदारको सहयोगबाट ७ हजार ६ सय ७७ विद्यालय पुनर्निर्माण सम्पन्न भएका छन्। भारतीय सरकारको अनुदान सहयोगमा थप १४ ओटा विद्यालय पुनर्निर्माणको क्रममा छन्। भूकम्पपछि पुनर्निर्माण गरिएका विद्यालयमा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना, खानेपानी र शौचालयलगायतका सुविधासमेत समावेश गरिएको छ। यसैगरी वि.सं. २०८० मा जाजरकोट केन्द्रबिन्दु भएर गएको भूकम्प तथा बझाङलगायतका क्षेत्रमा गएको भूकम्पबाट क्षतिग्रस्त विद्यालयहरूको पुनर्निर्माणलाई समेत अघि बढाइएको छ। सरकारी अद्यावधिक विवरणअनुसार २०८० को भूकम्पबाट जाजरकोट, रुकुम पश्चिम, बझाङ र बाजुरामा गरी ८३९ विद्यालयका भवनमा क्षति पुगेको पहिचान भएको छ। ती विद्यालयको पुनर्निर्माणका लागि सङ्घीय सरकार तथा विकास साझेदार संस्थाहरूबाट स्रोत परिचालन भइरहेको छ।

वि.सं. २०८० को पश्चिम नेपाल भूकम्पअन्तर्गत जाजरकोट र रुकुम पश्चिममा एसियाली विकास बैङ्क (ADB) ऋण सहयोगमा २९ ओटा तथा जारकोटमा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (JICA) को ऋण सहयोगमा ११ ओटा विद्यालय पुनर्निर्माणअन्तर्गत ठुला पूर्वाधार विकास (बहुवर्षीय) को कार्य भइरहेका छन्। यसैगरी बझाङ जिल्लामा जिपिइ/ युनिसेफको अनुदान सहयोगमा ९ ओटा पक्की (बहुवर्षीय), जाजरकोट र रूकुम पश्चिममा ९० ओटा अर्धपक्की विद्यालय भवन पुनर्निर्माण भइरहेका छन्। यसका अतिरिक्त नेपाल सरकारको स्रोतमा सम्बन्धित विद्यालयका विद्यालय व्यवस्थापन समितिमार्फत ११९ ओटा विद्यालयमा दुई/चारकोठे विद्यालय भवन निर्माण कार्य भइरहेको छ ।विभिन्न जिल्लाका ६२ ओटा विद्यालयमा दुई/चार कोठे भवन निर्माण र ३१ ओटा विद्यालयमा मर्मतसम्भारको कार्य सम्पन्न भएका छन्

## १२. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रम

विद्यालयबाहिर रहेका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्ने उद्देश्यले आधारभूत तहका लागि वैकल्पिक शिक्षाको पाठ्यक्रम तथा सिकाइ सामग्री विकास गरी वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन हुँदै आएका छन्। शिक्षा विभागले साक्षरता तथा निरन्तर सिकाइका लागि आधारभूत साक्षरता शिक्षा सिकाइ सामग्रीसमेत २०८२ मा अद्यावधिक गरी उपलब्ध गराएको छ। साथै सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरता, निरन्तर शिक्षा तथा वैकल्पिक सिकाइका अवसर विस्तार गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

शैक्षिक/आर्थिक वर्ष २०८२/८३ सम्म ६८ ओटा जिल्ला साक्षर घोषणा भएका छन्। कालीकोटलाई वि.सं. २०८२ असोज ९ गते ६८ औं साक्षर जिल्ला घोषणा गरिएको हो। यससँगै साक्षर घोषणा हुन बाँकी जिल्लाको सङ्ख्या घटेर ९ ओटा भएको छ।

प्रदेशगत रूपमा कोशी, गण्डकी, बागमती, सुदूरपश्चिम र लुम्बिनी गरी ५ ओटा प्रदेश साक्षर प्रदेश घोषणा भएका छन्। सुदूरपश्चिम प्रदेशलाई वि.सं. २०८२ असार १२ गते साक्षर प्रदेश घोषणा गरिएको थियो भने लुम्बिनी प्रदेशलाई २०८२ पुस १३ गते साक्षर प्रदेश घोषणा गरिएको हो। लुम्बिनी प्रदेशको १५-६० वर्ष उमेर समूहको औसत साक्षरता दर ९६.१६ प्रतिशत पुगेपछि प्रदेशलाई साक्षर घोषणा गरिएको थियो।

यसरी २०८२/८३ सम्म आइपुग्दा साक्षरता अभियानमा प्रगति भए पनि मधेश प्रदेशका ८ जिल्ला तथा कर्णाली प्रदेशको डोल्पा जिल्ला साक्षर घोषणा हुन बाँकी रहेका छन्। सरकारले बाँकी जिल्लामा साक्षरता अभियानलाई तीव्र बनाई सबै नागरिकलाई आधारभूत साक्षरता तथा निरन्तर सिकाइका अवसर सुनिश्चित गर्ने नीति अघि बढाएको छ।

## १३. पाठ्यक्रम, सिकाइ सामग्री उत्पादन र प्रसारण

शैक्षिक वर्ष २०८२ मा आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६ लाई परिमार्जन गरी २०८२ को संस्करण तयार गरिएको छ। त्यसैगरी प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम, २०७७ लाई पनि २०८२ मा परिमार्जन गरिएको छ। समावेशी शिक्षालाई ध्यानमा राख्दै श्रवणदृष्टिविहीन बालबालिकाका लागि आधारभूत तह कक्षा १-३ को पाठ्यक्रम अनुकूलन गर्ने कार्यसमेत अघि बढाइएको छ।

कक्षा ११-१२ का विषयगत पाठ्यक्रमतर्फ पनि अद्यावधिक कार्य अघि बढेको छ। पाठ्यक्रम विकास केन्द्रले माध्यमिक शिक्षा पाठ्यक्रम २०७६, कक्षा ११-१२ को ऐच्छिक विषयसम्बन्धी सामग्री तथा सामाजिक अध्ययन कक्षा ११-१२ को २०८२ संस्करण प्रकाशित/उपलब्ध गराएको छ। साथै कम्प्युटर विज्ञान कक्षा ११-१२ को नयाँ पाठ्यक्रमसमेत विकास गरिएको छ ।

पाठ्यक्रम विकास केन्द्रले विद्यार्थी सिकाइका लागि आन्तरिक मूल्याङ्कन मापदण्डसम्बन्धी सामग्रीलाई समेत अद्यावधिक गरी आधारभूत तह कक्षा ४-८ तथा कक्षा ९-१२ का अनिवार्य विषयका आन्तरिक मूल्याङ्कन मापदण्ड उपलब्ध गराएको छ। साथै लेटर ग्रेडिङ निर्देशिका, २०८३ समेत जारी गरिएको छ।

संविधानप्रदत्त मातृभाषामा शिक्षा पाउने अधिकार कार्यान्वयनका लागि विभिन्न मातृभाषामा पाठ्यक्रम तथा पाठ्यपुस्तक/नमुना पाठ्यपुस्तक विकास गर्ने कार्य निरन्तर भइरहेको छ। आर्थिक वर्ष २०८२/८३ मा पनि मैथिली, मगर, राई, माझी, लिम्बूलगायतका मातृभाषामा विभिन्न कक्षा तथा तहका पाठ्यक्रम र पाठ्यपुस्तक विकास/प्रकाशन भएका छन्। उदाहरणका रूपमा मैथिली भाषा कक्षा १०, मगर भाषा कक्षा ७, माझी भाषा कक्षा ३, लिम्बु भाषा कक्षा ९ तथा विभिन्न राई भाषाका पाठ्यक्रम २०८२ मा प्रकाशित/उपलब्ध गराइएको पाठ्यक्रम विकास केन्द्रको अभिलेखमा देखिन्छ।

## १४. प्राविधिक तथा व्यावसायिक शिक्षा

श्रम बजारको आवश्यकता र मागअनुसार दक्ष जनशक्ति उत्पादन तथा रोजगारीको अवसर विस्तार गर्ने उद्देश्यले आर्थिक वर्ष २०८२/८३ मा पनि प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमका कार्यक्रम सञ्चालन गरिएका छन्। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) अन्तर्गत श्रम बजारमा उच्च सम्भाव्यता भएका क्षेत्रलाई प्राथमिकता दिई छोटो अवधिका रोजगारमुखी सिपमूलक तालिम सञ्चालन गर्ने कार्यक्रमलाई निरन्तरता दिई बजेटको व्यवस्था गरिएको छ ।

बालसुधार गृहमा रहेका बालबालिकालाई सिप तथा रोजगारीसँग जोड्ने उद्देश्यले छोटो अवधिको सिपमूलक तालिम कार्यक्रम रहेको र यस्तो कार्यक्रममा अघिल्लो वर्ष १२० बालबालिकालाई तालिम प्रदान गरिएको थियो।

CTEVT अन्तर्गत राष्ट्रिय सिप परीक्षण बोर्डले विभिन्न पेसा तथा व्यवसायमा तह १ देखि ४ सम्म सिप परीक्षण सञ्चालन गर्दै आएको छ। हालसम्म ३१४ पेसा/व्यवसायका राष्ट्रिय व्यावसायिक सिप मापदण्ड विकास भइसकेका छन् र सिप परीक्षण तथा प्रमाणीकरण कार्यलाई राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीसँग आबद्ध गर्ने कार्य अघि बढाइएको छ।

आर्थिक वर्ष २०८१/८२ मा प्राविधिक शिक्षाको पहुँच नपुगेका ७८ स्थानीय तहका १२० जना तथा दलित, मुस्लिम, विपन्न र सीमान्तकृत समुदायका ३६० जना गरी ४८० जनालाई आवासीय सुविधासहित निःशुल्क छात्रवृत्तिका लागि लक्षित गरिएको थियो र ३९७ जना प्रशिक्षार्थी भर्ना भएका थिए। आर्थिक वर्ष २०८२/८३ मा पनि लक्षित तथा समावेशी छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइएको छ।

प्रशिक्षार्थीको रोजगारीसम्बन्धी ट्रेसर अध्ययन, सिप परीक्षण तथा रोजगार परिणामको अनुगमनलाई समेत प्राथमिकता दिइएको छ। CTEVT को उपलब्ध ट्रेसर अध्ययनअनुसार सिप परीक्षणबाट प्रमाणित जनशक्तिको रोजगारी दर तहअनुसार फरक रहेको देखिन्छ । त्यसैले आगामी कार्यक्रमहरूमा श्रम बजारको माग, रोजगार परिणाम र उद्योगसँगको सहकार्यमा थप जोड दिइएको छ।

यसरी आर्थिक वर्ष २०८२/८३ मा TVET क्षेत्रको जोड केवल तालिमको सङ्ख्या बढाउनेमा मात्र नभई श्रम बजारको मागअनुसार सिप विकास, राष्ट्रिय सिप परीक्षण तथा प्रमाणिकरण, समावेशी छात्रवृत्ति, उद्योग शिक्षालय सहकार्य र प्रशिक्षार्थीको रोजगारी परिणाम सुधारतर्फ केन्द्रित भएको छ।

## १५. विद्यालय दिवा खाजा कार्यक्रम

आर्थिक वर्ष २०७६/७७ बाट कार्यान्वयनमा आएको विद्यालय दिवा खाजा कार्यक्रमलाई २०८२/८३ मा समेत निरन्तरता दिइएको छ। कार्यक्रमअन्तर्गत प्रारम्भिक बाल शिक्षादेखि कक्षा ५ सम्म सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकालाई दिवा खाजा उपलब्ध गराउने व्यवस्था रहेको छ। आर्थिक वर्ष २०८२/८३ का लागि दिवा खाजा कार्यक्रमतर्फ रु. १० अर्ब १९ करोड विनियोजन गरिएको छ र यसबाट करिब २८ लाख विद्यार्थी लाभान्वित भएका छन् । कार्यक्रमले विद्यार्थीको विद्यालय उपस्थितिमा निरन्तरता, सिकाइ उपलब्धि तथा स्वास्थ्य र पोषण अवस्थामा सुधार ल्याउन सहयोग गरेको छ ।

शैक्षिक सत्र २०८२ मा दिवा खाजालाई थप स्थानीय उत्पादनमा आधारित, पोषणयुक्त र गुणस्तरीय बनाउने उद्देश्यले *स्थानीय उत्पादनमा आधारित पोषणयुक्त विद्यालय दिवा खाजा प्रारूप, २०८१* कार्यान्वयनमा ल्याइएको छ। यसले स्थानीय कृषि उत्पादनको प्रयोग, पोषणयुक्त मेनु र विद्यालय दिवा खाजाको गुणस्तर सुधारमा जोड दिएको छ।

## १६. छात्रवृत्ति कार्यक्रम

सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको पहुँच, निरन्तरता तथा समावेशिता सुनिश्चित गर्न आवासीय, गैरआवासीय, दलित, छात्रा, अपाङ्गता भएका, सीमान्तकृत तथा विपन्न लक्षित छात्रवृत्ति कार्यक्रम सञ्चालनमा रहेका छन्। आर्थिक वर्ष २०८२/८३ मा पनि विद्यालय तहका लक्षित विद्यार्थीका लागि छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइएको छ। विपन्न लक्षित छात्रवृत्तिका लागि योग्य विद्यार्थीको पहिचान, बैंक खातामार्फत रकम भुक्तानी तथा विवरण प्रमाणीकरणको व्यवस्था समेत गरिएको छ।

आर्थिक वर्ष २०८२/८३ मा विद्यालय तहको छात्रवृत्ति कार्यक्रमका लागि रु. १ अर्ब ८३ करोड, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमतर्फ छात्रवृत्तिका लागि रु. ५ करोड र उच्च शिक्षा तर्फ रु. ५६ करोड गरी सङ्घीय बजेटमा समष्टिगत रकम रु. २ अर्ब ४४ करोड विनियोजन गरिएको छ। शैक्षिक सत्र २०८१ मा सामुदायिक विद्यालयमा अध्ययनरत १५ लाख ५२ हजार १ सय ६८ जना विद्यार्थीले विभिन्न प्रकारका छात्रवृत्ति प्राप्त गरेका थिए। यसले विद्यालय तथा प्राविधिक शिक्षामा लक्षित वर्गको पहुँच विस्तार गर्ने सरकारी नीतिलाई निरन्तरता दिएको देखाउँछ।

## १७. निशुल्क पाठ्यपुस्तक

सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकालाई कक्षा १ देखि १२ सम्म निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था निरन्तर रहेको छ। निःशुल्क पाठ्यपुस्तकसँगै पाठ्यपुस्तकका विद्युतीय प्रति (digital copies) समेत उपलब्ध गराउने व्यवस्था गरिएको छ। पाठ्यपुस्तकको समयमै छपाइ, वितरण तथा डिजिटल पहुँच विस्तार गरी विद्यार्थीको सिकाइमा सहजीकरण गर्ने नीति लिइएको छ।

## १८. विद्यालय शिक्षामा सूचना प्रविधि

मुलुकभर सञ्चालित २७ हजार २ सय ९८ सामुदायिक विद्यालयमध्ये १९ हजार २६ (६९.७० प्रतिशत) विद्यालयमा इन्टरनेट सुविधाको पहुँच पुगेको छ। त्यसैगरी १८ हजार ६ सय १७ (६८.२० प्रतिशत) सामुदायिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि (ICT) ल्याबको विस्तार भएको छ। वैकल्पिक स्रोतसमेतको उपयोग गरी विद्युत् सेवा पुगेका सामुदायिक विद्यालयको सङ्ख्या २१ हजार ५ सय ९२ अर्थात् ७९.१ प्रतिशत पुगेको छ।

विद्यालयमा सूचना प्रविधिको प्रयोग विस्तार हुँदै जाँदा केही विद्यालयमा डिजिटल शैक्षिक सामग्री, विद्युतीय हाजिरी, नतिजा व्यवस्थापन प्रणाली तथा अनलाइन कक्षाको प्रयोगसमेत सुरु भएको छ।

## १९. वैदेशिक अध्ययन अनुमतिपत्र

नेपालबाट विदेशमा उच्च शिक्षा अध्ययन गर्न जाने विद्यार्थीले शिक्षा तथा खेलकुद मन्त्रालयबाट वैदेशिक अध्ययन अनुमतिपत्र (No Objection Certificate–NOC) लिनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८२/८३ मा १ लाख १४ हजार ९ सय २४ ओटा वैदेशिक अध्ययन अनुमतिपत्र जारी भएका छन्। पछिल्ला वर्षमा विदेशमा उच्च शिक्षा अध्ययनका लागि जाने नेपाली विद्यार्थीको सङ्ख्या उच्च रहँदै आएको छ। मन्त्रालयको वैदेशिक अध्ययन अनुमति शाखाले निजी खर्च वा छात्रवृत्तिमा विदेशमा अध्ययन गर्न जाने नेपाली विद्यार्थीलाई अध्ययन अनुमतिपत्र तथा विदेशी मुद्रा सटहीका लागि आवश्यक सिफारिससम्बन्धी काम गर्दै आएको छ । यसका साथै चिकित्सा शिक्षाको स्नातक तहमा ४९८ जना स्नातकोत्तर तहमा ८२ जना फेलोसिपमा १४ जना DM/MCh मा १२ जना र PhD मा १५ जना गरी कुल ६२१ जना विद्यार्थीलाई वैदेशिक अध्ययन अनुमतिपत्र (Eligibility Letter) प्रदान गरिएको छ ।

## २०. विद्यार्थीको सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षण

सन् २०२२ मा कक्षा ५ र कक्षा १० को विद्यार्थी सिकाइ उपलब्धिसम्बन्धी पछिल्लो राष्ट्रिय परीक्षणका

आधारमा गणितमा न्यूनतम सिकाइ उपलब्धि हासिल गर्ने विद्यार्थीको हिस्सा तुलनात्मक रूपमा न्यून देखिएको छ। NASA 2022अनुसार कक्षा ५ मा गणित, नेपाली, विज्ञान तथा प्रविधि र अङ्ग्रेजीमा क्रमशः २२.०, ५१.०, ५३.० र ४४.० प्रतिशत विद्यार्थीले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका थिए। त्यस्तै, NASA 2023 अनुसार कक्षा १० मा गणित, नेपाली, विज्ञान तथा प्रविधि र अङ्ग्रेजीमा क्रमशः ४०.०, ४६.२, ४९.९ र ७०.६ प्रतिशत विद्यार्थीले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका छन्। आ.व. २०८२/८३ मा कक्षा ५ को नयाँ राष्ट्रिय विद्यार्थी उपलब्धि परीक्षण सञ्चालनका लागि मार्गदर्शन समेत जारी भएको छ ।

## २१. खेलकुद क्षेत्र

मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्, राष्ट्रिय खेल सङ्घ तथा प्रदेश र स्थानीय तहको सहकार्यमा २०८२/८३ मा खेलकुद क्षेत्रको विकास, खेलाडीको क्षमता अभिवृद्धि, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता, खेल पूर्वाधार निर्माण तथा खेलाडी प्रोत्साहनका कार्यक्रमलाई निरन्तरता दिइएको छ। आर्थिक वर्ष २०८२/८३ को बजेटमा खेल पूर्वाधार निर्माण, खेलाडी तथा प्रशिक्षकको निरन्तर प्रशिक्षण, राष्ट्रिय प्रतियोगिता सञ्चालन, महिला खेलाडीको सहभागिता वृद्धि तथा विद्यालय तहबाटै प्रतिभा पहिचान गर्ने कार्यक्रमलाई प्राथमिकता दिइएको छ । अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक हासल गरेका खेलाडी तथा अफिसियल गरी १०४ जनालाई रू. १० करोड ८३ लाख ४८ हजार नगद पुरस्कार प्रदान गरिएको छ । विभिन्न खेलका अफिसियल र आमन्त्रित गरी जम्मा १९२ प्रतियोगितामा सहभागिता जनाइएको छ । प्रतियोगितामा ५१ स्वर्ण, २२ रजत र १९ कास्य पदकहरू प्राप्त भएका छन् ।

यस अवधिमा 'मिसन २०२६ अन्तर्गत अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि राष्ट्रिय टोलीको तयारी तथा विशेष प्रशिक्षण सञ्चालन गरिएको छ। सन् २०२६ मा जापानमा आयोजना हुने एसियाली खेलकुदलाई लक्षित गरी विभिन्न खेलका खेलाडीलाई विशेष प्रशिक्षणमा राखिएको छ। राखेपले सञ्चालन गरेको राष्ट्रिय टोली तयारी विशेष प्रशिक्षणमा रहेका खेलाडी तथा प्रशिक्षकलाई प्रतिबन्धित औषधी सेवन (डोपिङ) सम्बन्धी सचेतनामूलक कार्यक्रमसमेत सञ्चालन गरिएको छ।

विद्यालय तहबाट खेल प्रतिभा पहिचान तथा विकासका लागि राखेपको आयोजनामा यु-१४ राष्ट्रिय विद्यालय खेलकुद प्रतियोगिता सञ्चालन भएको छ, जसमा सातै प्रदेशका ४७६ खेलाडी सहभागी भएका थिए। यसले विद्यालय तहमा प्रतिभा पहिचान गरी राष्ट्रिय स्तरको प्रतिस्पर्धाका लागि खेलाडी तयार गर्ने आधार निर्माण गरेको छ।

खेलकुदको दायरा विस्तार गर्ने क्रममा राष्ट्रिय तथा अन्य प्रतियोगिता, प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता, राष्ट्रपति रनिङ शिल्डलगायतका प्रतियोगिता सञ्चालनलाई निरन्तरता दिइएको छ। साथै राष्ट्रिय सङ्घ, खेलकुद संस्था, क्लब तथा अन्य आयोजकसँगको सहकार्यमा विभिन्न प्रतियोगिता आयोजना हुँदै आएका छन्।

खेल पूर्वाधारतर्फ वीरेन्द्रनगर, सुर्खेतमा दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्ने उद्देश्यले रु. ५४ करोड विनियोजन गरिएको थियो तर राष्ट्रिय राजनीतिमा आएको फेरबदलले गर्दा कार्यक्रम सम्पन्न हुन सकेन।

### २२. स्वयम् सेवा तथा सामाजिक सहभागिता

नेपाल स्काउटले युवाको नेतृत्व विकास, स्वयम्सेवा, सामाजिक सेवा तथा विपद् व्यवस्थापनमा युवा परिचालन गर्ने कार्यलाई निरन्तरता दिएको छ। नेपाल स्काउटको मूल उद्देश्य युवालाई गैरऔपचारिक शिक्षामार्फत आत्मनिर्भर, जिम्मेवार, सहयोगी तथा समाजप्रति उत्तरदायी नागरिकका रूपमा विकास गर्नु रहेको छ। यसका लागि युवा कार्यक्रम, सिप विकास, नेतृत्व विकास, सामुदायिक सेवा तथा स्वयम्सेवी गतिविधि सञ्चालन हुँदै आएका छन्। नेपाल स्काउटद्वारा ६९६ जनालाई स्काउट तालिम प्रदान गरिएको, ७० जनालाई स्काउट विपद् व्यवस्थापन तालिम प्रदान गरिएको र मेला व्यवस्थापन, स्वास्थ्य सचेतना, वृक्षरोपण, विशिष्ट दिवस तथा सामाजिक साँस्कृतिक अवसरहरूमा जम्मा २३१७५ जना स्वयम्सेवक परिचालन गरिएको छ ।

विद्यालय तथा समुदायमा आधारित स्काउटिङ गतिविधिमार्फत युवालाई स्वयम्सेवा, सामाजिक उत्तरदायित्व, वातावरण संरक्षण, स्वास्थ्य तथा सरसफाइ, रक्तदान, विपद् व्यवस्थापन र जनचेतनामूलक कार्यमा परिचालन गरिएको छ। युवा नेतृत्व, जीवनोपयोगी सिप, डिजिटल साक्षरता, लैङ्गिक समानता, शान्ति निर्माण तथा सामाजिक सद्भाव अभिवृद्धिका कार्यक्रमसमेत सञ्चालन गरिएका छन्।

## १.९ मन्त्रालय सम्बद्ध तथा मातहतका निकायहरूबाट सम्पादित कार्य तथा उपलब्धिहरू

### १.९.१ शिक्षा तथा खेलुकद मन्त्रालयद्वारा सम्पादन गरिएका कार्य

१. यस मन्त्रालय र मातहतका निकायहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण कार्य सम्पन्न गरिएको
२. भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य नठहरिने गरी सेवाबाट २ जना कर्मचारीहरूलाई हटाइएको
३. ११४१ ओटा हेल्लो सरकारअन्तर्गतका उजुरी सम्बोधन भएको
४. आ.व.२०७६/०७७, ०७७/०७८, ०७८/०७९ र ०७९/०८० का नियमित तथा असुल गरी जम्मा रु. ४६ करोड रकमको बेरुजु नियमित भई समपरीक्षणको लागि पेस भएको सोमध्ये करिब रु. ४४ करोड बेरुजु सम्परीक्षण ६१.९७ प्रगति प्रतिशत भएको
५. जेनजी आन्दोलनमा तोडफोड र आगजनी भएको मन्त्रालय परिसरमा सरसफाई र रङ्गरोगनको कार्यसम्पन्न गरिएको
६. ११२ मुद्दाको लिखित जवाफ पठाइएको र २२२ कानुनी राय पठाइएको । ३३ ओटा कानुन तर्जुमा गरिएको
७. शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३ जारी गरिएको तथा शैक्षिक परामर्श प्रदान गर्ने ७६० ओटा संस्थाको नवीकरण गरिएको
८. विदेशी शैक्षिक कार्यक्रम (सञ्चालन र नियमन) नियमावली, २०८३ जारी गरिएको
९. विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ तर्जुमा गरिएको
१०. वैदेशिक अध्ययन अनुमतिको लागि १९३८८ जनालाई रुजु र प्रतिक्षामा तथा १ लाख १५ हजार ८८ ओटा NOC वितरण गरिएको

११. विभिन्न ८ ओटा विश्वविद्यालयहरूको उपकुलपति पदमा नियुक्तिका लागि खुला प्रतिस्पर्धाबाट योग्यता प्रणालीको आधारमा सिफारिस गरिएको
१२. विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सबै संस्थाको विज्ञसहितको टोलीबाट अनुगमन गरिएको
१३. नेपाल संस्कृत र त्रिभुवन विश्वविद्यालयको जग्गा खोज तथा अचल सम्पत्ति खोजबिन समितिको प्रतिवेदन, २०८१ कार्यान्वयनको लागि कार्यान्वयन सहजीकरण समिति गठन गरी कार्यान्वयनमा समन्वय र सहयोग पुऱ्याइएको
१४. UG- तहका १४१२ जना र PG तहका ५६१ जना विद्यार्थीलाई करार सेवामा खटाउनका लागि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमा पत्राचार गरिएको
१५. ९३ जना विद्यार्थी विभिन्न देशमा मनोनयन गरी परराष्ट्र मन्त्रालय मार्फत कूटनीतिक नियोगमा पठाइएको
१६. पुस्तकालय स्मारिका २०८२ प्रकाशन गरिएको र विद्यालय पुस्तकालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२ मसौदा तयारी गरिएको
१७. काठमाडौं विश्वविद्यालय त्रिभुवन विश्वविद्यालय नेपाल खुला विश्वविद्यालय, राष्ट्रिय राष्ट्रिय पुस्तकालय, केशर पुस्तकालय डिल्ली रमण पुस्तकालयमा कार्यरत २२ जना कर्मचारीहरूलाई २० दिने डिजिटाइजेसनसम्बन्धी तालिम डिजिटल पुस्तकालय मास्टर प्लान ड्राफ्ट तयार भएको
१८. वार्षिक कार्यक्रमअन्तर्गत GIOMS तथा GIWMS को प्रयोग र सञ्चालन सम्बन्धमा मन्त्रालयअन्तर्गत निकाय तथा सम्पूर्ण एकाइहरूमा भर्चुअल अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गरिएको
१९. वृत्ति मार्गनिर्देशन सेवा (career guidance service) सम्बन्धी निर्देशिका तर्जुमा गरी मन्त्रालयको वेबसाइटबाट करियर गाइडेन्स सर्भिस पोर्टल सञ्चालन गरिएको
२०. भिसा सिफारिससम्बन्धी कार्यका लागि संस्थागत आधिकारिक पत्रसहित संस्थाको जिम्मेवार व्यक्ति स्वयम् उपस्थित भई कार्य सम्पादन गर्नुपर्ने र निजहरूको लगबुक कायम गरिएको
२१. शाखाको संयोजनमा शङ्कास्पद विवरण पेस गरेकामा स्थलगत अनुगमन गरी कारवाहीका लागि गृह मन्त्रालयमा सिफारिस र प्राप्त विवरणहरूको रुजु गर्ने पद्धतिको अवलम्बन गरिएको
२२. स्वयम्सेवक परिचालन तथा भिसा सिफारिस कार्यविधिको मसौदा (२०८२) तयारीका लागि ३ सदस्यीय समिति गठन र मसौदाको प्रारम्भिक लेखन गरिएको
२३. शैक्षिक सूचना २०८२ प्रकाशन तथा वितरण गरिएको
२४. वार्षिक बजेट तथा कार्यक्रमबमोजिम ३ ओटा अनुसन्धान गरी प्रतिवेदन प्राप्त भएका (१. नेपालमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा शिक्षा सम्बद्ध निकायहरूद्वारा गरिएका अनुसन्धानहरूको समग्र समीक्षा र नीतिगत विश्लेषण प्रतिवेदन २. Post-SEE TEVET Pathways Harmonization Study Under Diploma and 9-12 Technical Stream Program in Nepal. ३. Navigating the Trends of Overseas Higher Education Motivations Condition and Policy Implications for Nepal.)
२५. मन्त्रालय र सम्बद्ध निकायबाट विगत १० वर्षमा भएका अनुसन्धान सङ्कलन अभिलेख तथा OPMCM तथा संसदीय समितिमा माग भएबमोजिम पेस गरिएको

२६. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम ऐनको मसौदा रायका लागि कानुन मन्त्रालय पठाउने चरणमा रहेको, उक्त ऐनको मसौदाबमोजिम नियमावलको प्रारम्भिक मसौदा तयार पारिएको
२७. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् नियमावली २०५१ को छैटौं संशोधन गरिएको
२८. चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष छनोट गरिएको रिक्त सदस्यहरू मनोनयन गरिएको
२९. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का उपाध्यक्ष र सदस्य सचिव छनोटका लागि दरखास्तहरू रुजु गरी योग्य उम्मेदवारहरूको नामावली सार्वजनिक गरिएको
३०. अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक हासल गरेका खेलाडी टोलीका १०४ जनालाई रू. १० करोड ८३ लाख ४८ हजार नगद पुरस्कार प्रदान गरिएको
३१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाद्वारा सञ्चालित कार्यक्रमहरूको अनुगमन, प्रतिवेदन विश्लेषण तथा सुधारात्मक सुझावसहित नियमित समन्वय बैठक सम्पन्न भएको
३२. विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनका सन्दर्भमा विकास साझेदारहरूसँगका महत्त्वपूर्ण कार्यक्रम Joint Review Meeting, Budget Review meeting लगायतका बैठक सम्पन्न गरिएको
३३. अभिलेख व्यवस्थापन, तथ्याङ्क अद्यावधिक तथा सूचना व्यवस्थापन प्रणालीलाई व्यवस्थित गरी निर्णय प्रक्रियालाई थप सहज र प्रमाणमा आधारित बनाइएको
३४. विनियोजित बजेटमा अपुग भएको जम्मा १३ अर्ब ४३ करोड १४ लाख थप बजेट व्यवस्थाका लागि अर्थ मन्त्रालयसँग समन्वय गरेको
३५. आव २०८३/८४ को बजेट तथा कार्यक्रम तयार गरेको
३६. मध्यमकालीन खर्च संरचनाको विवरण तयार गरेको
३७. बजेट तथा कार्यक्रम पुस्तिका तयार गरेको र २०८३/८४ को बजेट तथा कार्यक्रम कार्यान्वयन कार्यविधि तर्जुमा गरिएको

### १.९.२ शिक्षा विभाग

शिक्षा मन्त्रालयद्वारा सञ्चालित नीति, योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन र अनुगमन गर्ने निकायको रूपमा विक्रम सम्बत २०५६ सालमा शिक्षा विभागको स्थापना भएको हो। विभाग स्थापनाको इतिहासलाई हेर्दा तत्कालीन आधारभूत तथा प्राथमिक शिक्षा परियोजना र माध्यमिक शिक्षा परियोजनाको निरन्तरता तथा अर्थपूर्ण कार्यान्वयनका लागि शिक्षा विभागको आवश्यकता महसुस भएको देखिन्छ। मुलुकमा सङ्घीयताको कार्यान्वयनसँगै शैक्षिक संरचनामा हेरफेर भई तत्कालीन शिक्षा विभाग, अनौपचारिक शिक्षा केन्द्र र शैक्षिक जनशक्ति विकास केन्द्र गाभिएर हाल शिक्षा विभाग स्थापना भई सोही केन्द्रमार्फत गाभिएका तीनओटै निकायहरूको कार्य हुँदै आएको छ। विद्यालय शिक्षासम्बन्धी आयोजनाहरूको कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी शिक्षा विभागको रहेको छ। यस विभागमार्फत स्थानीय तह तथा प्रदेशबाट सञ्चालन हुने शैक्षिक कार्यक्रमहरूको समन्वय, सहजीकरण तथा प्रगति प्रतिवेदन तयारीसम्बन्धी कार्यक्रमहरू सम्पादन हुँदै आएका छन्। शिक्षक पेसागत विकासका लागि आवश्यक तालिम पाठ्यक्रम, तालिम प्याकेज विकास तथा श्रव्य तथा श्रव्यदृश्य सिकाइ सामग्रीको विकास विभागबाट हुँदै आएको छ। आधारभूत तथा गुणस्तरीय शिक्षाको विकास र विस्तारको माध्यमबाट शिक्षित, सुसंस्कृत, सम्बृद्ध र गतिशील समाजको निर्माण र विकासमा सहयोग गर्नु शिक्षा विभागको प्रमुख उद्देश्य हो।

**शिक्षा विभागको कार्य विवरण**

१. शिक्षासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा सम्झौताअनुरूप विद्यालय शिक्षा क्षेत्र योजनालगाय-तका आयोजना तथा कार्यक्रमहरू कार्यान्वयन र समन्वयसम्बन्धी कार्य
२. विद्यालय शिक्षासम्बन्धी द्विपक्षीय र बहुपक्षीय विकास साझेदारहरू र निकायसँगको समन्वयसम्बन्धी कार्य
३. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा कार्यन्वयन कार्ययोजना विकास तथा कार्यान्वयनमा सहजीकरणसम्बन्धी कार्य
४. मानव संसाधन प्रक्षेपण योजना तर्जुमा, त्यसअनुरूप शैक्षिक योजना, कार्यक्रम विकास एवम् मानव संसाधन विकास योजना तयारीसम्बन्धी कार्य
५. विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि अध्ययन अनुसन्धान गर्ने गराउने तथा राष्ट्रिय गुणस्तर मापदण्ड निर्धारण तथा अनुगमनसम्बन्धी कार्य
६. प्रदेश र स्थानीय तहबाट माग भएबमोजिम प्राविधिक विषयमा सहजीकरण एवम् समन्वयसम्बन्धी कार्य
७. विद्यालय शिक्षाको एकीकृत शैक्षिक सूचनाहरू प्रकाशन, व्यवस्थापन र प्रबोधीकरणसम्बन्धी कार्य
८. विद्यालय शिक्षाका लागि भौतिक सुविधासहितको न्यूनतम सिकाइ अवस्थाको योजना निर्माण तथा कार्या-न्वयनका लागि आवश्यक स्रोत व्यवस्थापन एवम् सहजीकरणसम्बन्धी कार्य
९. प्रारम्भिक बाल विकास तथा शिशु शिक्षासम्बन्धी नीति तथा मापदण्ड निर्धारण एवम् कार्यक्रम सञ्चालनको समन्वयसम्बन्धी कार्य
१०. माध्यमिक शिक्षातर्फ साधारण तथा प्राविधिक शिक्षाका लागि आवश्यक नीतिगत प्रबन्ध र सहजीकरण
११. शिक्षण संस्थाको स्थापना र सञ्चालनको न्यूनतम राष्ट्रिय मापदण्ड निर्धारण तथा आवश्यक समन्वय, सह-जीकरण र अनुगमनसम्बन्धी कार्य
१२. विद्यालयहरूको भौतिक पूर्वाधार विकास, पुनर्निमाण र प्रबलीकरण कार्यका लागि नेतृत्वदायी भूमिकासम्ब-न्धी कार्य
१३. विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन एवम् सहजीक-रणसम्बन्धी कार्य
१४. विद्यालय शिक्षामा पहुँच बढाउन छात्रवृत्ति, दिवा खाजा, स्यानेटरी प्याडलगायतका प्रोत्साहन कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा सहजीकरणसम्बन्धी कार्य
१५. शिक्षक व्यवस्थापन तथा विकासका लागि मापदण्ड तर्जुमा तथा कार्यान्वयनमा सहजीकरणसम्बन्धी कार्य
१६. सेवाकालीन शिक्षक तालिमका लागि पाठ्यक्रमको ढाँचा निर्माण एवम् स्वीकृति, कोर्स तथा स्रोत सामग्री विकास, प्रशिक्षक तयारी, तालिम मापदण्ड विकास, तालिमको प्रमाणीकरण तथा समकक्षता निर्धारणसम्बन्धी कार्य
१७. प्रदेशअन्तर्गत शिक्षा तालिम केन्द्रहरूलाई प्राविधिक सहयोग, समन्वय र सहजीकरणसम्बन्धी कार्य
१८. शिक्षक तालिमसम्बन्धी नीति, मापदण्ड र स्तरीकरण, पाठ्यक्रम प्रारूप, योग्यता निर्धारण, सिप परीक्षणको मापदण्ड तथा तालिम केन्द्रसँगको समन्वय, समावेशी शिक्षा, लैङ्गिक समविकास, मातृभाषा, तथा विशेष शिक्षासम्बन्धी कार्य
१९. विद्यालयमा हुन सक्ने विपत् जोखिम न्यूनीकरणका लागि सुरक्षित विद्यालय नीति तथा एकीकृत विद्यालय सुरक्षासम्बन्धी कार्यक्रमहरूको विकास तथा कार्यान्वयनसम्बन्धी कार्य

२०. नमुना विद्यालय विकास, ठुला विद्यालय प्राविधिक धार, विज्ञान शिक्षा प्रवर्धन कार्यक्रम सञ्चालनमा समन्वय र सहजीकरणसम्बन्धी कार्य
२१. परम्परागत, वैकल्पिक एवम् खुला शिक्षा तथा निरन्तर सिकाइसम्बन्धी नीति एवम् मापदण्ड निर्धारण तथा कार्यान्वयनमा सहजीकरणसम्बन्धी कार्य
२२. विभिन्न तहमा शैक्षिक गुणस्तर सुधारका लागि शैक्षिक सामग्रीको सूची विकास, तालिम पाठ्यक्रम तथा सन्दर्भ सामग्री विकास र प्रमाणीकरण, नमुना तालिम सामग्री उत्पादन तथा वितरणसम्बन्धी कार्य
२३. भाषिक,लैङ्गिकलगायतका विविधतालाई व्यवस्थापन गर्न समावेशी शिक्षा नीतिअनुरूपका नमुना कार्यक्रम-हरू तर्जुमा एवम् कार्यान्वयनसम्बन्धी कार्य
२४. समावेशी शिक्षा, लैङ्गिक समविकास तथा विशेष शिक्षासम्बन्धी कार्य
२५. विद्यालय पोषण, बालमैत्री विद्यालयसम्बन्धी सहजीकरण तथा सबलीकरणका कार्य
२६. शिक्षक तथा शिक्षा प्रशासनमा कार्यरत जनशक्तिको क्षमता विकाससम्बन्धी मापदण्ड विकास, कार्यक्रम तर्जुमा, कार्यन्वयन र प्रमाणीकरणसम्बन्धी कार्य
२७. दुर शिक्षा/खुला सिकाइ कार्यक्रमका लागि, श्रव्य तथा श्रव्यदृश्य सामग्री विकास एवम् प्रसारण, कार्यक्रम सञ्चालन एवम् समन्वयसम्बन्धी कार्य
२८. अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, आजीवन सिकाइ तथा सामुदायिक सिकाइ केन्द्रको नीति तर्जुमा, योजना विकास र नियमनसम्बन्धी कार्य
२९. केन्द्रमा कार्यरत कर्मचारीको व्यवस्थापन, वृत्ति विकास, क्षमता विकास र आन्तरिक व्यवस्थासम्बन्धी कार्य
३०. मन्त्रालयबाट तोकिएबमोजिमका अन्य कार्यहरू

## शिक्षा विभागबाट सम्पादित कार्यहरू

### अभिमुखीकरण तथा सहजीकरण कार्यक्रम

- आव २०८२।८३ को वार्षिक कार्यक्रम, सङ्घबाट विकास भएका नीतिनियम, मापदण्ड तथा कार्यविधिहरूको बारेमा जम्मा ९३० जना सरोकारवालालाई अभिमुखीकरण गरिएको
- ७५३ ओटै स्थानीय तहमा Evidence based, GEDSI Responsiveness and Climate Resilience Local Education Plan निर्माण, अद्यावधिक एवम् लेखाजोखा गर्ने कार्यमा सहजीकरण गरिएको
- बाके र बर्दिया जिल्लाका करिब ३०० जना प्रधानध्यापकहरूलाई अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन योजनाको विषयमा अभिमुखीकरण सम्पन्न भएको
- DLI, Milestone, Agreed Action को विषयमा सम्वन्धित शाखा प्रमुख तथा अन्य निकायका पदाधिकारीको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको
- शिक्षा विकास तथा समन्वय एकाइ र प्रदेशको आव २०८१।८२ को वार्षिक कार्यक्रमको प्रगति समीक्षा तथा स्थिति प्रतिवेदन प्रकाशन भएको
- ३३००० विद्यालय शिक्षकहरूले सिकाइ चौतारी पोर्टल प्रयोगसम्बन्धी अनलाइन अभिमुखीकरण तालिम प्राप्त गरेका, १०२४७ शिक्षकहरूले अनलाइन तालिम प्रमाणपत्र प्राप्त गरेका, १३४७९ विद्यालयले सिकाइ चौतारी पोर्टल प्रयोग गरेका तथा पोर्टल प्रयोग गर्नेको सङ्ख्या ३१२००० पुगेको
- ३०० ओटा नमुना विद्यालयको स्टाटस रिपोर्ट तयार भएको

- विज्ञान विषय प्रर्बधन कार्यक्रम अन्तर्तग ११४ मध्ये ११३ विद्यालय विकास योजना निर्माण सम्पन्न
- ५ प्रदेशका १५० भन्दा बढी सहभागीलाई विपद् जोखिम न्यूनीकरण, सुरक्षित विद्यालय, जलवायु उत्थानशीलता तथा विपद् अभ्यास (Drill Simulation) सम्बन्धी क्षमता विकास सम्पन्न भएको
- २०६ जना प्राविधिक धार सञ्चालन भएका विद्यालयका प्रअको लागि अभिमुखीकरणका सञ्चालन भएको
- STEM EDUCATION (विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित) कार्यान्वयन सहजीकरण गर्न सामग्री विकास भै २८३ जना शिक्षकलाई अभिमुखीकरण भएको
- २४३ जना स्थानीय तह र सामुदायिक सिकाइ केन्द्रका पदाधिकारीलाई राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयनमा सहजीकरण गरिएको
- मधेश प्रदेशका स्थानीय तहमा साक्षरता घोषणामा सहजीकरण भई २४ ओटा स्थानीय तह साक्षर घोषणा भएको
- बहुकक्षा बहुस्तर कक्षा सञ्चालन गरेका विद्यालयका प्रधानाध्यापक तथा शिक्षक र सरोकारवाला गरी जम्मा १३७ जनालाई अभिमुखीकरण गरिएको
- हालसम्म बागमती प्रदेशका ६८ र कोशी प्रदेशका ४ र लुम्बिनी प्रदेशका ४ गरी जम्मा ७६ ओटा स्थानीय तह अनिवार्य शिक्षा सुनिश्चित घोषणा भएको

### सिकाइ सामग्री विकास

- प्रअ नेतृत्त्व क्षमता विकाससम्बन्धी तालिम स्रोत सामग्री विकास भएको
- अभिभावक शिक्षा राष्ट्रिय प्याकेज अद्यावधिक गरिएको
- प्रारम्भिक बालविकाससम्बन्धी तालिम सामग्री निर्माण गरिएको
- विपद् एवम् सुरक्षित विद्यालय व्यवस्थापन तथा हरित विद्यालयको लागि समाग्री विकास गरिएको
- माध्यमिक तह कक्षा ९-१० को ५ विषय नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान र सामाजिकको प्रशिक्षक निर्देशिका र शिक्षक स्रोत सामग्री तयार भएको
- गुरुकुल सन्देश, गोन्पा/विहार सन्देश, मदरसा सन्देशको विकास र प्रकाशन भएको
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको अभ्यास झल्किने डकुमेन्ट्री विकास गरिएको
- राष्ट्रिय योग्यता प्रारूपमा आधारित अनौपचारिक शिक्षातर्फ तह १ र २ का सिकाइ सामग्री डिजिटाइजेसनको लागि २० ओटा Script तयार भएको
- श्रवण दृष्टिविहीनताका लागि स्पर्श सञ्चार शब्द र Haptic सङ्केतअन्तर्गत १०० ओटा शब्द विकास भएको
- दृष्टिविहीन विद्यार्थीका (कक्षा १ देखि १२ सम्म अनिवार्य विषयका ११५५ सेट र कक्षा ९ र १० को ऐच्छिक विषयको ४०६ थान) विद्यार्थीका लागि ब्रेलपाठ्यपुस्तक छपाइ एवम् वितरण गरिएको

### तालिम तथा क्षमता विकास

- १५४ जना शिक्षक तथा कर्मचारीको पुस्तकालय व्यवस्थापन सम्बन्धी क्षमता विकास गरिएको
- ECED का सहजकर्ताहरूको Bootcamp तालिमको लागि ७९ जना प्रशिक्षक तयार र ८५६ जना सहजकर्ताले बुटक्याम्प तालिम प्राप्त गरेको
- २५ जना अधिकृत कर्मचारीको सेवाकालीन तालिम सम्पन्न भएको

- ५० जना स्थानीय तहका अधिकृत कर्मचारीको सेवाकालीन तालिम सम्पन्न भएको
- ९८ जना सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीको क्षमता विकास गरिएको
- विपत जोखिम न्यूनीकरण, सिकाइ निरन्तरता, जलवायु उत्थानशीलता, प्रकोप लेखाजोखासम्बन्धी क्षमता विकास भएको
- भूकम्प, आगलागी, बाढी जस्ता प्रकोपबाट बच्न Drill Simulation कार्य सम्पन्न भएको
- केन्द्र र अन्तर्गतका कार्यालयका कर्मचारीहरूका लागि PAMS, GIOMS, खरिद, तनाव व्यवस्थापन र कार्ययोजना तयारीसम्बन्धी कार्यशाला गरिएको
- १७ जना दृष्टिविहीन बालबालिकालाई गणित विज्ञान अध्यापन गराउने शिक्षकको क्षमता विकास, सामाजिक विषयको सामग्री विकास भएको
- ८० जना दृष्टिविहीन शिक्षकको क्षमता विकास गरिएको
- ६१ जना स्रोत शिक्षकको गमनशीलतासम्बन्धी क्षमता विकास गरिएको
- Equity Index कमजोर भएका तोकिएका स्थानीय तहहरूको लागि प्राविधिक सहायता र कार्यक्रम सञ्चालनका लागि १०५ जनाको क्षमता विकास गरिएको
- लुम्बिनी प्रदेशअन्तर्गतका २५ जना तालिम प्राप्त प्रअहरूको अन्तरक्रिया सम्पन्न भएको

**सुशासन, पारदर्शिता एवम् वित्तीय अनुशासन**

- बेरुजु सम्परीक्षण तथा फस्यौंटका लागि मलेनिका, कालेनिका र मन्त्रालयका प्रतिनिधिहरू सम्मिलित भई अन्तरक्रिया भएको
- प्रदेश र केही स्थानीय तहसमेतको सहभागितामा शिक्षा विकास तथा समन्वय एकाइ प्रमुखहरूको लागि बेरुजु फछ्र्यौंटसम्बन्धी कार्यशाला सम्पन्न भएको
- महालेखा परीक्षकको कार्यालयबाट रु.१ अरब २ करोड ८० लाख बराबरको बेरुजु सम्परीक्षण भई बेरुजु फस्यौंटमा प्रगति हासिल भएको
- बजेटरी प्रवाह तथा नगद प्रवाह साथै कार्यक्रमगत Funds flow Tracking Survey सम्पन्न भएको
- ७७ ओटै एकाइ प्रमुखको लागि बेरुजु फछ्र्यौंटसम्बन्धी कार्यशाला सम्पन्न भएको
- मन्त्रालय , मलेनिका, कालेनिका केन्द्रसमेतको सहभागितामा PFS र Audit सम्बन्धमा छलफल र गोष्ठी सम्पन्न गरिएको
- २६९ भन्दा बढी उजुरी व्यवस्थापन, संस्थागत जवाफदेहिता अभिवृद्धि, समयमै लिखित जवाफ तथा प्रभावकारी कानुनी प्रतिरक्षा गरिएको
- कास्की, नुवाकोट र रामेछापका ७५ जना शिक्षा सरोकारवालाको सहभागितामा अदालती कार्यप्रक्रिया तथा उजुरी फछ्र्यौंटसम्बन्धी कार्यशाला सम्पन्न भएको
- ११४ जना पत्रकारहरूसँग शैक्षिक अन्तरक्रिया, ४००० भन्दा बढी मौखिक गुनासोहरूको सम्बोधन र २५ ओटा सूचनाको हकअन्तर्गत प्राप्त विवरणको सम्बोधन भएको

### डिजिटल शिक्षा तथा सिकाइ प्रवर्धन

- Android compatible सिकाइ चौतारी एपको विकास र सञ्चालन भएको
- सार्वजनिक सेवा प्रसारण रेडियो नेपालसँग सम्झौताअनुसार ३९२ ओटा विषयगत श्रव्य पाठ प्रसारण भएको
- शिक्षाको चौतारी कार्यक्रमअन्तर्गत स्टुडियोसँग सम्बन्धित ५ ओटा परिसंवाद कार्यक्रम सम्पन्न भएको
- २० ओटा फिल्डमा आधारित कार्यक्रम छायाङ्कन, विकास र प्रसारण भएको
- सार्वजनिक सेवा प्रसारण नेपाल टेलिभिजनबाट कक्षा १ देखि १० गतेसम्म २९९ दिन प्रतिदिन ५ घण्टाका दरले विषयगत श्रव्यदृश्य सामग्री प्रसारण भएको
- शैक्षिक सत्रभरि अध्यापन हुने पाठहरू समेटी ६१० ओटा विषयगत श्रव्य पाठ रेकर्डिङ भई प्राविधिक रूपमा सम्पादन गर्ने कार्य (Editing) सम्पन्न भएको
- कक्षा ९ र १० गणित र विज्ञान विषयका ४० ओटा श्रव्यदृश्य सामग्री अनुकूलन गर्नका लागि भिडियो इडिटिङ भएको
- ४०० जना शिक्षक तथा कर्मचारीहरूबिच सिकाइ चौतारी (Learning portal) सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरिएको
- शैक्षिक रेडियो कार्यक्रम अन्तर्गत ६४ ओटा नाटक रेकर्डिङ भई सार्वजनिक सेवा प्रसारण रेडियो नेपालबाट प्रसारण भएको
- Pub Coder र अन्तरक्रियात्मक सामग्री निर्माण बाहेक कक्षा १, २ र ३ को नेपाली पाठ्यपुस्तकलाई पहुँचयुक्त विद्युतीय पाठ्यपुस्तकमा रूपान्तरण गर्नका लागि साङ्केतिक भाषासहितको श्रव्यदृश्य रेकर्डिङ कार्य सम्पन्न भएको

### शिक्षकको पेसागत विकास/प्रशिक्षक प्रशिक्षण

- आधारभूत तहका २५ जना र माध्यमिक तहका २४ जना  गरी जम्मा ४९ जनाले नवप्रवेशी शिक्षकहरूको १ महिने सेवा प्रवेश तालिमको प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त गरेका
- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रमसम्बन्धी एक महिने प्रमाणीकरण तालिमको २४ जनाले प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त गरेका
- शिक्षक मेन्टरिङसम्बन्धी ५ दिने प्रशिक्षक प्रशिक्षण तालिम २५ जनाले प्राप्त गरेका
- २४ जना प्रशिक्षकले प्रारम्भिक बाल विकास तथा शिक्षासम्बन्धी एक महिने प्रमाणीकरण तालिम तालिम प्राप्त भएका
- आधारभूत तहका ६ ओटा विषयमा २५ जनाका दरले जम्मा १५० जना प्रशिक्षक तालिम प्राप्त भएका भएका
- माध्यमिक तह अनिवार्य ५ विषयका १२३ जना शिक्षकले प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त भएका
- माध्यमिक तह कक्षा ११- १२ मा अनिवार्य विषय (नेपाली, अङ्ग्रेजी, गणित र सामाजिक अध्ययन तथा

जीवनोपयोगी) अध्यापन गर्ने ४ विषयका ९७ जना शिक्षकले प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त भएका

- ४५ जना शिक्षकले बहुकक्षा बहुस्तर तालिमको प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त भएका
- २१ जना शिक्षकले मातृभाषाको प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त भएका
- २५ जना शिक्षकले प्रधानध्यापकको नेतृत्व क्षमता विकाससम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त भएका
- २५ जना सहपाठी मेन्टरिङ, २५ जना बृत्ति परामर्श, २३ जना योग, ध्यान तथा स्वजागरणसम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम र २७ जनाले पाठ अध्ययनसम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त भएका
- सङ्घीय तहमा CSS मास्टर प्रशिक्षण प्याकेजको विकास तथा २५ जनालाई प्रशिक्षक प्रशिक्षण सम्पन्न गरिएको
- ४२ जना प्रशिक्षकहरूले अभिभावक शिक्षासम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त भएका

**IEMIS व्यवस्थापन**

- गण्डकी र मधेश प्रदेश गरी जम्मा १३२ विद्यालयको तथ्याङ्क सत्यापान भएको
- IEMIS प्रणाली सञ्चालन र त्यसबाट प्राप्त तथ्याङ्कको विश्लेषण गर्न सक्ने गरी जम्मा १३० जना मुख्य प्रशिक्षक उत्पादन गरिएको
- विद्यालय तहका सबै कक्षाको त्रैमासिक तथा वार्षिक परीक्षाको नतिजा व्यवस्थापन सम्बन्धी मोडुलको विकास भएको
- Flash I & II, Consolidate Report प्रकाशन भएको
- शैक्षिक तथ्याङ्क प्रकाशनको लागि Public Platform तयार भएको
- शैक्षिक सत्र २०८२ मा ३८५ र २०८३ मा ३३७ गरी जम्मा ७२२ ओटा विद्यालय मर्ज तथा समायोजन र १४६ ओटा विद्यालय बन्द गरी जम्मा ८६८ ओटा विद्यालय समायोजन भएको

### १.९.३ विश्वविद्यालय अनुदान आयोग

नेपाल सरकारले निर्धारण गरेका उच्च शिक्षाका उद्देश्य पूरा गर्दै राष्ट्रलाई आवश्यक पर्ने साधारण र प्राविधिक क्षेत्रका उच्च तथा विशिष्ट जनशक्ति उत्पादनको लागि स्थापित विभिन्न विश्वविद्यालयहरूको सञ्चालन तथा विकासको निम्ति विभिन्न क्षेत्रबाट प्राप्त अनुदानको रकम समुचित तवरले वितरण गर्न तथा विश्वविद्यालयहरूको शैक्षिक स्तर निर्धारण गरी गुणस्तरयुक्त शिक्षा प्रदान गर्न प्रोत्साहन दिनेसम्बन्धी काम गर्न विश्वविद्यालय अनुदान आयोगको स्थापना र व्यवस्था गर्न जरुरी देखिएकाले नेपालमा विक्रम संवत् २०५० सालमा विश्वविद्यालय अनुदान आयोग ऐनमार्फत अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्थाको रूपमा विश्वविद्यालय अनुदान आयोगको स्थापना भएको हो।

आयोगले विश्वविद्यालयबिच समन्वय, सरकारी अनुदान वितरण, नयाँ विश्व विद्यालय स्थापनार्थ नेपाल सरकारलाई राय सुझाव प्रदान, शैक्षिक गुणस्तर निर्धारण जस्ता कार्यहरू गर्दै आएको छ। उच्च शिक्षा हासिल गर्न योग्यता र प्रवृत्तिका आधारमा सबै विद्यार्थीको पहुँच सुनिश्चित गर्न, गुणस्तर र सान्दर्भिकतामा अभिवृद्धि गर्न, अनुसन्धान उन्मुख उच्च शैक्षिक संस्कृतिको विकास गरी उच्च शैक्षिक संस्थाहरूको सञ्चालनमा सुशासन कायम गर्न,

अध्ययन अध्यापन र अनुसन्धानको अनुकूल वातावरण निर्माण गर्न, विश्वविद्यालय तथा क्याम्पसहरूलाई सञ्चालन तथा विकास अनुदान, विद्यार्थीलाई छात्रवृत्ति तथा शोध सहयोग, अध्ययन अध्यापन तथा व्यवस्थापनमा संलग्न शिक्षक तथा कर्मचारीहरूको सिप, दक्षता, क्षमता अभिवृद्धिका लागि पुनर्ताजगीकरण, अनुसन्धान विधिको प्रशिक्षण, विद्वत्वृत्ति, अनुसन्धान अनुदान आदि सञ्चालन गरिएका छन्। सरकारले लिएको उद्देश्य अनुरूप उच्च शिक्षालाई समानता, समावेशी र पहुँचयोग्य हुने किसिमले संस्थागत तथा मानव स्रोत विकासका करिब ३० ओटा विभिन्न कार्यक्रमहरू हाल आयोगबाट विधिवत रूपमा सञ्चालनमा रहेका छन्।

विश्वविद्यालय अनुदान आयोगले नयाँ विश्वविद्यालय स्थापनाका लागि नेपाल सरकारलाई राय सुझाव प्रदान, विश्वविद्यालयहरूबिच समन्वय, सरकारी अनुदान वितरण, शैक्षिक गुणस्तर सुधार, अनुसन्धान प्रवर्धनसम्बन्धी कार्यहरू गर्दै आएको छ । उच्च शिक्षा हासिल गर्न योग्यता र प्रवृत्तिका आधारमा सबै विद्यार्थीको पहुँच सुनिश्चित गर्न, गुणस्तर र सान्दर्भिकतामा अभिवृद्धि गर्न, उच्च शैक्षिक संस्थाहरूलाई सञ्चालन तथा विकास अनुदान, विद्यार्थीलाई छात्रवृत्ति तथा शोध सहयोग, अध्ययन अध्यापन तथा व्यवस्थापनमा संलग्न शिक्षक तथा कर्मचारीहरूको सिप, दक्षता, क्षमता अभिवृदिका लागि पुनर्ताजगीकरण, अनुसन्धान विधिको प्रशिक्षण, विद्वत्वृत्ति, अनुसन्धान अनुदान आदि कार्यक्रम आयोगबाट नियमित रूपमा गरिँदै छन् । उच्च शिक्षालाई समानता, समावेशी र पहुँचयोग्य हुने किसिमले संस्थागत तथा मानव स्रोत विकासका करिब ५० ओटा विभिन्न कार्यक्रमहरू आयोगबाट सञ्चालनमा रहेका छन् । नेपालको उच्च शिक्षाको समग्र विकासका साथै उच्च शिक्षालाई सुशासन र गुणस्तरीयता बनाउन नेपाल सरकारबाट प्राप्त स्रोत र साधनलाई प्रभावकारी रूपमा उच्च शिक्षाको विकासमा परिचालन गर्न आयोगले आफ्ना काम कारबाहीमा पारदर्शिता, निष्पक्षता र जवाफदेहिता कायम गरी प्रभावकारी रूपमा कार्य सम्पादन गर्दै सेवाग्राहीप्रति समेत सदैव उत्तरदायी हुँदै आएको छ ।

## आयोगको काम, कर्तव्य र अधिकार

विश्वविद्यालय अनुदान आयोग ऐन,२०५०को दफा ६ मा उल्लिखित आयोगका काम, कर्तव्य र अधिकार देहायबमोजिम छन्ः

१. विश्वविद्यालय स्थापना गर्ने सम्बन्धमा नेपाल सरकारलाई परामर्श दिने
२. विभिन्न क्षेत्रबाट प्राप्त अनुदानको रकम विश्वविद्यालयहरूलाई प्रदान गर्ने सम्बन्धमा नीति निर्धारण गर्ने
३. विश्वविद्यालयहरूलाई अनुदान दिने तथा थप अनुदान माग गर्ने विश्वविद्यालयहरूको लागि सम्बन्धित निकायहरूमा सिफारिश गर्ने
४. विश्वविद्यालयहरूमा सञ्चालन गरिने शैक्षिक कार्यक्रम स्तरयुक्त बनाउन विश्वविद्यालयहरूबिच समन्वय कायम गराउने
५. शैक्षिक स्तर वृद्धिका लागि उपयुक्त कार्यक्रम तर्जुमा गर्ने
६. विश्वविद्यालयहरूमा उपयुक्त शैक्षिक स्तर निर्धारण गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने
७. नेपालभित्र तथा बाहिरका विश्वविद्यालय तथा शैक्षिक संस्थाहरूबिच छात्रवृत्ति, विद्धतवृत्ति आदि आदान-प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने
८. विश्वविद्यालयहरूबिच समन्वय कायम गर्न आयोगको कामकारवाहीको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेस गर्ने
९. आयोगको उद्देश्य पूर्तिको लागि तोकिएबमोजिमका अन्य कामहरू गर्ने

## आयोगबाट सम्पादित कार्य

१. कार्यक्रम कार्यविधि, २०८२ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको
२. गुणस्तर सुधार कार्यक्रमअन्तर्गतका प्राज्ञिक उत्कृष्टताका तथा अनुसन्धान प्रवर्धन अनुदानका लागि एम. फिल., पिएच. डी., स्पेसल अनुसन्धानहरूको छनोट भई सम्झौता प्रकियामा रहेको फ्याकल्टी अनुसन-धान र लघु अनुसन्धान प्रस्ताव सङ्कलन गरिएको
३. देशभर रहेका सामुदायिक क्याम्पसहरूबाट आ.व. ०८२/०८३ मा नियमित तर्फ ४६९ ओटा प्रस्ताव प्राप्त भएकामा ३८९ ओटा छनोट भएका, भौतिक विकासमा ६६ ओटा प्रस्ताव प्राप्त भएकामा २५ ओटा छनोट भएका, उपकरण १४९ प्रस्ताव प्राप्तमध्ये ५९ छनोट भएका, पुस्तक खरिदका लागि ९७ प्रस्ताव प्राप्त भएकामध्ये ३३ ओटा छनोट भएका, फर्निचर ९७ ओटा प्रस्ताव प्राप्त भएका मध्ये ४२ ओटा छनोट भएका, अतिरिक्त कियाकलाप १५ प्रस्ताव प्राप्त भएका मध्ये ९ ओटा छनोट भई रकम निकासा गरिएको आ.व. ०८२/०८३ मा जम्मा ५८३ क्याम्पसहरूलाई अनुदान प्रदान गरिएको
४. शैक्षिक गुणस्तर सुधार, क्षमता अभिवृद्धि, भ्रमण तथा अन्य विशेष कार्यक्रमअन्तर्गत अनुदान प्रदानका लागि ५२७ प्रस्ताव प्राप्त भएकामा ३०८ ओटा प्रस्ताव स्वीकृत गरिएको
५. समकक्षता सम्बन्धमा विश्वविद्यालय अनुदान आयोग ऐन २०५० मा संशोधन गरी २०८२ साउन १४ गते राजपत्रमा प्रकाशित भएको, आयोगले विभिन्न सम्बन्धित संस्थाहरूसँग छलफल पश्चात समकक्षता नियामवली तयार गरी आयोगमा पेस भएको
६. सहकार्यात्मक शैक्षिक उपाधि (Joint and Dual Degree Program) कार्यक्रम सम्बन्धमा नियमावली स्वीकृत भई सबै विश्वविद्यालयहरूलाई कार्यान्वयनका लागि पठाइएको
७. Credit Transfor नियमावली तयार गरी कार्यान्वयनका लागि विश्वविद्यालयहरूलाई पठाइएको
८. कार्यक्रम प्रत्यायन निर्देशिका तयार गरी परिषद्मा पेस गरिएको
९. उच्च शिक्षा अनुगमन तथा मूल्यांकन निर्देशिका २०८२ जारी भएको । उच्च स्तरीय अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिएको । १३० ओटा उच्च शैक्षिक संस्थाको डेक्स मनिटरिङ, ३५ ओटा सामुदायिक क्याम्पसहरूको स्थगलगत अनुगमन गरिएको
१०. मदनभण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयमा हाल सम्म ७८ विद्यार्थी भर्ना भई अध्ययनरत रहेको र १४ जना विधावारिधिमा संलग्न रहेको
११. सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयले प्रथम सभा सम्पन्न गरिएको । सोमार्फत आर्थिक, खरिद तथा कर्मचारी सम्बन्धी नियमावली स्वीकृत भएको। अर्थ मन्त्रालयबाट चालु आ.व. का ५ करोड रकम स्वीकृत भएतापनि हाल पदाधिकारीविहीन अवस्था भएकाले रकम माग नगरिएको
१२. वर्दिवास मेडिकल कलेज २०८० माघ ३ गतेको मन्त्रिपरिषद्को निर्णयबाट जग्गा सम्बन्धमा निर्णय भएको जग्गा स्वामित्व लिने प्रक्रिया अघि बढेको, EIA र सर्वाच्च अदालतले दिएको आदेशनुसार वृ-क्षरोपण कार्य सम्पन्न गरी त्यसको प्रतिवेदन वन विभागमा पेस भई DPR स्वीकृत भएको । हाल अनुगमनको लागि ५ सदस्सीय समिति गठन भएको वनसँग सम्झौताको प्रक्रिया अघि बढेको
१३. बुटबल मेडिकल कलेज DPR स्वीकृत भएको वन कटान आदेश स्वीकृत घेराबारका लागि बहुवर्षीय टेन्डर आव्हानका लागि स्रोत सुनिश्चतत्ता गर्न अर्थ मन्त्रालय योजना आयोगमा फाइल पेस गरिएको शिक्षा मन्त्रालयमार्फत फाइल फिर्ता भएको

१४. आर्थिक विपन्न दलित वा अपाङ्गता भएका वा मुक्त कमलरी, मुस्लिम महिला, सहिद परिवार, द्वन्द्व पीडितका लागि उच्च शिक्षा छात्रवृत्ति व्यवस्थापन एकीकृत निर्देशिकाअन्तर्गत निवेदन सङ्कलन गरी नतिजाका प्रकाशनका लागि तयारी अवस्थामा रहेको आ.व. २०८१/०८२ मा छनोट भएकाहरूको दोस्रो किस्ता रकम निकासा गरिएको

१५. डोम, वादी, चमार र मुसहरतर्फ स्नातक तह चिकित्साशास्त्र र इन्जिनियरिङ अध्ययनरत विद्यार्थी मेडिकलतर्फ ८ जना इन्जियिरङतर्फ ५ जना जम्मा १३ जना विद्यार्थी पास गरी सकेका र उनीहरूलाई कार्यस्थलमा खटाइसकिएको

१६. अन्तराष्ट्रिय सम्मेलन आयोजनाका लागि १८ ओटा प्रस्ताव उच्च शैक्षिक संस्थाहरूबाट प्राप्त भएको जसमध्ये १४ स्वीकृत भएको र १५ ओटा प्रस्ताव छनोट प्रक्रियामा रहेको

१७. विदेशमा आयोजना हुने सभा/सम्मेलन/गोष्ठी जस्ता कार्यक्रममा सहभागी हुन प्रदान गरिने आंशिक सहयोगका लागि भ्रमण अनुदानका लागि चालु आ.व मा जम्मा ५६ ओटा आवेदन प्राप्त भएकामा ४६ ओटा छनोट गरी अनुदान उपलब्ध गराइएको

१८. विश्वविद्यालय समुदाय सम्पर्क कार्यक्रमअन्तर्गत २२ ओटा प्रस्ताव प्राप्त भएका छन्, जसमध्ये योग्य १३ ओटा प्रस्ताव मूल्याङ्कनको चरणमा रहेको र अन्य क्षमता विकास कार्यक्रमअन्तर्गत ५२७ ओटा प्रस्ताव पेस भएकामा ३०८ प्रस्ताव स्वीकृत भएको

१९. राष्ट्रिय योग्यता परीक्षण तथा मापदण्ड निर्देशिका अर्थ मन्त्रालयबाट स्वीकृति भई पाठ्यक्रम निर्माणको कार्य परीक्षा सञ्चालन कार्यविधि तयार भइरहेको

२०. देशभर रहेका १६ ओटा विश्वविद्यालय सञ्चालनमा रहेको विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयबाहेक सबै विश्वविद्यालय विश्वविद्यालयहरूलाई चौथो त्रैमासिकवापत् विनियोजित रकम निकासा गरी चौथो तथा वार्षिक त्रैमासिक समीक्षा बैठक सम्पन्न गरिएको

२१. उच्च शिक्षाको राष्ट्रिय शैक्षिक क्यालेन्डर तयार भई कार्यान्वयनमा आइरहेको । हाल नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएको शासकीय सुधारसम्बन्धी कार्यसूची बुँदा ८७ को कार्यान्वयनका लागि हाल अभ्यासमा रहेको क्यालेन्डर परिमार्जनका लागि विश्वविद्यालयहरूलाई परिपत्र गरिएको

२२. लागत साझेदारी दक्ष प्राविधिक जनशक्ति विकास कार्यक्रमअन्तर्गत हाल सम्म ७८७ जना लाई छात्रवृत्ति उपलब्ध गराइएकामा ६६ जनाले सर्तअनुसार सेवाअवधि पूरा गरिसकेको ३२७ जना काममा खटाइएको बाँकी ५७ जनालाई काम खटाउनका लागि प्रकिया भइरहेको

### १.९.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न सुनियोजित रूपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको व्यवस्था गर्दै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई सुव्यवस्थित र स्तरयुक्त गर्न एवम् त्यस्ता तालिम दिने विभिन्न निकायहरूका बिच समन्वय कायम गर्न तथा सिपको स्तर निर्धारण एवम् प्रमाणीकरण गर्नको लागि २०४५ साल कार्तिक २८ गतेका दिन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ जारी गरी सोहीअनुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को स्थापना गरिएको हो।

## परिषद्को काम, कर्तव्य र अधिकार

ऐनको दफा ६ ले व्यवस्था गरेबमोजिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का काम, कर्तव्य र अधिकारहरूलाई निम्नानुसार उल्लेख गरिएको छ।

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विकास गर्नको लागि तोकिएबमोजिमका विभिन्न शिक्षण प्रशिक्षण र अनुसन्धानको व्यवस्था गर्ने र त्यसको सञ्चालनको व्यवस्था मिलाउने
२. निजी एवम् गैरसरकारी क्षेत्रमा स्थापना वा सञ्चालन हुने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको अध्यापन वा सञ्चालनको स्वीकृति दिने र तिनीहरूले पाउने सुविधा र सहयोगसम्बन्धी व्यवस्था गर्ने
३. प्राविधिक शिक्षा एवम् व्यावसायिक तालिमको सम्बन्धमा स्वदेशी विश्वविद्यालय वा शैक्षिक संस्थासँग सम्बन्ध कायम गर्ने र स्तरयुक्त शिक्षा वा तालिममा जोड दिने
४. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसम्बन्धी नीति निर्धारण गरी सभामा स्वीकृतिको लागि पेस गर्ने
५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरूको क्षेत्र र स्तर निर्धारण गर्ने
६. आधारभूत तहको सिप तथा तालिम सञ्चालन गर्ने र मध्यमस्तरीय जनशक्ति उत्पादन गर्ने
७. बहुप्राविधिक (पोलिटेक्निक) शिक्षालय स्थापना एवम् सञ्चालन गर्ने गराउने
८. नेपाल सरकारको स्वामित्वमा रहेका सङ्गठित संस्था तथा गैर सरकारी सङ्गठित संस्थाद्वारा सिप विकासको निमित्त दिइने व्यावसायिक तालिमको पाठ्यक्रम र पाठ्यपुस्तक निर्धारण समितिले निर्धारण गरेबमोजिम लागु गर्ने गराउने
९. विभिन्न तालिमसम्बन्धी कार्यक्रमहरूबिच समन्वय कायम गर्ने गराउने
१०. प्राविधिक प्रशिक्षकसम्बन्धी तालिम सञ्चालन गर्ने गराउने
११. एप्रेन्टिससिप तालिमसम्बन्धी आवश्यक व्यवस्था मिलाउने
१२. प्राविधिक शिक्षालयको क्षेत्रभित्र विभिन्न स्थानमा अल्पकालिन वा घुम्ती तालिम कार्यक्रम सञ्चालन गर्न प्रशिक्षण केन्द्रहरू, पाठ्यविषय (ट्रेनिङ प्याकेज) तथा तालिम दिने शिक्षकसम्बन्धी आवश्यक व्यवस्था मिलाउने
१३. सिपको वर्गीकरण, परीक्षण तथा प्रमाणीकरणसम्बन्धी व्यवस्था गर्ने गराउने
१४. सिप प्रमाणिका बनाउने र सिपको स्तर निर्धारण गर्ने
१५. सरकारी तथा गैरसरकारी निकायहरूले सञ्चालन गरी आएका सेवाकालीन तथा पूर्व सेवाकालीन, प्राविधिक तथा व्यावसायिक तालिम पाठ्यक्रममा सामञ्जस्य ल्याई त्यस्ता तालिमहरूको राष्ट्रिय स्तरमा मूल्याङ्कन गरी स्तर निर्धारण गर्ने र मान्यता प्रदान गर्ने
१६. आधारभूत, मध्यमस्तरीय तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न आवश्यक कार्य गर्ने गराउने
१७. सभाले पारित गरेको कार्यक्रमको कार्यान्वयन गर्ने गराउने
१८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट सहयोग जुटाउने र प्राप्त सहयोगको सुव्यवस्थित रूपले परिचालन गर्ने गराउने
१९. नेपाल सरकारलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि आवश्यक परामर्श दिने

२०. नेपाल सरकारको पूर्व स्वीकृति लिई स्वदेशी, विदेशी वा अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सम्झौता वा करार गर्ने

२१. परिषद्को वार्षिक बजेट, प्रगति प्रतिवेदन, लेखा परीक्षण र अन्य प्रतिवेदन स्वीकृत वा अनुमोदन वा जानकारीको लागि सभामा पेस गर्ने

२२. यस ऐनको उद्देश्य कार्यान्वयनको लागि आवश्यक अन्य कार्यहरू गर्ने गराउने

**परिषद्बाट सम्पादित कार्य**

१. १०३० जना प्रशिक्षार्थीहरू २४ महिने तालिममा भर्ना भएका छन् । गत वर्ष तालिममा सहभागी भएका ९०२ जनाले तालिम सम्पन्न गरेका छन् भने ४२% प्रशिक्षार्थीहरूले अन्तिम परीक्षा उतिर्ण गरेका छन् । ट्रेसर अध्ययनकाअनुसार तालिम सम्पन्न गरेका मध्ये ७५% रोजगारीमा आवद्ध रहेका छन् । सामाजिक विकास मन्त्रालय कोशी, बागमती, लुम्बिनी र सुदूरपश्चिमले १९० जना थप प्रशिक्षार्थीहरू प्रदेशको आन्तरिक बजेटमार्फत कार्यक्रम सञ्चालन गरेको

२. यस वर्ष थप ३६० जना प्रशिक्षार्थीहरू कार्यगत अभ्यास सहितको तालिम (१० महिने तालिम ) मा सहभागी भएका छन् ।यस अगाडि तालिम लिएकामध्ये ७५% ले सिप परीक्षण उत्तीर्ण गरेका छन् भने ६७% रोजगारीका क्रममा रहेका छन् । उनीहरूको औसत मासिक आम्दानी २८,०००/- भन्दा माथि रहेको पाइएको छ ।

३. यो कार्यक्रम आ.व. २०८२/८३ मा ७ ओटै प्रदेशका ८८३ ओटा विद्यालयमा सञ्चालन भई २२२४९ जना विद्यार्थी सहभागी भएका छन् भने ७ ओटै प्रदेशमा सञ्चालनमा रहेको वृत्ति मार्ग निर्देशन सेवा केन्द्र जम्मा ३५१४९ युवा, विद्यार्थीले सेवा प्राप्त गरेका छन् ।४०० जना शिक्षकहरूले वृत्ति मार्ग निर्देशन कार्यक्रम सम्बन्धी ७ दिने तालिम प्राप्त गरेका छन् ।परियोजना सञ्चालन हुने ३३ ओटामध्ये ३० ओटा स्थानीय तहहरू र अन्य ५७ ओटा स्थानीय तहहरूले आन्तरिक बजेटमार्फत वृत्तिमार्ग निर्देशन कार्यक्रम सञ्चालन गरेका छन् ।

४. विद्यार्थीलाई विद्यालय शिक्षाबाट रोजगारी, स्वरोजगार वा प्राविधिक शिक्षातर्फ सफल रूपमा अघि बढ्न आवश्यक ज्ञान, सिप, व्यवहार र व्यावहारिक अनुभव प्रदान गर्दै कामको संसारसँग परिचित गराई सूचित तथा उपयुक्त करियर छनोट गर्न सक्षम बनाउने उद्देश्यले ७ ओटै प्रदेशका १६५ ओटा विद्यालयहरूका १२८५४ विद्यार्थी कार्यक्रममा सहभागी भई व्यावहारिक ज्ञान हासिल गरेका छन् ।

५. उद्योगहरूसँगको सहलगानीमा आ.व. २०८२/८३ मा १५५३ जना उद्योगमा कार्यरत कामदारहरूलाई सिप स्तरोन्नति तालिम प्राप्त गरेका छन्। यस अगाडि तालिम प्रदान गरिएका सहभागीहरूको ट्रेसर अध्ययनअनुसार तालिममा सहभागी उद्योगहरूमध्ये ९९% उद्योगहरू यस प्रकृतिका तालिमबाट उनीहरूको उत्पादकत्वमा वृद्धि भई उद्योगलाई फाइदा पुगेको जनाएका छन् भने अर्कोतर्फ तालिम लिएका सहभागी मध्ये २७% को तलबमान वृद्धि भएको पाइएको छ ।

### १.९.५ शिक्षक सेवा आयोग

शिक्षा ऐन, २०२८ संशोधन सहितको दफा ११ ख. मा "सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दीअनुसार रिक्त शिक्षक तथा कर्मचारी पदको नियुक्ति तथा त्यस्तो पदमा नियुक्त शिक्षक तथा कर्मचारीको

बढुवाको लागि सिफारिस गर्न एक शिक्षक सेवा आयोग गठन हुने छ" भन्ने व्यवस्था भएबमोजिम सामुदायिक विद्यालयका नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा शिक्षक तथा कर्मचारीहरूको स्थायी नियुक्ति र बढुवाको लागि विज्ञापन प्रकाशन गरी खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाहरू सञ्चालन तथा व्यवस्थापन गरी नियुक्तिको लागि सिफारिश गर्न शिक्षक सेवा आयोगको गठन गरिएको हो।

शिक्षा ऐनमा भएको सातौं संशोधनले आयोगबाट अध्यापन अनुमतिपत्र नलिई कसैले पनि शिक्षक हुन नपाउने व्यवस्था गरेपछि शिक्षक पदमा उम्मेदवार हुन आवश्यक पर्ने अध्यापन अनुमतिपत्र वितरण गर्ने जिम्मेवारीसमेत आयोगले पूरा गर्दै आइरहेको छ।

### आयोगको काम कर्तव्य र अधिकार

शिक्षक सेवा आयोग नियमावली (संशोधन सहित), २०५७अनुसार आयोगको काम, कर्तव्य र अधिकार यस प्रकार रहेको छ।

१. शिक्षकको स्थायी नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्ने कार्य
२. विद्यालयमा अध्यापन गर्न चाहनेलाई आवश्यक प्रक्रिया पुर्‍याई अध्यापन अनुमतिपत्र दिने कार्य
३. अध्यापन अनुमतिपत्रको लागि लिइने परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने तथा परीक्षासम्बन्धी कार्य
४. शिक्षकको सेवा, सर्त र सुविधासम्बन्धी विषयमा मन्त्रालयलाई सुझाव दिने कार्य
५. शिक्षकको नियुक्ति तथा बढुवाको लागि लिइने परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने तथा परीक्षासम्बन्धी अन्य कार्य
६. ऐन वा यस नियमावलीबमोजिम आयोगले गर्नुपर्ने काम कारबाहीको विषयमा आवश्यकताअनुसार निरीक्षण तथा जाँचबुझ गर्ने कार्य
७. प्रचलित ऐन नियमअनुसार आयोगको पदाधिकारीले गर्ने कार्य
८. उजुरी परेको अवस्थामा बाहेक नतिजा प्रकाशन भएको एक वर्षपछि परीक्षासम्बन्धी कागजातहरू धुल्याउने कार्य
९. प्रचलित ऐन वा नियमावलीबमोजिम आयोगले गर्नुपर्ने काम कारबाहीको विषयमा आवश्यकताअनुसार निरीक्षण तथा जाँचबुझ गर्ने कार्य
१०. आयोगको वार्षिक प्रतिवेदन तयार गरी नेपाल सरकारसमक्ष पेस गर्ने कार्य

### आयोगबाट सम्पादित कार्य

१. वार्षिक कार्यतालिका प्रकाशन गरेको
२. स्थायी शिक्षक पदपूर्तिका लागि विज्ञापन, परीक्षा सञ्चालन एवम् नतिजा प्रकाशन गरी माध्यमिक तहमा ३७० पदमध्ये ३५६ जना र निम्न माध्यमिक तहमा ६८६ पदमध्ये ६२४ जना उम्मेदवारलाई स्थायी शिक्षक पदमा नियुक्तिका लागि सिफारिस गरिएको
३. अध्यापन अनुमतिपत्रका लागि विज्ञापन, परीक्षा सञ्चालन एवम् नतिजा प्रकाशन गरी माध्यमिक तहमा २३५८९ जना र निम्नमाध्यमिक तहमा ३५२६८ जना गरी ५८८५७ जनालाई अध्यापन अनुमतिपत्र वितरण गरिएको

४. तीनै तहमा कार्यरत स्थायी शिक्षकहरू मध्ये १८३८ जना ( आन्तरिक प्रतिस्पर्धात्मक परीक्षाबाट ४६१ जना र कार्यसम्पादन मूल्याङ्कनबाट १३७७ जना) शिक्षकहरूलाई बढुवा नियुक्तिका लागि सिफारिस गरिएको
५. अध्यापन अनुमतिपत्र, स्थायी नियुक्ति र आन्तरिक प्रतियोगितात्मक परीक्षाको लागि ५१ थान प्रश्नपत्र सेट तयार गरिएको र १७ सेट प्रयोग गरी ३४ सिट प्रश्नपत्र बैङ्कमा राखिएको
६. अनलाइन प्रणालीमार्फत दरखास्त दिने उम्मेदवारहरूको राजस्व रकम भुक्तानी सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त पत्रअनुसार RMIS version 2 लाई आयोगको अनलाइन integration पोर्टलमा गरिएको
७. कार्यसम्पादन मूल्याङ्कनका आधारमा हुने बढुवाको शिक्षा विकास निर्देशनालयमार्फत नतिजा प्रकाशन गरिएको

### १.९.६ चिकित्सा शिक्षा आयोग

नेपालको संविधानले शिक्षा र स्वास्थ्यलाई नागरिकका आधारभूत आवश्यकता एवम् नैसर्गिक अधिकारका रूपमा स्वीकार गरी मौलिक हकको रूपमा राखेको छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्रले सुलभ र गुणस्तरीय शिक्षा र स्वास्थ्यको अधिकारलाई सुनिश्चित गरेको छ। त्यसैको फलस्वरूप नेपाल सरकारले आवधिक योजना र वार्षिक कार्यक्रम तथा बजेटमा शिक्षा र स्वास्थ्यका विषयलाई उच्च प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ।

विभिन्न समयमा नागरिक समाज संवाद, दबाब समूह एवम् सरोकारवालाहरूबाट प्रस्तुत मागहरूको सम्बोधन एवम् नेपालको संविधान तथा कानुनबाट प्रत्याभूत गुणस्तरीय चिकित्सा शिक्षामा नागरिकको सहज पहुँच अभिवृद्धिका लागि चिकित्सा शिक्षाको क्षेत्रमा समसामयिक सुधार गर्न नेपाल सरकारले विभिन्न समयमा विभिन्न आयोग, कार्यदल र समितिहरू गठन गरी सुझाब प्रतिवेदनसमेत लिने कार्य भएको पाइन्छ।

चिकित्सा शिक्षाको क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्ने, चिकित्सा शिक्षालाई नेपालको राष्ट्रिय आवश्यकता अनुरूप विकास गरी चिकित्सा शिक्षाको नियमनलाई एकीकृत तथा चुस्त बनाउन, चिकित्सा शिक्षासम्बन्धी शिक्षण संस्थाको स्थापना र सञ्चालनसम्बन्धी कार्यलाई व्यवस्थित गर्न तथा चिकित्सा शिक्षामा गुणस्तर, पेसाधर्मिता, संस्थागत जवाफदेही, भौगोलिक सन्तुलन र सामाजिक न्याय कायम गरी, विपन्नलगायत सबै विद्यार्थीको समान पहुँच सुनिश्चित गर्नका लागि चिकित्सा शिक्षा सुधार गर्ने सम्बन्धमा विभिन्न समयमा गठित आयोग, समिति तथा कार्यदलको प्रतिवेदनको मर्म र भावनासमेतलाई मध्यनजर गरी चिकित्सा शिक्षा आयोगको स्थापना र सञ्चालन गर्न विक्रम संवत् २०७५ फागुन १० मा राष्ट्रिय चिकित्सा शिक्षा ऐन जारी भएबमोजिम चिकित्सा शिक्षा आयोग स्थापना भई सञ्चालनमा रहेको छ।

#### आयोगको काम, कर्तव्य र अधिकार

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ६ मा चिकित्सा शिक्षा आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार हुने व्यवस्था छ।

१. चिकित्सा शिक्षाको क्षेत्रमा अवलम्बन गर्नुपर्ने राष्ट्रिय नीति तय गर्ने
२. सङ्घ तथा प्रदेश तहका चिकित्सा शिक्षाको सबै तह तथा विधाको मापदण्डसम्बन्धी नीति तथा मापदण्ड निर्धारण गर्ने
३. एकीकृत प्रवेश परीक्षा (कमन इन्ट्रान्स) सञ्चालनका लागि नीति तथा मापदण्ड निर्धारण गर्ने
४. प्रत्यायनसम्बन्धी नीति, आधार तथा मापदण्ड निर्धारण गर्ने
५. प्राज्ञिक उन्नयन तथा अनुसन्धानसम्बन्धी नीति निर्धारण गर्ने
६. चिकित्सा शिक्षाको विषयमा विश्वविद्यालय, प्रतिष्ठान र परिषद्लाई आवश्यकताअनुसार निर्देशन दिने
७. नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका लागि प्रत्यायनका आधार स्वीकृत गर्ने
८. आशय पत्र, सम्बन्धन र सम्बन्धन खारेजीसम्बन्धी नीति र मापदण्ड तय गर्ने
९. नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले लिएको परीक्षामा उत्तीर्ण हुने चिकित्सकलाई उपाधि प्रदान गर्ने
१०. आयोगको वार्षिक बजेट तथा आयोगको लागि आवश्यक कर्मचारीको दरबन्दी स्वीकृत गर्ने
११. शिक्षण संस्था स्थापनाका लागि नक्साङ्कन स्वीकृत गर्ने
१२. तोकिएबमोजिमका अन्य कार्य गर्ने

**आयोगबाट सम्पादित कार्य**

१. आयोगको काम कारबाहीलाई व्यवस्थित गर्ने विभिन्न ९ ओटा कार्यविधिहरू स्वीकृति भएको
२. वर्ष २०८३।०८४ मा स्नातक तथा DM/MCh तहका शैक्षिक कार्यक्रम सञ्चालनका लागि इच्छुक शिक्षण संस्थाहरूबाट सेल्फ अप्राइजल फाराम भराउने कार्य सम्पन्न भएको
३. भर्ना वर्ष २०८३/८४ का लागि स्नातक तथा DM/MCh तहको सिट निर्धारणका लागि शिक्षण संस्थाहरूको स्थलगत अनुगमन गर्न विज्ञसहितको अनुगमन टोली खटाउन आवश्यक गृहकार्य पूरा स्नातक, स्नातकोत्तर र DM/MCh तहका विद्यार्थीलाई निःशुल्क अध्ययन गराए बापत सार्वजनिक शिक्षण संस्थाहरूलाई अनलाइन प्रणालीमार्फत अनुदान रकम निकासा भएको
४. आ व २०८३।८४ का लागि आयोगको वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा भएको
५. छात्रवृत्ति कोटामा सिफारिस भएका विद्यार्थीको अध्ययन निरन्तरता सम्बन्धमा स्थलगत अनुगमन गरी विद्यार्थी सत्यापन भएको
६. भर्ना वर्ष २०८३।०८४ मा सञ्चालन गरिने विभिन्न तहको एकीकृत प्रवेश परीक्षा र सोसँग सम्बन्धित कार्यहरूको व्यवस्थापनका लागि शैक्षिक क्यालेन्डर निर्माण गरिएको
७. चिकित्सा शिक्षाको स्नातक तहमा ४९८ जना, स्नातकोत्तर तहमा ८२ जना, फेलोसिपमा १४ जना DM/MCh मा १२ जना र PhD मा १५ जना गरी कुल ६२१ जना विद्यार्थीलाई वैदेशिक अध्ययन अनुमतिपत्र (Eligibility Letter) प्रदान गरिएको (आ. व. २०८२।८३ को अवधिमा UG : 1826, PG: 324, Fellowship: 56, DM/MCh: 30, PhD: 25, Total: 2261 जनालाई यस्तो पत्र प्रदान गरिएको)
८. चिकित्सा शिक्षा आयोगको कार्यक्षेत्र, छात्रवृत्ति प्रबन्ध, शुल्क निर्धारण र कार्य सञ्चाल प्रणालीका मामलामा विस्तृत अध्ययन सम्बन्धमा नीति अनुसन्धान प्रतिष्ठान समन्वय गरिएको
९. चिकित्सा शिक्षा स्नातकोत्तर तहको पाठ्यक्रम प्रारूप निर्माणका लागि विषयगत कार्यदलहरूसँग समन्वय भएको

१०. स्नातक तहको एकीकृत प्रवेश परीक्षाका लागि Physics, Chemistry and Biology विषयको Syllabus Update गरिएको
११. स्नातकोत्तर तहको समापन र वैकल्पिक म्याचिङ सम्पन्न गरी कक्षा प्रारम्भ भएको भर्ना वर्ष २०८३।८४ मा सञ्चालन गरिने विभिन्न तहको एकीकृत प्रवेश परीक्षाको तयारी भएको (विषय विज्ञहरूबाट प्रश्नपत्र निर्माण गराई सङ्कलन गर्ने कार्य भएको)
१२. भर्ना वर्ष २०८३/८४ का लागि स्नातक तथा DM/MCh तहको सिट निर्धारणका लागि शिक्षण संस्थाहरूको स्थलगत अनुगमन गर्न विज्ञसहितको अनुगमन टोली खटाउन आवश्यक गृहकार्य पूरा भएको
१३. स्नातक, स्नातकोत्तर र DM/MCh तहका विद्यार्थीलाई निःशुल्क अध्ययन गराए बापत सार्वजनिक शिक्षण संस्थाहरूलाई अनलाइन प्रणालीमार्फत अनुदान रकम निकासा भएको
१४. स्नातकोत्तर तहको समापन र वैकल्पिक म्याचिङ सम्पन्न गरी कक्षा प्रारम्भ गरिएको
१५. भर्ना वर्ष २०८३।८४ मा सञ्चालन गरिने विभिन्न तहको एकीकृत प्रवेश परीक्षाको तयारी भएको (विषय विज्ञहरूबाट प्रश्नपत्र निर्माण गराई सङ्कलन गर्ने कार्य भएको)

### १.९.७ राष्ट्रिय परीक्षा बोर्ड

शिक्षा (आठौं संशोधन) ऐन, २०७३ को कार्यान्वयनसँगै उच्च माध्यमिक परीक्षा परिषद् खारेज भई राष्ट्रिय परीक्षा बोर्ड सञ्चालनमा आएको छ। साविकको उच्च माध्यमिक शिक्षा परिषद्बाट सम्पादन हुँदै आएका सम्बन्धन, विद्यालय अनुमति, छात्रवृत्ति र विद्यालय सञ्चालनसम्बन्धी कार्य स्थानीय तहबाट व्यवस्थापन गरिने र पाठ्यक्रम निर्माण, विकास र समकक्षतासम्बन्धी कार्य पाठ्यक्रम विकास केन्द्रबाट गरिने गरी कार्यक्षेत्र निर्धारण गरेबमोजिम विद्यालय शिक्षा परीक्षा (SEE) एवम् माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) सम्बन्धी सम्पूर्ण कार्य राष्ट्रिय परीक्षा बोर्डबाट हुँदै आएको छ। कक्षा १० को परीक्षा प्रादेशिक स्तरमा सञ्चालन गर्ने र समग्र विद्यालय शिक्षाको परीक्षा समेतलाई दिशानिर्देश गर्ने दायित्व राष्ट्रिय परीक्षा बोर्डको रही आएको छ। बोर्डका ७ ओटा प्रदेश कार्यालय र ५ ओटा शाखा कार्यालयहरूले जिल्लास्थित शिक्षा विकास तथा समन्वय एकाइसँग समन्वय गरी सेवा प्रवाह गरिरहेका छन्।

**बोर्डको काम, कर्तव्य अधिकार**

१. मन्त्रालयले स्वीकृत गरेको परीक्षासम्बन्धी नीतिको अधिनमा रही बोर्डको नीति निर्धारण गरी कार्यान्वयन गर्ने गराउने
२. बोर्डको दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गर्ने गराउने
३. विद्यालय शिक्षा परीक्षाको मर्यादा र गुणस्तर कायम भए नभएको सम्बन्धमा मूल्याङ्कन गर्ने गराउने
४. बोर्डको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने
५. बोर्डको काम सुचारु रूपमा सञ्चालन गर्न आवश्यक आर्थिक स्रोत जुटाउने
६. बोर्डको मासिक, आवधिक तथा वार्षिक प्रतिवेदन मन्त्रालयमा पेस गर्ने

## माध्यमिक शिक्षा परीक्षा कक्षा १०: २०८२ को नतिजा विवरण

### प्रदेशगत रूपमा

| क्र.सं. | ग्रेड समूह | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | GPA 1.60 To < 2.00 | ४ | १ | ० | ० | ० | ० | २ | ७ |
| २ | GPA 2.00 To < 2.40 | ११११ | ५७० | ६८३ | ४१३ | ९२४ | ५८९ | ९०० | ५१९० |
| ३ | GPA 2.40 To < 2.80 | ९७६७ | ९०८० | ९५८६ | ५३५४ | १००१२ | ५६१९ | ६५५९ | ५५९७७ |
| ४ | GPA 2.80 To < 3.20 | १६४०४ | १५८३४ | २१५७८ | ९४४५ | १४९८५ | ७६३० | ८३४६ | ९४२२२ |
| ५ | GPA 3.20 To < 3.60 | १४९३० | १२९३५ | २४८३७ | ७३३९ | ११८९९ | ३९८९ | ४४४३ | ८०३७२ |
| ६ | GPA 3.60 To <= 4.00 | ८६७४ | ६१७२ | २०४२९ | ३९९९ | ६४३६ | १२६८ | १४१४ | ४८३९२ |
| | NG | २१३६६ | ३१७२५ | २१७०४ | ९९४३ | २७८९३ | १३२४१ | २०६३५ | १४६५०७ |
| | **Total Students** | ७२२५६ | ७६३१७ | ९८८१७ | ३६४९३ | ७२१४९ | ३२३३६ | ४२२९९ | ४३०६६७ |
| | **Total Graded** | ५०८९० | ४४५९२ | ७७११३ | २६५५० | ४४२५६ | १९०९५ | २१६६४ | २८४१६० |
| | **Grade Percentage** | ७०.४३ | ५८.४३ | ७८.०४ | ७२.७५ | ६१.३४ | ५९.०५ | ५१.२२ | ६५.९८ |

## माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा २०८२ को नतिजा विवरण

### कक्षा १२ को नियमिततर्फ २०८२ र २०८३ को तुलनात्मक नतिजा

| क्र.सं. | ग्रेड समूह | २०८२ साल | २०८३ साल |
|---|---|---|---|
| १ | GPA 3.61 to 4.0 | १३५०२ | १७७८६ |
| २ | GPA 3.21 to 3.60 | ५५८९६ | ६४८२१ |
| ३ | GPA 2.81 to 3.20 | ९४२६८ | ९४२४९ |
| ४ | GPA 2.41 to 2.80 | ६९८१२ | ५०५९७ |
| ५ | GPA 2.01 to 2.40 | ८९६४ | ४३०८ |
| ६ | GPA 1.61 to 2.0 | २३ | ९ |
| | GPA GAIN | २४२४६५ | २३१७७० |
| | GPA GAIN% | ६१.१७ | ६९.७५ |
| | NG (Not Graded) | १५३८८२ | १००४७१ |
| | **Total** | ३९६३४७ | ३३२२४१ |

### बोर्डबाट सम्पादित कार्यहरू

१. नयाँ अध्यापन अनुमति लिएका १९३ ओटा विद्यालयको GIS नक्साङ्कन कार्य सम्पन्न भएको

२. Hello सरकारको portal र शिक्षा तथा खेलकुद मन्त्रालयमार्फत ११६ ओटा गुनासो प्राप्त भएकामा सबै गुनासो फछ्र्यौट गरिएको

३. सूचनाको हकसम्बन्धी २२ निवेदन प्राप्त भएकामा मागबमोजिम सूचना उपलब्ध गराएको
४. गुणस्तरीय सेवा प्रवाहका लागि कर्मचारी अभिमुखीकरण तथा परीक्षा व्यवस्थापनसम्बन्धी तालिममा १०३ जना कर्मचारी सहभागी भएका
५. ३ विषयका (अनिवार्य नेपाली, सामाजिक अध्ययन र लेखाविधि) ७३ जना शिक्षकका लागि कक्षा १२ को उत्तरपुस्तिका परीक्षण, सम्परीक्षण तथा प्रश्नपत्र निर्माणसम्बन्धी कार्यशाला सम्पन्न भएको
६. रिक्त दरबन्दीमा लोकसेवामार्फत कर्मचारी पदपूर्ति - ७७ जना
७. कर्मचारी क्षमता अभिवृद्धिसम्बन्धी १७ जना कर्मचारीलाई तालिम प्रदान गरिएको
८. कर्मचारी सेवा प्रवेश तालिम — २३ जना
९. OJT (व्यावहारिक अभ्यास) को अभिमुखीकरण — १८० जना सहभागी (दाङ, धनकुटा र नुवाकोटमा कार्यक्रम सञ्चालन)
१०. अपाङ्गता भएका परीक्षार्थीहरूको परीक्षा सहजीकरणसम्बन्धी निर्देशिका निर्माण गरी निर्देशिका स्वीकृतिको लागि बोर्डबाट शिक्षा तथा खेलकुद मन्त्रालयमा पठाएको
११. अपाङ्गता भएका परीक्षार्थीहरूको परीक्षा सहजीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम बुटवल, हेटौंडा, सुर्खेत र सुनसरीमा सञ्चालन, सहभागी सङ्ख्या -२३१
१२. स्तरीकृत परीक्षा सञ्चालनका लागि कक्षा १२ को ४ विषय (नेपाली, लेखाशास्त्र, सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा र रसायनशास्त्र) को आइटम निर्माण, विश्लेषण र परिमार्जनसम्बन्धी कार्य सम्पन्न
१३. नतिजा विश्लेषणको लागि समिति गठन भई प्रतिवेदन प्राप्त भएको
१४. परीक्षाका कार्य, प्रमाणपत्र वितरण/नाम, थर, जन्ममिति संशोधन/परीक्षाका त्रुटिहरू सच्याउनेलगायतका कार्यहरू नियमित र समयमै सम्पादन भइरहेको
१५. कक्षा १० को वार्षिक परीक्षाको नतिजा २९ दिनमा प्रकाशन भएको
१६. कक्षा १२ को वार्षिक परीक्षाको नतिजा ४० दिनमा प्रकाशन भएको

### १.९.८ पाठ्यक्रम विकास केन्द्र

शिक्षाको राष्ट्रिय उद्देश्य प्राप्तिका लागि विद्यालय शिक्षाको पाठ्क्रम, पाठ्यपुस्तक र अन्य शैक्षणिक सामग्रीको विकास गर्ने उद्देश्यले शिक्षा तथा खेलुकद मन्त्रालयअन्तर्गत प्राज्ञिक केन्द्रको रूपमा पाठ्यक्रम विकास केन्द्रको स्थापना भएको हो। सुरुमा वि.सं. २०२८ सालमा पाठ्यपुस्तक तथा सुपरिवेक्षण केन्द्रको नामबाट सञ्चालित यस केन्द्र वि.सं. २०५४ सालदेखि पाठ्यक्रम विकास केन्द्रको रूपमा सञ्चालनमा रही आएको छ।

#### पाठ्यक्रम विकास केन्द्रको कार्यविवरण

पाठ्यक्रम विकास केन्द्रको समग्र कार्यविवरण देहायबमोजिम उल्लेख गरिएका छन् :

१. विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप विकास तथा पाठ्यक्रम, पाठ्यपुस्तक, पाठ्यसामग्री एवम् विद्यार्थी मूल्याङ्कनसम्बन्धी गुणस्तर मापदण्ड निर्धारणसम्बन्धी कार्य
२. विद्यालय शिक्षाको पाठ्यक्रम तथा पाठ्यसामग्री सम्बन्धी योजना तथा कार्यक्रम विकास, कार्यान्वय, मूल्याङ्कन गर्ने कार्य

३. पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री (डिजिटल पाठ्यसामग्री समेत) विकाससम्बन्धी कार्य
४. थप पाठ्यसामग्रीको अनुमति तथा स्वीकृति तथा अनुगमनसम्बन्धी कार्य
५. पाठ्यक्रम कार्यान्वयन, मूल्याङ्कन, नियमन, अध्ययन अनुसन्धान तथा अनुगमनसम्बन्धी कार्य
६. विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्राप्त उपाधिहरूको मान्यता तथा समकक्षता (Equivalence) निर्धारण गर्ने मापदण्ड कार्यान्वयनसम्बन्धी कार्य
७. स्वदेशी र विदेशी पाठ्यक्रमको तुलनात्मक मूल्याङ्कन गरी समकक्षतासम्बन्धी विवादहरू निरूपणसम्बन्धी कार्य
८. विद्यालय शिक्षाको मान्यता तथा समकक्षतासम्बन्धी कार्य
९. पाठ्यक्रम तथा पाठ्यसामग्री एवम् विद्यार्थी मूल्याङ्कनसम्बन्धी गोष्ठी, सेमिनार तथा कार्यशाला सञ्चालन गर्ने गराउने कार्य
१०. प्रदेश तथा स्थानीय तहहरूसँग पाठ्यक्रम सम्बद्ध क्रियाकलापमा समन्वय, क्षमता विकास, प्राविधिक सहयोग र सहजीकरणसम्बन्धी कार्य
११. शिक्षा तथा खेलकुद मन्त्रालयले तोकेबमोजिमको अन्य कार्य

**पाठ्यक्रम विकास केन्द्रबाट सम्पादित कार्यहरू**

१. विभिन्न १७ ओटा विषयका पाठ्यक्रम विकास तथा परिमार्जन गरेको । माध्यमिक शिक्षा, कक्षा ९ र १० को पशुपालन, तरकारी खेती, सिलाइ बुनाइ, आधारभूत तह, कक्षा ४ र ५ को स्थानीय ज्ञान, सिप र प्रविधि (स्थानीय तहका लागि नमुना पाठ्यक्रम), आधारभूत तह, कक्षा ६ देखि ८ को स्थानीय ज्ञान, सिप र प्रविधि (स्थानीय तहका लागि नमुना पाठ्यक्रम), आधारभूत तह, कक्षा ६ देखि ८ को योग, प्राकृतिक चिकित्सा र आयुर्वेद (उद्यमशीलतामा आधारित, स्थानीय तहका लागि नमुना पाठ्यक्रम), माध्यमिक शिक्षा कक्षा ११ र १२ को पाठ्यक्रम र मूल्याङ्कन, कानुन विषयका कक्षा ११ र १२ का विधिशास्त्र तथा नेपाली कानुनी प्रणाली (Nepali Legal System), कार्यविधि कानुन (Procedural Law), कानुनी मस्यौदा (Legal Drafting), संवैधानिक कानुन, देवानी तथा फौजदारी कानुन र न्याय, कक्षा ६ देखि ८ को नागरिक तथा नैतिक शिक्षा पाठ्यक्रम स्थानीय तहका लागि नमुना पाठ्यक्रम, माध्यमिक शिक्षा, कक्षा ९-१० को तन्त्रशास्त्र र जनसङ्ख्या शिक्षा विषयका पाठ्यक्रम विकास भएका
२. विभिन्न २८ ओटा विषयका पाठ्यपुस्तक विकास र परिमार्जन गरेको छ, जसमा Optional Mathematics, Grade 9 (English version), ऐच्छिक गणित, कक्षा १० (नेपाली माध्यम), Optional Mathematics, Grade 10 (English version), Business Mathematics (Grade 11and 12) व्यवसाय अध्ययन (कक्षा १२), लेखाविधि (कक्षा १२), अर्थशास्त्र (कक्षा १०), कृषि शिक्षा (कक्षा १०), भूगोल (कक्षा ९), इतिहास (कक्षा १०), वातावरण विज्ञान (कक्षा ९, १० र ११), सामाजिक अध्ययन (कक्षा ५, ८, १० र १२), ऐच्छिक नेपाली (कक्षा ११), ऐच्छिक अङ्ग्रेजी (कक्षा १२), संस्कृत न्याय, प्राकृतिक चिकित्सा र इतिहास पुराण (कक्षा १०), संस्कृत रचना र स्वास्थ्य तथा शारिरिक शिक्षा (कक्षा १०), अरेबिक, उर्दु र दिनियात (कक्षा १०) रहेका
३. मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री विकास विकास गरेको, जसमा मगर ढुट पाठ्यक्रम (आधारभूत तह, कक्षा ६-८), अवधि भाषा पाठ्यक्रम (आधारभूत तह, कक्षा ६-८), डोटेली भाषा पाठ्यपुस्तक कक्षा

२, बान्तवा राई र भोट भाषा पाठ्यपुस्तक (कक्षा ७), चाम्लिङ राई, नेपाल भाषा र मगर ढुट पाठ्यपुस्तक (कक्षा ८), नेपाल भाषा र लिम्बू भाषा पाठ्यपुस्तक (कक्षा १०) रहेका

४. प्राविधिक तथा व्यावसायिक धार कक्षा ११ का ५ विषयक्षेत्रका २० ओटा सिकाइ स्रोत सामग्री विकास भएको

५. मूल्याङ्कनलाई व्यवस्थित मार्गदर्शन गर्न संस्कृत शिक्षातर्फका आधारभूत तह कक्षा ६-८ र माध्यमिक तह कक्षा ९-१२ को आन्तरिक मूल्याङ्कन मापदण्ड र समावेशी पाठ्यक्रम तथा पाठ्यसामग्री मूल्याङ्कन ढाँचा विकास भएको

६. यस आ.व.मा कक्षा कक्षा १-१० का ५१७ र कक्षा ११-१२ का १७२ थप पाठ्यसामग्री मूल्याङ्कन र स्वीकृति प्रदान गरिएको

७. विद्यालय तहका पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रबोधीकरणका लागि मुख्य प्रशिक्षक प्रशिक्षण कार्यक्रम प्रदेशस्तरमा अर्थशास्त्र विषयको दोलखा, सुनसरी र रुपन्देहीमा, प्राविधिक धारको बालिविज्ञानको सुर्खेतमा र संस्कृत धारको सुनसरीको धरान र देवघाट, तनहुँमा सञ्चालन गरिएको

८. प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम प्रबोधीकरण सञ्चालन पोखरा, धनगढी, सुर्खेत र भैरहवामा सञ्चालन गरिएको

९. प्रविधिमैत्री बहुकक्षा बहुस्तर पद्धतिमा आधारित सिकाइका लागि अभिमुखीकरण ५ समूहमा सञ्चालन भई १३४ जनालाई प्रशिक्षित गरिएको

१०. नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान तथा प्रविधि र सामाजिक अध्ययन विषयका १०० जना विषयगत रोस्टरको क्षमता विकास कार्यक्रम गरिएको

११. प्राविधिक धार कक्षा ९ देखि १२ र डिप्लोमा/प्रिडिप्लोमा कार्यक्रमका लागि पाठ्यक्रम समायोजन तथा एकीकरणसम्बन्धी अध्ययन प्रतिवेदन २०८२ तयार भई प्रतिवेदन कार्यान्वयनका लागि शिक्षा तथा खेलकुद मन्त्रालयमा पठाइएको

१२. शिक्षणसिकाइ क्रियाकलापकै अभिन्न अङ्गको रूपमा मूल्याङ्कन प्रणालीलाई अवलम्बन गरी सिकाइ सुनिश्चितता गर्न र आधारभूत तहका तल्ला कक्षाका विद्यार्थीलाई आवधिक परीक्षाबाट सिर्जना हुन सक्ने मनोवैज्ञानिक त्रास कम गर्न कक्षा ५ सम्म निरन्तर मूल्याङ्कन प्रणालीको अवलम्बन गरिएको । यसको सहजीकरणका लागि आधारभूत तह कक्षा ४-५ मा विद्यार्थी मूल्याङ्कन मार्गदर्शन, २०८३ विकास गरी कार्यान्वयनमा ल्याइएको

१३. विद्यालय शिक्षालाई सिकाइमुखी, गुणस्तरीय, जीवनोपयोगी तथा रोजगारमुखी बनाउन पाठ्यक्रम, मूल्याङ्कन र प्रमाणीकरण प्रणालीको पुनरवलोकन एवम् सुधार गर्न विद्यालय शिक्षाको मूल (core) तथा गतिशील (living) दस्तावेजको रूपमा रहेको विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपको परिमार्जनका लागि कार्यदल गठन भई कार्य प्रारम्भ भएको । यसले समग्र विद्यालय शिक्षाको समसामयिक पुनरवलोकन र सुधारको मार्गचित्र प्रस्तुत गर्ने अपेक्षा गरिएको

१४. शिक्षा प्रत्रिकाको विकास र प्रकाशन भएको

१५. खुला किताब परीक्षा प्रणालीको परीक्षणसम्बन्धी अवधारणापत्र विकास भई सोका आधारमा कक्षा ६ र ७ का अनिवार्य विषयमा नमुना प्रश्नको विकास र सोका आधारमा परीक्षण सम्पन्न गरिएको

१६. आवेदन दिएकै दिन विद्यालय तहको समकक्षता प्रमाणपत्रसम्बन्धी भेरिफिकेसन कार्य प्रारम्भ गर्न सुरु

गरिएको । यसअन्तर्गत विद्यालय शिक्षाको कक्षा १० र कक्षा १२ को अनलाइनमा आधारित समकक्षता प्रमाणपत्र वितरण प्रणालीलाई चुस्त दुरुस्त बनाई तोकिएका कागजात पुगेका सेवाग्राहीका हकमा आवेदन दिएकै दिन समकक्षता प्राप्त गर्ने र कागजात नपुगेका हकमा नपुग कागजात र प्रक्रियाको जानकारी सेवाग्राहीको मोबाइलमार्फत सोही दिन प्राप्त गर्ने व्यवस्था मिलाइएको

### १.९.९ शैक्षिक गुणस्तर परीक्षण केन्द्र

शैक्षिक निकायको कार्यसम्पादन तथा विद्यार्थीको सिकाइ उपलब्धिस्तर परीक्षणका लागि एक स्वतन्त्र र स्वायत्त निकायको संस्थागत व्यवस्थाको परिकल्पना विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ले गरेअनुसार नेपाल सरकारबाट शिक्षा मन्त्रालयअन्तर्गत शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना २०६६ सालमा भएको हो। शिक्षा ऐन, २०२८ (आठौं संशोधन) को दफा ७ख. मा विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने काम समेतको लागि एक शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने व्यवस्था भए अनुरूप शिक्षाको गुणस्तर सुधार र समता कायम गर्ने, शिक्षा पद्धतिको उत्तरदायित्वमा सुधार एवम् सक्षमता र प्रभावकारिता वृद्धि गर्न केन्द्रले कार्यसम्पादन गर्दै आएको छ ।

**शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यक्षेत्र**

१. आवधिक रूपमा विद्यार्थीको सिकाइ उपलब्धिस्तर परीक्षण गरी गुणस्तर सुधार तथा समताको अभिवृद्धि गर्ने उद्देश्यले शैक्षिक नीति तथा कार्यक्रम तर्जुमाका लागि शिक्षा मन्त्रालय तथा सम्बद्ध निकायलाई पृष्ठपोषण प्रदान गर्ने कार्य
२. विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन स्तरको नियमित रूपमा परीक्षण गरी सेवा प्रवाह तथ विद्यालय शिक्षाको गुणस्तर सुधारका निम्ति सम्बद्ध निकायहरूलाई प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने कार्य
३. जवाफदेहितामा वृद्धि गरी शैक्षिक सेवा प्रवाहमा सुधार गर्ने उद्देश्यले विद्यालय तथा शैक्षिक निकायहरूला आफ्नो कार्यसम्पादन स्तरको स्वमूल्याङ्कनका लागि सहजीकरण गर्ने कार्य
४. शैक्षिक आयोजना र परियोजनाको कार्यसम्पादन परीक्षण गर्ने कार्य
५. शैक्षिक कार्यक्रम, आयोजना तथा परियोजनाहरूको मूल्याङ्कन गर्ने कार्य
६. शिक्षा क्षेत्रका समसामयिक मुद्दाहरूमा अध्ययन अनुसन्धान गरी शिक्षामा समता र गुणस्तर अभिवृद्धिक लागि प्रमाणमा आधारित सूचना तथा सुझावहरू उपलब्ध गराउने कार्य
७. विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण र विद्यालय तथा निकायहरूको कार्यसम्पादन परीक्षणका लागि उपयुक्त विधि, प्रविधि तथा प्रक्रियाको खोजी तथा प्रयोग गर्ने गराउने कार्य
८. सिकाइ उपलब्धि परीक्षण, कार्यसम्पादन परीक्षण तथा शैक्षिक अध्ययन, अनुसन्धानका लागि मानव तथा संस्थागत क्षमता विकास गर्ने गराउने कार्य
९. सिकाइ उपलब्धि परीक्षण, कार्यसम्पादन परीक्षण तथा शैक्षिक अध्ययन अनुसन्धानलाई प्रभावक बनाउन यस क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूसँग समन्वय र सहकार्य गर्ने कार्य
१०. शिक्षा तथा खेलकुद मन्त्रालयले तोकेबमोजिमको अन्य कार्य

**शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट सम्पादित कार्यहरू**

१. १५ जिल्ला (मोरङ, ओखलढुङ्गा, सिराहा, महोत्तरी, काठमाडौं, धादिङ, मकवानपुर, लमजुङ, बागलुङ, रूपन्देही, पाल्पा, सल्यान, रुकुम पश्चिम, कैलाली र बझाङ) का ३१ स्थानीय तहअन्तर्गतका १०० ओटा सामुदायिक माध्यमिक विद्यालयहरूको नमुनाको रूपमा बाह्य परीक्षक खटाई कार्यसम्पादन परीक्षण र सूचकका आधारमा विद्यालयको स्तर निर्धारण गरिएको
२. ३० जिल्लाका ७० ओटा स्थानीय तहअन्तर्गतका २०० ओटा सामुदायिक माध्यमिक विद्यालयका प्रधानाध्यापकहरूको बाह्य परीक्षक खटाई प्रधानाध्यापक नेतृत्व कार्यसम्पादन परीक्षण कार्य सम्पन्न गरिएको र प्रधानाध्यापकहरूलाई कार्यसम्पादनमा सुधार गर्नुपर्ने क्षेत्रका वारेमा पृष्ठपोषणसमेत उपलब्ध गराइएको
३. कुल ११ ओटा लेखरचनाहरू समावेश जर्नल (Education Review Journal, ERJ) र केन्द्रको ब्रोसर प्रकाशन गरिएको
४. १५ जिल्लाका २५१ विद्यालयका ३७६५ जना विद्यार्थीमा प्रारम्भिक पढाइ तथा गणितीय सिप (कक्षा ३) को पूर्व परीक्षण सम्पन्न भएको
५. Probability Proportional to Size (PPS) मार्फत ७६ जिल्ला (मनाङबाहेक) का १५०५ विद्यालयबाट ४३५०० विद्यार्थीमा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण सम्पन्न भएको
६. विद्यालय शिक्षाको गुणस्तरसम्बन्धी मापदण्ड र सूचक, २०८३ विकास भई शिक्षा तथा खेलकुद मन्त्रालय (माननीय मन्त्रीस्तर) बाट मिति २०८३।०५।१५ मा स्वीकृत भएको
७. तोकिएका सात प्रदेशको १२ जिल्लाका २४ ओटा स्थानीय तहमा शैक्षिक सेवा प्रवाहको कार्यसम्पादन परीक्षण सम्पन्न भएको
८. केन्द्रले आ.व. २०७३/७४ देखि आ.व. २०८१/८२ सम्म गरेको सामुदायिक विद्यालयको कार्यसम्पादन परीक्षणको एकीकृत प्रतिवेदन विकास गरिएको
९. विद्यालय कार्यसम्पादन परीक्षणको आगामी कार्यढाँचा तथा मार्गदर्शन र साधन विकास सम्पन्न भएको
१०. कक्षा ५, ८ र १० प्रयोग भएका चार विषय (गणित, नेपाली, अङ्ग्रेजी र विज्ञान तथा प्रविधि) र पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण (NARN) कक्षा ३ मा प्रयोग भएका गणित र नेपाली विषयका परीक्षण साधनहरूको पुनरवलोकन र विश्लेषण गरी प्रतिवेदन तयारी सम्पन्न भएको
११. कक्षा ८ को विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) को उत्तरपुस्तिका परीक्षण, तथ्याङ्क प्रविष्टि गरी प्रतिवेदन विकास गर्ने कार्य सम्पन्न भएको
१२. चार विषय (नेपाली, अङ्ग्रेजी, गणित र विज्ञान तथा प्रविधि विषय) का नमुना साधन विकास गरी काभ्रेपलाञ्चोक, सर्लाही र डोटी गरी ३ जिल्लामा स्थानीय तहमा विद्यार्थी उपलब्धि परीक्षण गर्नका लागि निर्माण गरिएको मार्गदर्शन पुस्तिका अभिमुखीकरण सम्पन्न भएको
१३. समष्टिगत NASA Assessment Framework तयार भई नेपाली, अङ्ग्रेजी, गणित र विज्ञान तथा प्रविधि विषयको विषयगत Assessment Framework विकास भएको
१४. Large Scale Assessment, Data Management and Data Analysis सम्बन्धी ५ दिन र AI, ICT तथा मेडिटेसनसम्बन्धी ५ दिनको क्षमता विकास कार्यक्रम सम्पन्न भएको

१५. ३ जिल्ला बैतडी, डोटी र इलामअन्तर्गतका क्रमशः पाटन नगरपालिका, जोरायल गाउँपालिका, दिपायल सिलगढी नगरपालिका, माई नगरपालिका तथा चुलाचुली गाउँपालिकाअन्तर्गतका सामुदायिक माध्यमिक विद्यालयमा कार्यसम्पादन परीक्षणको फलोअप कार्यक्रम सञ्चालन गरी विद्यालयले सुधारका लागि गरेका कामहरूको समीक्षा गरिएको

१६. ERO सुदृढीकरणअन्तर्गत (क) केन्द्रबाट सञ्चालन गरिने विद्यालयको कार्यसम्पादन परीक्षण कार्यलाई अनलाइनमार्फत सञ्चालन गर्नका लागि कार्यसम्पादन परीक्षण सूचना प्रणाली विकास www.pamis.ero.gov.np र (ख) विद्यालयको गुणस्तर सुनिश्चितता र प्रत्यायन, प्रमाणीकरण सम्बन्धी अवधारणापत्र विकास भएको

१७. कक्षा १ मा भर्ना भएका बालबालिकाको विद्यालय तत्परतासम्बन्धी गरिएको परीक्षणको प्रतिवेदन तयार भई प्रकाशन भएको

### १.९.१० राष्ट्रिय किताबखाना (शिक्षक)

सेवानिवृत्त शिक्षकलाई निवृत्तिभरण, उपदानलगायतका सेवा सुविधा दिने व्यवस्था वि.सं २०३५ सालमा भएपछि अभिलेख राख्ने र सेवा सुविधा प्रदान गर्ने कार्य साविकको क्षेत्रीय शिक्षा निर्देशनालयबाट हुँदै आएकामा अलग्गै निकायबाट उक्त कार्य सञ्चालन गर्ने उद्देश्यले मन्त्रिपरिषद्को मिति २०५४ माघ २ गतेको निर्णयबमोजिम शिक्षा नियमावली, २०४९ को छैठौं संशोधन, २०५४ ले विद्यालय शिक्षक किताबखाना स्थापना भएको हो। नेपालको संविधान, २०७२ जारी भएपश्चात् मुलुक सङ्घीय संरचनामा गएसँगै नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५ आषाढ ४ गतेको निर्णयानुसार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मातहत निजामती किताबखाना, विद्यालय शिक्षक किताबखाना र प्रहरी किताबखानालाई गाभेर राष्ट्रिय किताबखाना बनाइएको छ। यसपछि यस किताबखानाले राष्ट्रिय किताबखानाको विद्यालय शिक्षक महाशाखाको रूपमा कार्य गर्दै आएको छ। आ.व. २०८३।८४ मा भएको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणद्वारा **श्री राष्ट्रिय किताबखाना (शिक्षक)** भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनअन्तर्गत रहने व्यवस्था गरेको छ ।

**राष्ट्रिय किताबखाना (शिक्षक) का कार्यहरू**

१. स्थायी शिक्षकको वैयक्तिक तथा नोकरी विवरण (सिटरोल) दर्ता गरी नियुक्ति, पदस्थापन, सरुवा, बढुवा, तालिम, शैक्षिक योग्यता, पुरस्कार, विभागीय कारवाही, असाधारण एवम् अध्ययन बिदा, उपचार खर्चको रकम जस्ता शिक्षकसँग सम्बन्धित विवरणहरू वैयक्तिक तथा नोकरी विवरण (सिटरोल) फाइलमा संलग्न गरी अद्यावधिक गर्ने

२. शिक्षकको वार्षिक तलबी प्रतिवेदन पारित गर्ने

३. ६ महिना अगावै शिक्षकलाई अनिवार्य अवकाशको जानकारी दिनेसम्बन्धी सूचना व्यवस्थापन गर्ने

४. सेवाबाट अलग भएका शिक्षकको बिरामी बिदा (अस्थायीको समेत) उपचार खर्च, उपदानको रकम निकासा दिने तथा निवृत्तभरण, पारिवारिक निवृत्तभरण, पारिवारिक वृत्ति, शैक्षिक भत्ता तथा सन्तति वृत्ति जस्ता सुविधा किटान गरी नि.भ.अधिकारपत्र (पेन्सनपट्टा) प्रदान गर्ने

५. शिक्षा ऐन र नियमावलीमा व्यवस्था भएअनुसार सेवा अवधि गणना गर्ने

६. निवृत्तभरण प्राप्त शिक्षकलाई परिचयपत्र प्रदान गर्ने
७. स्थायी शिक्षकको स्थायी ठेगाना परिवर्तन गर्ने
८. शिक्षकको अभिलेख तथा सुविधासम्बन्धी सूचना केन्द्रको रूपमा काम गर्ने
९. शिक्षकको सम्पत्ति विवरणको वार्षिक रूपमा अभिलेख राख्ने
१०. सम्बन्धित निकाय तथा शिक्षकलाई शिक्षकको अभिलेख अनुरूपका तथ्याङ्कहरू नियमानुसार उपलब्ध गराउने
११. शिक्षकको अभिलेखलाई निरन्तर आधुनिक प्रविधिअनुरूप व्यवस्थित एवम् अद्यावधिक गर्दै जाने

**राष्ट्रिय किताबखाना (शिक्षक) बाट सम्पादित कार्यहरू**

१. **५५५ जना** स्थायी शिक्षकको सिटरोल दर्ता सम्पन्न भएको
२. **३,८९९ जना** शिक्षक तथा परिवारलाई निवृत्तभरण, उपदान तथा पारिवारिक निवृत्तभरण सुविधा उपलब्ध भएको
३. स्थानीय तहबाट प्राप्त तलबी प्रतिवेदन नियमित रूपमा परीक्षण, पारित तथा अभिलेखीकरण गरिएको
४. शिक्षकको सिटरोल दर्ता तथा अवकाशपछिको सेवा सुविधा (E–Pension) सम्बन्धी आधार र प्रक्रिया, २०८३ मन्त्रालयबाट स्वीकृत गरी सोहीअनुसार E-Pension प्रणालीको software अध्यावधिक गरिएको
५. शिक्षा विकास तथा समन्वय एकाइसँग समन्वय, परामर्श तथा अनुगमनलाई प्रभावकारी बनाइएको
६. डिजिटल अभिलेख व्यवस्थापन, सूचना सुरक्षा तथा प्रणाली स्तरोन्नति सम्बन्धी कार्यहरू सञ्चालन गरिएको
७. आ.व. २०८४ श्रावणदेखि वि.सं. २०८५ असार मसान्तसम्म अनिवार्य अवकाश हुने शिक्षकहरूको सेवा अवधि प्रमाणीकरण- ३६३३ भएको
८. १००३४२ जना स्थायी शिक्षकहरूको सम्पत्ति विवरण अभिलेख राखी प्रतिवेदन राष्ट्रिय सतर्कता केन्द्रमा पेस गरिएको
९. ५६ जना शिक्षकहरूलाई गोल्डेन ह्यान्डसेक र २४ जना अस्थायी द्वन्द्व पीडित शिक्षकहरूलाई तोकिए-बमोजिम रकम उपलब्ध गराइएको

### १.९.११ केशर पुस्तकालय

केशर शमशेरले आफ्नो निजी पुस्तकालय नेपाल सरकारलाई हस्तान्तरण गरेपछि वि.सं. २०२६ सालदेखि केशर पुस्तकालयको रूपमा सञ्चालन हुँदै आएको छ। यो पुस्तकालय हाल शिक्षा तथा खेलुकद मन्त्रालयअन्तर्गत एक सरकारी पुस्तकालयको रूपमा सञ्चालन भइरहेको छ। उक्त पुस्तकालयमा ६२००० पुस्तक तथा अन्य महत्त्वपूर्ण कागजात र सङ्कलनहरू रहेका छन् :

१. नेपालबाट प्रकाशित सम्पूर्ण पाठ्यसामग्री एवम् विदेशबाट प्रकाशित नेपालसँग सम्बन्धित सम्पूर्ण पाठ्यसामग्री सङ्कलन, सम्बर्धन र संरक्षण गर्ने कार्य
२. देशभरका नागरिकलाई पुस्तकालय सेवा प्रदान गर्ने कार्य
३. विद्युतीय पुस्तकालयको स्थापना र सञ्चालन गरी विद्युतीय माध्यमबाट पाठकलाई सेवा उपलब्ध गराउने कार्य

४. देशभित्र रहेका सम्पूर्ण पुस्तकालय, प्रलेख केन्द्र तथा सूचना केन्द्रको विकासको लागि आवश्यक प्राविधिक सरसल्लाह एवम् नेतृत्व प्रदान गर्ने कार्य
५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुस्तकालयसँग सम्बन्ध कायम गरी विदेशी प्रकाशन प्राप्त हुने व्यवस्था मिलाउने कार्य
६. पुस्तकालय एवम् सूचना केन्द्रहरूको विकासको निम्ति तालिम, गोष्ठी सभा, सम्मेलनको आयोजना गरी पुस्तकालयसम्बन्धी गतिविधिहरूको जानकारी तथा प्रबोधीकरण गर्ने कार्य
७. बाल साहित्य सङ्कलन तथा प्रकाशन र ब्रेल साहित्य आदि सङ्कलन गरी बालबालिका तथा अपाङ्गता भएका पाठकवर्गलाई समेत सेवा पुऱ्याउने कार्य
८. बहुमूल्य ऐतिहासिक कृतिहरूको संरक्षण एवम् संवर्धन कार्य
९. अन्तर पुस्तकालय सहकारिता सञ्चालन गर्ने कार्य
१०. राष्ट्रिय संस्कृति झल्किने श्रव्य दृश्य सामग्रीहरू सङ्कलन तथा व्यवस्थापनको कार्य
११. अप्राप्य, दुर्लभ पुस्तक तथा पत्रपत्रिकाहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भाषामा अनुवाद गरी सेवा पुऱ्याउने कार्य
१२. केशर पुस्तकालयमा भएका हस्तलिखित ग्रन्थ, विभिन्न जनावरका ट्याक्सीडर्मी, पेन्टिङलगायतका सामग्रीको संरक्षण तथा संवर्धन गर्ने कार्य
१३. शिक्षा तथा खेलकुद मन्त्रालयले तोकेका अन्य कार्य

**केशर पुस्तकालयद्वारा सम्पादन भएका कार्य**

१. ८७३५३ जना पाठक तथा अनुन्धानकर्तालाई पुस्तकालय सेवा प्रदान गरिएको
२. करिब ३६५०० पेज स्क्यान गरी विद्युतीय पुस्तकालयमा अद्यावधिक गर्न तयार पारिएको
३. केसर शमशेरको जीवनकालमा सङ्कलन भएका पुस्तकमध्ये करिब २०,००० पुस्तकको नयाँ स्पाइन लेबल तयार पारिएको
४. करिब ८९३ पुस्तक खरिद गरिएको
५. पुस्तकालय दिवस तथा केसर शमशेरको १४३ औँ जन्मदिवस मनाइएको
६. भूकम्पका कारण क्षतिग्रस्त भएका पुराना टेबल मर्मत गरी पाठक सेवाका लागि उपलब्ध गराइएको

## १.९.१२ डिल्लीरमण कल्याणी रेग्मी पुस्तकालय

डा. डिल्लीरमण रेग्मीले आफ्नो अध्ययन अनुसन्धानको क्रममा सङ्कलन गरेका पुस्तक, पत्रपत्रिका साथै पुरातात्त्विक वस्तुको सङ्कलनलाई वि.सं. २०३७ सालमा आफ्नो निजी पुस्तकालय सङ्ग्रहालय र भवनहरू नेपाली जनतालाई अध्ययन अनुसन्धान गर्न पाउने गरी आफ्नो शेषपछि नेपाल सरकार, शिक्षा मन्त्रालयलाई बकस पत्र गरिदिनुभएको थियो। उहाँको इच्छानुसार उहाँको देहबसानपछि नेपाल सरकार, शिक्षा मन्त्रालयद्वारा "डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय विकास समिति" गठन (आदेश) २०६० जारी गरी सञ्चालन र व्यवस्थापनका लागि ७ सदस्यीय समितिको व्यवस्था गरिएको छ। वि सं २०६१ साल पुष ३ गतेबाट यो पुस्तकालय सर्वसाधारणका लागि खुला गरिएको हो। हाल यस पुस्तकालयमा ३५ हजार भन्दा बढी पुस्तक पत्रपत्रिका र जर्नलहरू रहेका छन्।

#### पुस्तकालयबाट सम्पादित कार्य

१. डा.डिल्लीरमण रेग्मीको स्मृति दिवससहित ११३ औँ जन्मजयन्ती तथा शान्ति दिवस समारोह मनाएको र डा.डिल्लीरमण रेग्मी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शान्ति पुरस्कार-२०८२ प्रदान गरिएको

२. डा.डिल्लीरमण रेग्मी युवा छात्रवृत्ति पुरस्कार अन्तरगत सङ्कलित विभिन्न देशका पुराना मुद्रा, मूर्तिहरू, उहाँले प्राप्त गर्नुभएका प्रमाणपत्र तथा अन्य आर्टिफेक्टहरूको सूचीकरण र व्यवस्थापनको कार्यमा योगदान गरेवापत त्रि.वि. नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभागका विद्यार्थीलाई सम्मान गरिएको

३. पुस्तकालयमा रहेका ४०० भन्दा बढी पुराना पुस्तकको डिजिटाइजेसन, ७४५० जनाले सेवा लिएका र ४३६ थान पुस्तक खरिद तथा ३७ थान उपहार स्वरूप प्राप्त भएको

### १.९.१३ नेपाल राष्ट्रिय पुस्तकालय

नेपाल राष्ट्रिय पुस्तकालयको स्थापन वि. सं. २०१३ साल पुस महिनामा भएको थियो। सर्वप्रथम राजगुरु पाण्डेको निजी पुस्तकहरू खरिद गरेर पुस्तक सङ्कलन कार्य सुरु गरिएको थियो। त्यस समयमा यो पुस्तकालय सिंहदरबारभित्रको सिक्री ढोका भन्ने भवनमा रहेको थियो। सिंहदरबारमा रहेको केन्द्रीय सचिवालयको पुस्तकालय गाभेर यसलाई अझ ठुलो बनाइएको थियो। वि. सं. २०१७ सालमा हरिहरभवनमा रहेको पुस्तकालय हाल सानोठिमी, भक्तपुरमा रहेको छ।

१. नेपालबाट प्रकाशित सम्पूर्ण पाठ्यसामग्री एवम् विदेशबाट प्रकाशित नेपालसँग सम्बन्धित सम्पूर्ण पाठ्यसामग्री सङ्कलन, संवर्धन र संरक्षण गर्ने कार्य
२. देशभित्रबाट प्रकाशित सम्पूर्ण सामग्रीको विवरण समावेश गरी नियमित रूपमा राष्ट्रिय वाङ्मय सूची (National Bibliography) तयार गरी प्रकाशन तथा वितरण गर्ने कार्य
३. देशभरका नागरिकलाई पुस्तकालय सेवा प्रदान गर्ने कार्य
४. विद्युतीय पुस्तकालयको स्थापना र सञ्चालन गरी विद्युतीय माध्यमबाट पाठकलाई सेवा उपलब्ध गराउने कार्य
५. देशभित्र रहेका सम्पूर्ण पुस्तकालय, प्रलेख केन्द्र तथा सूचना केन्द्रको विकासको लागि आवश्यक प्राविधिक सर सल्लाह एवम् नेतृत्व प्रदान गर्ने कार्य
६. देशभरका पुस्तकालयको स्थापना, सञ्चालन र विकासको निम्ति आवश्यक नीति, ऐन, नियम तर्जुमा गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने कार्य
७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुस्तकालयसँग सम्बन्ध कायम गरी विदेशी प्रकाशन प्राप्त हुने व्यवस्था मिलाउने कार्य
८. पुस्तकालय एवम् सूचना केन्द्रहरूको विकासको निम्ति तालिम, गोष्ठी, सम्मेलनको आयोजना गरी पुस्तकालयसम्बन्धी गतिविधिहरूको जानकारी तथा प्रबोधीकरण गर्ने कार्य
९. बाल साहित्य सङ्कलन तथा प्रकाशन र ब्रेल साहित्य आदि सङ्कलन गरी बालबालिका, बन्दी तथा अपाङ्गता भएका पाठक वर्गलाई समेत सेवा पुऱ्याउने कार्य
१०. बहुमूल्य ऐतिहासिक कृतिहरूको संरक्षण एवम् संवर्धनको कार्य

११. राष्ट्रिय सङ्घीय सूची (National Union Catalogue) एवम् Union List of Periodicals तयार गरी वितरण गर्ने कार्य
१२. विभिन्न प्रकाशन तथा सूचनाहरूको विश्वव्यापी उपलब्धता सेवा (Universal Availability of Publication and Information Service) प्रदान गर्ने कार्य
१३. अन्तर पुस्तकालय सहकारिता सञ्चालन गर्ने कार्य
१४. International Federation of Library Associations and Institutions, Conference of Directors of National Libraries जस्ता पुस्तकालय सम्बन्धी अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग सम्बन्ध कायम राख्ने कार्य
१५. राष्ट्रिय संस्कृति झल्किने श्रव्य दृश्य सामग्रीहरू सङ्कलन तथा व्यवस्थापनको कार्य
१६. अप्राप्य, दुर्लभ पुस्तक तथा पत्रपत्रिकाहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भाषामा अनुवाद गरी सेवा पुऱ्याउने कार्य
१७. देशभित्र स्थापना भएका पुस्तकालयहरूको विवरण अद्यावधिक गरी राख्ने कार्य
१८. नेपालबाट प्रकाशित पत्रपत्रिका तथा जर्नलहरूलाई International Standard Serial Number प्रदान गर्ने कार्य
१९. शिक्षा तथा खेलकुद मन्त्रालयले तोकेका अन्य कार्य

**पुस्तकालयबाट सम्पादित कार्य**

१. ६ जिल्लाका २० जना सहभागीलाई पुस्तकालय व्यवस्थापन सम्बन्धी सिप प्रदान गरिएको
२. गुल्मी जिल्लामा ५ दिने आधारभूत पुस्तकालय व्यवस्थापन तालिम सञ्चालन गरिएको
३. बागलुङ जिल्लाका शैक्षिक तथा सार्वजनिक पुस्तकालयका प्रतिनिधि र अन्य सरोकारवालाको उपस्थितिमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको
४. तनहुँ जिल्लाका शैक्षिक तथा सार्वजनिक पुस्तकालयका प्रतिनिधि र अन्य सरोकारवालाको उपस्थितिमा पुस्तकालयसम्बन्धी एक एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको
५. पुस्तकालयमा भौतिक रूपमा उपस्थित भएका ३८८६५ जना पाठकलाई सेवा प्रदान गरिएको

### १.९.१४ युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय

दोस्रो विश्वयुद्धपश्चात् विश्वलाई आपसी शान्तिमैत्री र विकासको माध्यमबाट समुन्नत गर्ने अभिप्रायले स्थापित संयुक्त राष्ट्र सङ्घको बहुआयामिक पहलमध्ये विश्व शान्तिमा शिक्षा, विज्ञान, संस्कृति, सञ्चार र सामाजिक तथा मानवीय क्षेत्रमा अनुसन्धान सशक्तीकरण र विकास गर्ने उद्देश्यसहित विशिष्टीकृत संस्थाको रूपमा स्थापित युनेस्को संयुक्त राष्ट्र सङ्घको विशिष्टीकृत सङ्गठन हो। यसको स्थापना सन् १९४५ नोभेम्बर १६ मा भएको हो। यसको प्रधान कार्यालय फ्रान्सको पेरिसमा रहेको छ। सन् १९५३ देखि नेपाल युनेस्कोको सदस्य भएको हो।

युनेस्कोका प्रत्येक सदस्य राष्ट्रले आफ्नो देशमा राष्ट्रिय आयोग गठन गरी सोही आयोगमार्फत सरकार र युनेस्कोबिच सञ्चार तथा समन्वय गर्ने गराउने, युनेस्कोबाट सदस्य राष्ट्रले प्राप्त गर्ने सहयोगमा अभिवृद्धि गर्ने गराउने साथै युनेस्को सम्बद्ध कार्यक्रम कार्यान्वयन गर्ने गर्दछन्। नेपाल पनि उक्त सङ्गठनको सदस्य राष्ट्र भएकाले यसै सन्दर्भमा युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको स्थापना वि.सं. २०११ मा भएको हो। युनेस्कोको प्रधान कार्यालयसँग समन्वय गरी युनेस्को सम्बद्ध कार्यहरूलाई सहजता प्रदान गर्न पेरिसस्थित नेपाली दुतावासलाई नेपाल सरकारको स्थायी प्रतिनिधिको रूपमा कार्य गर्न तोकिएको छ।

**युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको उद्देश्य**

१. शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक कार्यक्रमको माध्यमबाट नेपाली जनताको आर्थिक, सामाजिक एवम् बौद्धिक विकासमा सहयोग पुर्‍याउने
२. शिक्षा, संस्कृति, विज्ञान, आमसञ्चार तथा सामाजिक क्षेत्रमा अध्ययन अनुसन्धान, तालिम, गोष्ठी, सभा, सम्मेलन आदि गर्ने गराउने
३. आफ्नो देशको गौरवमय संस्कृतिको वैभवलाई विश्वका अन्य राष्ट्रहरूमा परिचित गर्ने गराउने
४. युनेस्कोको उद्देश्य एवम् कार्यक्रमहरूको प्रचारप्रसार गरी सर्वसाधारण समक्ष पुर्‍याउने
५. युनेस्कोको सहयोगमा सञ्चालित राष्ट्रिय तथा क्षेत्रीय विकास आयोजना एवम् कार्यक्रमहरूको कार्यान्वयनमा सहयोग पुर्‍याउने
६. आयोगअन्तर्गत गठन हुने विभिन्न विषय तथा विशेष समिति, युनेस्को क्लबहरूको राष्ट्रिय महासङ्घ र युनेस्को सम्बद्ध परियोजना सञ्जाल (ASPnet ) हरूको समन्वय र सहकार्यमा सहयोग पुर्‍याउने

**आयोगबाट सम्पादित कार्य**

१. युनेस्कोका एजेन्डा समुदाय स्तरमा सचेतना अभिवृद्धि गरिएको
२. SDG 4 को कार्यान्वयनका बारेमा प्रबोधीकरण गरिएको
३. Capacity Build-up in ASP Net Schools Access in International Forum भएको
४. Uni-Twin कार्यक्रमबाट नेपालका विश्वविद्यालय र अन्तराष्ट्रिय विश्वविद्यालयहरूबिच सहकार्य स्थापना गरिएको
५. युनेस्को र सम्बद्ध निकायहरूबाट दिइने पुरुस्कारका लागि सिफारिस गरिएको ।

### १.९.१५ केन्द्रीय आयोजना कार्यान्वयन एकाइ

वि.स.२०७२ साल वैशाख १२ गतेको भूकम्प र त्यसपछिका पराकम्पहरूबाट पूर्ण तथा आंशिक रूपमा क्षतिग्रस्त भएका विद्यालयहरूको पुनर्निर्माण कार्यलाई अभियानको रूपमा सञ्चालन गर्ने अभिप्रायले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणअन्तर्गत केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (शिक्षा) ले सम्पादन गर्दै आएकामा प्राधिकरणको खारेजीपश्चात् विद्यालय पुनर्निर्माणको सम्पादन हुन बाँकी कामलाई निरन्तरता दिई उक्त कार्य जिम्मेवारी सम्पन्न गर्ने उद्देश्यका साथ २०७८ माघ देखि केन्द्रीय आयोजना कार्यान्वयन एकाइलाई शिक्षा तथा खेलुकद मन्त्रालय मातहतमा ल्याइएको हो।

यसैगरी नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८० माघ २५ गतेको निर्णयानुसार वि.स. २०८० असोज १६ गते बझाङ र कार्तिक १७ गते जाजरकोट केन्द्रविन्दु भएर भएको भूकम्पबाट क्षति पुगेका विद्यालयहरूको पुनर्निर्माणको कार्य समेत गर्ने गरी आयोजनाको कार्यक्षेत्र थप १५ जिल्लामा विस्तार भएको छ ।

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२ बैशाख २५ को निर्णयअनुसार भूकम्प, बाढी पहिरोलगायत प्राकृतिक विपद् तथा सालबसाली विनियोजन भएका कार्यक्रम कार्यान्वयनको लागि आयोजनाको कार्यक्षेत्र नेपालभर विस्तार भएको छ ।

**२०७२ को भूकम्पबाट क्षति पुगेका विद्यालयको पुनर्निर्माण कार्य अन्तर्गत**

१. २०७२ को भूकम्पले क्षति पुगेका ३१ जिल्लाका अधिकांश विद्यालयको पुनर्निर्माण सफलतापूर्वक सम्पन्न भएका । जसमा ७६७७ ओटा विद्यालयका करिब ४९ हजार कक्षाकोठा, ३४५९ ओटा शौचालय र २१७० ओटा खानेपानीको कार्य निर्माण सम्पन्न भएका ।
२. भारतीय सरकारको अनुदान सहयोगमा थप १४ ओटा विद्यालय पुनर्निर्माण कार्य सुरु भएको
३. ऋण सम्झौतामा उल्लिखित सर्तको कारण भारतीय एक्जिम बैङ्कको ऋण सहयोगमा पुनर्निर्माण हुने भनिएको । त्रिविविका ३९ आङ्गिक कलेजको पुनर्निर्माण कार्य हालसम्म पनि सुरु हुन नसकेको

**२०८० को पश्चिम नेपाल भूकम्पले क्षति पुर्याएका विद्यालयको पुनर्निर्माण कार्यअन्तर्गत**

- एशियाली विकास बैङ्कको ऋण सहयोगमा जाजरकोट र रूकुम पश्चिमका २९ ओटा विद्यालय पुनर्निर्माण (बहुवर्षीय) भइरहेको
- जाइकाको ऋण सहयोगमा जाजरकोट जिल्लाका ११ ओटा विद्यालय पुनर्निर्माण (बहुवर्षीय) भइरहेको
- जिपिई युनिसेफको सहयोगमा बझाङ जिल्लामा ९ ओटा पक्की तथा जाजरकोट र रूकुम पश्चिममा ९० ओटा अर्धपक्की भवन निर्माण (बहुवर्षीय) भइरहेको
- विद्यालय व्यवस्थापन समितिमार्फत गत तथा चालु आवमा ११९ ओटा विद्यालयका २७८ ओटा कक्षाकोठा निर्माण (बहुवर्षीय) सम्पन्न भएको
- दुई हजारभन्दा बढी विद्यार्थी भएका विद्यालयको थप भौतिक पूर्वाधार विकास कार्यअन्तर्गत ३६ ओटा विद्यालयको ३ तले १२ कोठे भवन निर्माण कार्य भइरहेको छन् । World Bank को ऋण सहयोगमा Safer School Project अन्तर्गत परियोजना तयारी कार्य भइरहेको

## १.९.१६ राष्ट्रिय खेलकुद परिषद्

परापूर्वकालमा विभिन्न प्रकारका खेलहरू खेलिँदै आए पनि नेपालमा खेलकुदको संस्थागत विकास भएको सात दशक हुँदै छ । वि.सं. २००४ सालदेखि विभिन्न खेलकुद सङ्घहरू गठन भई संस्थागत विकासको सुरुवात भएको पाइन्छ । संस्थागत विकास हुने क्रममा वि.सं. २०१५ सालमा राष्ट्रिय स्वास्थ्य तथा खेलकुद परिषद्को स्थापना भए पनि परिषद्को गठन तथा सञ्चालनसम्बन्धी ऐन बनेको थिएन । २०२१ सालमा पहिलोपटक राष्ट्रिय खेलकुद परिषद् ऐन २०२१ जारी गरियो । उक्त ऐनको प्रस्तावनामा विभिन्न खेलकुदद्वारा सर्वसाधारण जनताको शारीरिक र मानसिक स्तरको विकास गर्न एक राष्ट्रिय खेलकुद परिषद्को स्थापना गर्न वाञ्छनीय भएकाले यो ऐन बनाइएको हो भन्ने उल्लेख गरिएको थियो । खेलकुद क्षेत्रलाई सुधार तथा परिवर्तन गर्ने उद्देश्यले खेलकुद विकास ऐन २०४८ जारी भयो । २०४५ सालको जनआन्दोलन पछि खेलकुद क्षेत्रलाई देशको प्रतिष्ठा र व्यवसायिक बनाउने उदेश्यले बनेको उक्त ऐनको प्रस्तावनामा खेलकुदको माध्यमबाट विद्यार्थी तथा सर्वसाधारण जनताको शारीरिक तथा मानसिक विकास गरी सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुदसम्बन्धी तालिम सञ्चालन गरी सबै किसिमका खेलकुद आयोजना गर्न तथा अन्तर्राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितामा नेपालको उपयुक्त सहभागिता समेतको आवश्यक व्यवस्था गरी खेलकुदको विकास गर्न वाञ्छनीय भएकाले यो ऐन बनाइएको भन्ने स्पष्ट उल्लेख गरिएको थियो । यसैगरी खेलकुदको माध्यमबाट स्वस्थ, सक्षम, मर्यादित, अनुशासित खेलाडी र सिर्जनशील नागरिक तयार गर्न, राष्ट्रको एकताको प्रवर्धन तथा राष्ट्रको प्रतिष्ठा अभिवृद्धि गर्न, खेलकुदको क्षेत्रमा अध्ययन र अनुसन्धान गर्न तथा खेलकुदको विकास, विस्तार र प्रवर्धन गरी खेलकुदको सञ्चालन तथा

व्यवस्थापन गर्ने सम्बन्धमा सङ्घीय संसदबाट खेलकुद विकास ऐन २०४८ लाई खारेज गरी “राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ मिति २०७७।०३।११ मा प्रमाणीकरण भई मिति २०७७ असार १८ गतेबाट कार्यान्वयनमा आई ऐनद्वारा निर्दिष्ट उद्देश्य प्राप्तिका लागि राष्ट्रिय खेलकुद परिषद्ले नेपाली खेलकुदको समग्र कार्यक्रम सम्पादन गर्दै आइरहेको छ । खेलकुद ऐन २०७७ मा राष्ट्रिय खेलकुद परिषद्को संरक्षक सम्माननीय प्रधानमन्त्री र अध्यक्ष माननीय युवा तथा खेलकुद मन्त्री रहने व्यवस्था छ । ऐनमा नेपाल सरकारबाट नियुक्त हुने उपाध्यक्षको व्यवस्था गरिएको छ भने कार्यकारी प्रमुखका रूपमा सदस्य सचिवको नियुक्ति हुने गर्दछ।

**परिषद्बाट सम्पादित कार्य**

१. वाकु खेलमैदानको सम्भाव्यता अध्ययन परामर्श कार्यको सम्पन्न नारायणी कभर्डहलको स्ट्रक्चर रिभ्यु परामर्श कार्यका लागि परामर्शदातासँग सम्झौता भई कार्य सम्पन्न ।दशरथ रङ्गशालाको स्तरोन्नतिको लागि परामर्श कार्यको सम्झौता गरी परामर्शदाताले अन्तिम (final) रिपोर्ट पेस गरी कार्य सम्पन्न भएको बजेट रोक्काका कारण र कतिपय आयोजना तथा योजनाको बहुवर्षीय ठेक्का स्वीकृति तथा बजेट सुनिश्चितता नभएकाले निर्माणका लागि खरिद प्रक्रिया अगाडि बढाउन नसकिएको

२. जुम्लामा निर्माणाधिन हाइअल्टिच्युट स्पोर्ट सेन्टर निर्माण कार्य गर्नका लागि मिति २०८२/१२/२३ गते ठेक्का आवहान गरी निर्माण कार्य सुचारु रहेको पहिलो पेस्की रकम भुक्तानी भएको । तेक्वान्दो होस्टल निर्माण, सातदोबाटो ललितपुरको ठेक्का सम्झौता भई जग खन्ने कार्य सुरु भएको । नारायणी रङ्गशाला थप स्तरोन्नति वीरगन्ज पर्साको ठेक्काबमोजिम जग ढलान र टाई बिमको ढलान कार्य भइराखेको पहिलो रनिङ्ग बिल भुक्तानी भएको

३. मिसन २०२६ अन्तर्गत (२० औं एसियाली खेलकुदलाई लक्षित गरि) कराँते, तेक्वान्दो, पारा तेक्वान्दो, बक्सिङ, जुडो, म.भलिबल, म .कवड्डी, कुस्ती, गल्फ, एथलेटिक्स र उसु गरी १० खेलका ११ टिमका १२० खेलाडी र २० प्रशिक्षकबाट माघ मसान्तसम्म र २०८३ जेठ १ गतेबाट पारा गेम्ससहित ५ खेल ९ टिमका ५९ खेलाडी तथा प्रशिक्षकहरू समावेश गरी नियमित विशेष प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको

४. विभिन्न खेलका ११९ राष्ट्रिय स्तरका प्रतियोगिताहरू सञ्चालन गरिएको र राष्ट्रिय प्रतियोगिता तथा अन्तर्राष्ट्रिय सहभागिताका लागि ३० हजार खेलाडीहरूको सहभागिता रहेको

५. ICC Men's T20 World Cup Asia -EAP Qualifier, ICC CWC League II Nepal, Oman & UAE, साफ वुमेन्स क्लब च्याम्पियनसिप फुटबल, CAVA Women's National League सहित स्क्वास, कुस्ती, साभात, आइटिएफ, ट्रायल रन, म्याराथन, कराँते, सोतोकान कराँते, तेक्वान्दोलगायत विभिन्न खेलका १५ प्रतियोगिता आयोजना गरिएको

६. विभिन्न खेलका अफिसियल र आमन्त्रित गरी जम्मा १९२ अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा सहभागिता जनाइएको ।विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा ५१ स्वर्ण, २२ रजत र १९ कास्य पदकहरू प्राप्त भएका।

७. १६औं राष्टपति रनिङ्ग शिल्ड प्रतियोगिताअन्तर्गत स्थानीय, जिल्ला र प्रदेश स्तरका प्रतियोगिताहरू स्थानीय तह र प्रदेश खेलकुद परिषद/बोर्डबाट सम्पन्न गरी मिति २०८३ जेठ २० देखि २२ गतेसम्म काठमाडौंमा केन्द्र स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सम्पन्न गरिएको प्रतियोगितामा एथलेटिक्स, भलिबल, कबड्डी, कराँते, तेक्वान्दो र उसु ६ खेलमा सात प्रदेशबाट जम्मा ६८६ खेलाडीको सहभागिता रहेको

### १.९.१७ नेपाल स्काउट्स

**स्काउट्सबाट सम्पादित कार्यहरू**

१. नेपाल स्काउटद्वारा ६९६ जनालाई स्काउट तालिम प्रदान गरिएको
२. ७० जनालाई स्काउट विपद् व्यवस्थापन तालिम प्रदान गरिएको
३. मेला व्यवस्थापन, स्वास्थ्य सचेतना, वृक्षरोपण, विशिष्ट दिवस तथा सामाजिक साँस्कृतिक अवसरहरूमा जम्मा २३१७५ जना स्वयम्सेवक परिचालन गरिएको

## १.१० माइलस्टोनको प्रगति

आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत कार्ययोजनाअनुसारका जम्मा ७२ ओटा माइलस्टोनहरूमध्ये चैत्र मसान्तसम्ममा विज्ञान तथा प्रविधिसमेतका गरी ५७ ओटा रहेकामा मन्त्रालय गाभ्ने र छुट्टिने प्रक्रियापछि खेलकुद तथा स्काउट्सतर्फका गरी असार मसान्तभित्रमा जम्मा ७२ ओटा माइलस्टोनहरू कायम भएकामा ४३ सम्पन्न २७ चालु अवस्थामा र २ ओटा सुरु नै हुन नसकेको अवस्था छ । माइलस्टोनको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | निकायको नाम | जम्मा माइलस्टोन सङ्ख्या | सम्पन्न भएको सङ्ख्या | चालु अवस्थामा रहेको सङ्ख्या | सुरु नभएको सङ्ख्या | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | शिक्षा तथा खेलकुद मन्त्रालय | ११ | ६ | ५ | ० | ५४.५५ |
| २ | शिक्षा विभाग | १४ | ९ | ५ | ० | ६४.२९ |
| ३ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | ११ | ५ | ६ | ० | ४५.४५ |
| ४ | केन्द्रीय आयोजना कार्यान्वयन एकाइ | २ | ० | २ | ० | ० |
| ५ | पाठ्यक्रम विकास केन्द्र | ३ | ३ | ० | ० | १०० |
| ६ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | ५ | ५ | ० | ० | १०० |
| ७ | चिकित्सा शिक्षा आयोग | ३ | ३ | ० | ० | १०० |
| ८ | विश्वविद्यालय अनुदान आयोग | ८ | ६ | २ | ० | ७५ |
| ९ | राष्ट्रिय खेलकुद परिषद् | ९ | २ | ५ | २ | २२.२२ |
| १० | नेपाल स्काउट | २ | ० | २ | ० | ० |
| ११ | राष्ट्रिय परीक्षा बोर्ड | ४ | ४ | ० | ० | १०० |
| | **जम्मा** | ७२ | ४३ | २७ | २ | ५९.७२ |

## १.११ सूचकगत प्रगति

शिक्षा तथा खेलकुद मन्त्रालयको मुख्य सूचकमा आधारित विगत ५ वर्षको सङ्ख्यात्मक प्रगति तलको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | सूचकहरू | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|---|
| आधारभूत शिक्षा प्रारम्भिक बालविकास/पूर्वप्राथमिक शिक्षा समेत | | | | | | |
| १ | पूर्व प्राथमिक कक्षा कुल भर्ना दर | ८४.७ | ८६.२ | ९९.९ | १०८.२ | ८४.७ |
| २ | पूर्व प्राथमिक शिक्षामा अनुभवसहितको कक्षा १ मा भर्ना प्रतिशत | ६६.९ | ६८.६ | ७६.९ | ७६.३ | ७७.५ |
| ३ | कक्षा १ मा कुल प्रवेश दर | १२३.९ | १२१.९ | ११५.९ | NA | १२९.२ |
| ४ | कक्षा १ मा खुद प्रवेश दर | ९६.३ | ९६.९ | ९५.७ | ९४.१ | ९७.५ |
| ५ | कुल भर्ना दर (कक्षा १-५) | ११८.८ | ११९.२ | १२४.८ | १२४.८ | १३३.८२ |
| ६ | खुद भर्ना दर (कक्षा १-५) | ९६.५ | ९७.१ | ९५.६ | ९७.१ | ९७.९० |
| ७ | कुल भर्ना दर (कक्षा १-८) | १०९.३ | ११०.४ | १२०.४ | १२४.८ | १३६.१९ |
| ८ | खुद भर्ना दर (कक्षा १-८) | ९२.७ | ९३.४ | ९५.१ | ९४.१ | ९७.७७ |
| ९ | कक्षा १-८ को खुद भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९८ | ०.९८ | ०.९९ | १.०० | ०.९८ |
| १० | कक्षा ८ को टिकाउ दर | ७७.९ | ७९.३ | ८६.२ | ८६.५ | ८६.५ |
| ११ | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | ७१.३ | ७२.७ | ८०.३ | ८२.४ | ८२.४ |
| १२ | ५-१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ७.३ | ६.७ | ४.९ | ४.९ | ४.९ |
| १३ | कक्षा ३ मा विद्यार्थीको पठन सक्षमता प्रतिशत | - | १४.६ | परीक्षण भएको | प्रतिवेदन विकास पठन प्रवाह (ORF ) २४.५% Comprehension ५१.५ % | ३/३ वर्षमा परीक्षण हुने |
| माध्यमिक शिक्षा (कक्षा ९–१२) | | | | | | |
| १४ | खुद भर्ना दर (कक्षा ९-१०) | ६६.२ | ७१.४ | ७६.५ | ७६.५ | ८८.०८ |
| १६ | खुद भर्ना दर (कक्षा ९-१२) | ४६.४ | ४७.६ | ५७.९ | ५५.८ | ७५.९१ |
| १७ | कक्षा १० सम्मको टिकाउ दर | ५८.५ | ६०.३ | ६९.९ | ६६.९ | ७४.६० |
| १८ | कक्षा १२ सम्मको टिकाउ दर | २२.२ | २४.० | ३७.२ | ४०.६ | ४०.६० |

| क्र.सं. | सूचकहरू | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|---|---|---|
| १९ | कक्षा ९-१२ मा लैङ्गिक समता सूचकाङ्क | ०.९८ | ०.९९ | ०.९३ | १.०० | १.०० |
| साक्षरता दर | | | | | | |
| २० | साक्षरता दर ६+ वर्ष | ७८.० | ७८.० | NA | ७६.३ | ७६.३ |
| २१ | साक्षरता दर १५-२४ वर्ष | ८८.६ | ८८.६ | NA | ९४.२ | ९४.२ |
| २२ | साक्षरता दर १५+ वर्ष | ५७.० | ५८.० | NA | ७२.५ | ७२.५ |
| शिक्षक व्यवस्थापन | | | | | | |
| २३ | आधारभूत तह ( कक्षा १-५) मा महिला शिक्षक प्रतिशत | ४३.१ | ४३.७ | ५४.१ | ४८.९ | ४५ |
| २४ | माध्यमिक तहमा महिला शिक्षक प्रतिशत | १७.४ | १९.८ | १९.० | १८.१ | १९ |

**सोह्रौं योजनासँग शिक्षा तथा खेलकुद मन्त्रालयको वार्षिक प्रगतिका सूचकहरूको तुलनात्मक अवस्था**

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८२/८३ को प्रगति |
|---|---|---|---|---|---|
| क | शिक्षा तथा सिप विकासतर्फ | | | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिका | प्रतिशत | ७६.९ | १०० | ७७.५ |
| २ | आधारभूत तह कक्षा १-८ पूरा गर्ने दर (उपयुक्त उमेर समूहको तुलनामा) | प्रतिशत | ७७.१ | १०० | ९७.५ |
| ३ | माध्यमिक तहको कक्षा १२ सम्म पुग्ने दर (उपयुक्त उमेर समूहको तुलनामा) | प्रतिशत | ३५.६ | ५५ | ५१.५ |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८२/८३ को प्रगति |
|---|---|---|---|---|---|
| ४ | उच्च शिक्षाको प्राविधिक विषयमा अध्ययन गर्ने विद्यार्थीको हिस्सा | प्रतिशत | २०.७ | ३० | २० |
| ५ | उच्च शिक्षामा कुल विद्यार्थी भर्नादर | प्रतिशत | १७.७७ | २४.३१ | २६ |
| ६ | ५ वर्ष र सोभन्दा माथिको साक्षरता दर | प्रतिशत | ७६.२ | ९५ | ७६.२ |
| ७ | शिक्षण सिकाइमा इन्टरनेटको पहुँच भएका शैक्षिक संस्था | प्रतिशत | ३५.५ | १०० | ६९.७ |
| ८ | कक्षा ८ मा न्यूनतम सिकाइ क्षमता हासिल गर्ने विद्यार्थी | | | | |
| | नेपाली | प्रतिशत | ५९ | ७० | ५८.८ |
| | अङ्ग्रेजी | प्रतिशत | ५२ | ५८ | ५१.५ |
| | गणित | प्रतिशत | ३२ | ५५ | ३२.१ |
| | विज्ञान | प्रतिशत | ३८ | ६० | ३७.७ |
| ९ | वार्षिक सिप परीक्षण तथा प्रमाणीकरण | सङ्ख्या (हजारमा) | ६० | १०० | ५४३.६ |
| **ख** | **खेलकुदतर्फ** | | | | |
| १० | सबै प्रदेशमा अन्तर्राष्ट्रिय स्तरको सुविधा सम्पन्न रङ्गशाला निर्माण | सङ्ख्या | १ | ७ | १ |
| ११ | अन्तर्राष्ट्रिय स्तरको सुविधा सम्पन्न क्रिकेट रङ्गशाला निर्माण | सङ्ख्या | ० | ७ | १ |
| १२ | सबै स्थानीय तहमा सेमी कभर्डहलसहित खेलमैदान निर्माण | सङ्ख्या | - | ७५३ | १९ |
| १३ | खेलाडीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको प्रशिक्षण | सङ्ख्या | १० | १० | ११ |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को अवस्था | आ.व. २०८५/८६ को लक्ष्य | आ.व. २०८२/८३ को प्रगति |
|---|---|---|---|---|---|
| १४ | खेलकुदको राष्ट्रिय स्तरको प्रतियोगिता आयोजना (वार्षिक) | सङ्ख्या | ८० | ८० | ११९ |
| १५ | खेलाडी तथा प्रशिक्षकको जीवन बिमा र स्वास्थ्य बिमा (वार्षिक) | लाख | ० | १० | प्रतियोगिता हुँदा बिमा गरिएको |
| १६ | खेलाडी छात्रवृत्ति प्रदान (वार्षिक) | जना | ० | १००० | ० |

## १.१२ बेरुजुसम्बन्धी विवरण

| प्रकार | आ.व.०८०/८१ | | | आ.व.०८१/८२ | कैफियत |
|---|---|---|---|---|---|
| | फछ्र्यौट गर्नुपर्ने बेरुजु रकम (रु. हजारमा) | असार मसान्तसम्म फछ्र्यौट भएको बेरुजु रकम (रु. हजारमा) | फछ्र्यौट प्रतिशत | फछ्र्यौट गर्नुपर्ने बेरुजु रकम (रु. हजारमा ) | |
| विनियोजनतर्फ | १८५०९२१२ | १७१२१६४ | ९.२५ | १६७९७०४७ | - |
| कोषतर्फ | २०२१४९९७ | ६८२३५५१ | ३३.७५ | १३३९१४७६ | - |

## १.१३ गुनासो तथा उजुरी व्यवस्थापन

| क्र.सं. | (क) आ.व. २०८२/८३ मा हेलो सरकारमार्फत प्राप्त गुनासाहरू | सङ्ख्या |
|---|---|---|
| १ | हालसम्म प्राप्त जम्मा गुनासो सङ्ख्या | ११६६ |
| २ | गुनासो फछ्र्यौट भएको सङ्ख्या | ११४१ |
| ३ | गुनासो फछ्र्यौट प्रतिशत | ९७.८६ |
| ४ | समाधान भएको | ११४१ |
| ५ | अनुसन्धानको क्रममा रहेका | २५ |
| (ख) अख्तियारबाट प्राप्त उजुरी फर्छ्यौटसम्बन्धी विवरण | | |
| १ | प्राप्त उजुरी सङ्ख्या | २८८ |
| २ | रायसहितको प्रतिवेदन अख्तियार दुरुपयोग अनुसन्धान आयोग पठाइएको | ५७ |
| ३ | कारबाहीका लागि पठाइएको | १९३ |
| ४ | कारबाही हुन बाँकी | ३८ |

## १.१४ राष्ट्रिय गौरवका आयोजना प्रगति

**(आयोजना सुरु भएदेखि आ.व.२०८२/०८३ सम्म)**

| क्र.स. | राष्ट्रिय गौरवका आयोजनाको नाम | आयोजना सुरु आ.व. | आयोजना सम्पन्न हुने आ.व. | आयोजनाको लागत अनुमान (रु करोडमा) | | आयोजना सुरु भएदेखि आ.व. २०८१/८२ सम्मको समष्टिगत प्रगति | | | आ.व.२०८२/८३ को वार्षिक प्रगति | | | | आयोजना सुरु भएदेखि आ.व. २०८२/८३ सम्मको समष्टिगत प्रगति | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सुरु लागत अनुमान | संशोधित लागत अनुमान | कुल खर्च (रु करोडमा) | समष्टिगत वित्तीय प्रगति (प्रतिशतमा) | समष्टिगत भौतिक प्रगति (प्रतिशतमा) | वार्षिक विनियोजन (रु करोडमा) | वार्षिक बजेट खर्च (रु करोडमा) | आ.व. २०८२/८३ मा थप वित्तीय प्रगति प्रतिशतमा (समष्टिगत लक्ष्यको तुलनामा) | आ.व. २०८२/८३ मा थप भौतिक प्रगति प्रतिशतमा (समष्टिगत लक्ष्यको तुलनामा) | कुल खर्च (रु करोडमा) | समष्टिगत वित्तीय प्रगति (प्रतिशतमा) | समष्टिगत भौतिक प्रगति (प्रतिशतमा) | |
| १ | मूलपानी क्रिकेट एकेडेमी, मूलपानी, कागेश्वरी मनोहरा न.पा. काठमाडौँ | २०८०/८१ | २०८४।८५ | रू. ७ ४९.२४५६४६९ ( भ्याट, कन्टेन्जेन्सी, डिजाइन सुपरभिजन र पि.एस.सहित) | ७४९.२४ | १९.२३ | ४.५८% | ७.००% | २० | ० | ० | ० | ३७.२२ | ४.५८% | ७.००% | |
| २ | गिरीजाप्रसाद कोइराला क्रिकेट रङ्गशाला, कोशी प्रदेशको बैजनाथपुर, विराटनगर | २०८०/०८१ | २०८४।८५ | रू ३६४. ६३५०५ १८ ( भ्याट, कन्टेन्जेन्सी, डिजाइन सुपरभिजन र पि.एस. सहित) | ३६४.६३ | | | | १६ | ० | ० | ० | | ०.२१ | ०.१ | |

१. मूलपानी क्रिकेट एकेडेमीका सन्दर्भमा अर्थ मन्त्रालय बाट आ.व. २०८२।८३ को बजेट रोक्का तथा बहुवर्षीय आयोजनाको स्रोत सहमति मापदण्ड, २०८२ संशोधन भएको बहुवर्षीय ठेक्का आह्वान स्वीकृति प्राप्ति नभएकाले आ.व. २०८२।८३ मा विनियोजित २० करोड बजेटको ठेक्का आह्वान हुन नसकेको । स्रोत सुनिश्चिततासहित बहुवर्षीय ठेक्का आह्वानपश्चात् ३ वर्षभित्र सम्पन्न हुने । पर्याप्त बजेट बिनियोजन भएपश्चात् निर्धारण गर्न सकिनेछ ।

२. गिरीजाप्रसाद कोइराला क्रिकेट रङ्गशालाका सन्दर्भमा अर्थ मन्त्रालय बाट आ.व. २०८२।८३ को बजेट रोक्का तथा बहुवर्षीय आयोजनाको स्रोत सहमति मापदण्ड, २०८२ संशोधन भएको बहुवर्षीय ठेक्का आह्वान स्वीकृति प्राप्ति नभएकाले आ.व. २०८२।८३ मा विनियोजित १६ करोड बजेटको ठेक्का आह्वान हुन नसकेको । स्रोत सुनिश्चिततासहित बहुवर्षीय ठेक्का आह्वानपश्चात् २.५ वर्षभित्र सम्पन्न हुने । पर्याप्त बजेट विनियोजन भएपश्चात् निर्धारण गर्न सकिनेछ ।

## १.१५ आयोजना तथा कार्यक्रमका समस्या तथा समाधानका लागि गरिएका प्रयास

### १.१५.१ साझा समस्याहरू

१. समयमा तोकिएका माइलस्टोनहरूको काम सम्पन्न हुन नसक्नु
२. वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरूको कार्यान्वयन र समयमै प्रगति प्रतिवेदन प्राप्त नहुनु
३. राष्ट्रिय शैक्षिक सुधार कार्यक्रमअन्तर्गतका कार्यक्रमहरू समयमा नै सम्पन्न हुन नसक्नु
४. पुँजीगत खर्च लक्ष्यअनुसार नहुनु
५. भौतिक प्रगति भएका कार्यक्रममा अपेक्षित स्तरमा वित्तीय प्रगति हुन नसक्नु
६. प्रतिवेदन गर्ने कार्यमा सुधार आए पनि अझै स्वतस्फूर्त रूपमा समयमै प्रतिवेदन हुन नसक्नु
७. विद्यालयका पूर्वाधार निर्माणका लागि संरचनात्मक तयारी (जग्गा प्राप्ति, समिति गठन, कानुनी आधार निर्माण) सम्बन्धी कार्यहरू समयमा सम्पन्न नहुनु

### १.१५.२ राष्ट्रिय गौरवका आयोजनाका समस्याहरू

१. स्वीकृत डिपिआर अनुरूप न्यून बजेट विनियोजन हुनु
२. बहुवर्षीय ठेक्का आहवान गर्न स्रोत सुनिश्चितता प्राप्त नहुनु
३. मूलपानी रङ्गशालाको बिचमा बाटो, खानेपानीका पाइपलाइन र सुकुम्बासीहरूको अतिक्रमण व्यवस्थापन हुन नसक्नु

### १.१५.३ समस्या समाधानका लागि गरिएका कार्यहरू/प्रयासहरू

१. उच्च व्यवस्थापन समूह बैठक (SMT Meeting) मा छलफल र समीक्षा गर्ने गरिएको
२. मन्त्रालय स्तरीय विकास समस्या समाधान समिति (MDAC) को बैठकमा छलफल एवम् समीक्षा गर्ने गरिएको
३. बजेट तथा कार्यक्रम विनियोजन र प्रगति विवरणसम्बन्धी सफ्टवेयर विकास गरी कार्यान्वयनमा ल्याइएको
४. समस्या समाधानका लागि समन्वयात्मक कार्य गर्ने गरिएको
५. निकायहरूलाई प्रभावकारी कार्यान्वयनको लागि निर्देशन एवम् सहजीकरण गरिएको
६. मन्त्रालय स्तरबाट समाधानमा कठिनाई हुने विषयलाई राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) को बैठकमा पेस गर्ने गरिएको
७. बैठकका निर्णयहरूलाई जानकारी तथा आवश्यक कार्यान्वयनका लागि सम्बद्ध तथा मातहतका निकायहरूमा पठाइएको
८. निरन्तर प्रतिवेदन गर्ने, फलोअप गर्ने तथा पृष्ठपोषण लिने दिने कार्य गरिएको